नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

कान्तिपुर

वर्ष ३४ अंक १६ काठमाडौं | २२ फागुन २०८२ शुक्रबार चैत्र कृष्णपक्ष तृतीया | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, March 6, 2026 | पृष्ठ १०+२ | १० रुपैयाँ

प्रकाशकीय

देश अभूतपूर्व अनिश्चयको भुमरीमा परेका बेला २७ भदौमा कार्यकारी प्रमुखको जिम्मेवारी स्विकार्ने सुशीला कार्कीको निर्णय आफैंमा चुनौतीपूर्ण थियो । उनले लिएको जिम्मेवारी कुनै नियमित शासनको निरन्तरता थिएन । उनलाई सत्ता हस्तान्तरण गर्ने पूर्ववर्ती नेतृत्व थिएन, काँध थाप्ने राजनीतिक संगठन थिएन, आम नागरिक पनि विश्वस्त थिएनन् किनकि स्वयं राज्य संयन्त्र नै भयभीत थियो । कार्कीसँग केवल देशलाई संकटबाट पार लगाउने भीमकाय चुनौती थियो । शपथकै दिन घोषणा भएको मितिमा निर्वाचन सम्पन्न गरेर उनले शान्तिपूर्ण संक्रमणको राजमार्ग तयार पारेकी छन् । यसले हक्की पूर्वप्रधानन्यायाधीशका रूपमा उनको पूर्ववत् छविसँगै कुशल प्रधानमन्त्रीको व्यक्तित्व पनि थपिएको छ ।

त्यो कहालीलाग्दो परिस्थितिमा पनि संविधानको अधिकतम सुरक्षा गर्दै राजनीतिक निकास दिने राष्ट्रपति रामचन्द्र पौडेलको सुझबुझ नै आजको सफलताको प्रस्थानविन्दु थियो । त्यही मार्गमा प्रधानमन्त्री कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालसहितको टिमको प्रतिबद्धताले बिहीबार निर्वाचन सम्पन्न मात्र भएको छैन, तुलनात्मक रूपमा शान्तिपूर्ण पनि भएको छ । यसका लागि निर्वाचन आयोगको भूमिकालाई मुक्तकण्ठले प्रशंसा गर्नुपर्छ । निर्वाचन आयोगमा पूरै पदाधिकारी नभएको अवस्थामा पनि कामु प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीको नेतृत्वले दलहरूलाई विश्वासमा लिन, समयमा नीति निर्माण गर्न, जनशक्ति परिचालन गर्न जुन कुशलता देखाएको छ, त्यसैको परिणाम यो निर्वाचन धेरैले सोचेभन्दा पनि शान्तिपूर्ण भएको छ ।

कान्तिपुर मिडिया ग्रुप २०४६ को प्रजातान्त्रिक परिवर्तनपछिका हरेक राजनीतिक आरोह/अवरोहको साक्षी हो । हरेक आन्दोलन र विद्रोहबाट देशले उपलब्धि प्राप्त गरेको छ र कतिपय अवस्थामा हाम्रो समाज, अर्थतन्त्र र सञ्चार क्षेत्रले क्षति पनि भोगेको छ । उही राजनीतिक नेतृत्व र उस्तै राजनीतिक शैलीबाट निराश जेन-जी पुस्ताले २३ भदौमा गरेको आन्दोलनमा तत्कालीन सरकारले गरेको दमनले नेपाली समाजलाई आहत बनाएको छ । तर आन्दोलनको आवरणमा भएको घुसपैठ र अर्को दिन भएको विध्वंसले पनि नेपाललाई अपूरणीय क्षति पुऱ्याएको छ । अघिल्लो दिन भएको २२ निहत्था युवाको हत्या बर्बरताको पराकाष्ठा हो र अर्को दिन संसद् भवन, राष्ट्रपति निवास, सर्वोच्च अदालत, सिंहदरबार, स्वास्थ्य मन्त्रालय, सञ्चार प्रतिष्ठान र निजी उद्योग तथा सम्पत्तिहरूमा भएको लुटपाट र आगजनी पनि दण्डनीय अपराध हो । देशमा भएका बेथितिलाई उजागर गर्दै आएको कान्तिपुर मिडिया ग्रुपका कार्यालयहरू तथा प्रकाशकका निजी निवासमा मच्चाइएको उत्पात कुनै आकस्मिक परिघटना थिएन । तर त्यसको लेखाजोखा गर्ने जिम्मेवारी राज्य संयन्त्रलाई सुम्पिएर कान्तिपुर मिडिया ग्रुप आफ्नो पेसागत जिम्मेवारीमा डटिरहेको छ । त्यसैले यो प्रतिकूल पृष्ठभूमिमा पनि निर्वाचन सम्पन्न भएकामा कान्तिपुर परिवार उत्साहित र भविष्यप्रति आशावादी छ ।

बिहीबार साँझ निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्यांकअनुसार ५८ प्रतिशत मतदान भएको छ । निर्वाचनमा भाग लिन पाएका र नपाएका सारा नेपालीको समग्र कामना शान्ति, सुशासन र समृद्धि नै हो । यो निर्वाचनले नयाँ संसद् र नयाँ सरकार मात्र बनाउँदै छैन, बरु भदौ अन्तिम साता विकसित भएका घटनाक्रमसँगै निर्माण भएको कानुनी, संवैधानिक तथा राजनीतिक अन्योललाई सम्हाल्ने र संस्थागत गर्ने जनादेश पनि प्राप्त भएको छ । त्यति मात्र होइन, राजनीतिक स्थिरता, सुशासन, पारदर्शिता, जवाफदेहिता, सार्वजनिक सेवा प्रवाहमा सुधार, लगानी वृद्धि र सुरक्षा, रोजगारी सिर्जना र समग्र अर्थतन्त्रमा सुधार गर्नुपर्ने दायित्व पनि छ । हरेक आन्दोलन, विद्रोह र परिवर्तनपछिको निश्चित अवधिमै आमसमुदाय निराश हुने गरेको विगत छ । त्यसैले आगामी राजनीतिक नेतृत्वको शासन शैलीप्रति निरन्तर प्रश्न र आलोचना गर्दै एउटा जिम्मेवार सञ्चारगृहको भूमिका कान्तिपुरले पूरा गरिरहनेछ । सबैलाई शुभकामना ।

कैलाश सिरोहिया
अध्यक्ष

कान्तिपुर मिडिया ग्रुप

नयाँ यात्रामा नेपाल

● राजनीतिक अस्थिरता र भ्रष्टाचारविरुद्ध जेन-जी पुस्ताले गरेको विद्रोहको एजेन्डालाई संस्थागत गर्न नयाँ संसद् र सरकार छान्न देशले गऱ्यो मतदान ● मतपेटिका संकलन, मतगणना सुरु

भक्तपुर बहुमुखी क्याम्पस दूधपाटी केन्द्रमा मतदान गरेको संकेत देखाउँदै । तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

दुर्गा दुलाल र जयसिंह महरा (काठमाडौं)

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत बिहीबार मुलुकभर शान्तिपूर्ण रूपमा मतदान भएको छ । केही ठाउँमा छिटपुट विवाद भए पनि मतदानै रोकिने गरी कुनै घटना भएन । निर्वाचन आयोगको प्रारम्भिक विवरणअनुसार ५८.०७ प्रतिशत मतदाताले निर्वाचनमा भाग लिएका छन् ।

निर्वाचन आयोगको प्रारम्भिक विवरण अनुसार १ करोड ८९ लाख ३ हजार ६ सय ८९ मतदातामध्ये १ करोड ९ लाख ७७ हजार ७ सय ११ जनाले मतदान गरेका छन् । कोशी प्रदेशमा ५८.६२, मधेशमा ५८.३९, बागमतीमा ६०.९३, गण्डकीमा ५४.९२ प्रतिशत मत खसेको छ । यस्तै, लुम्बिनीमा ५९.९१, कर्णालीमा ५५.६६ र सुदूरपश्चिममा ५१.४० प्रतिशत मतदान भएको छ ।

> यस पटक स्वच्छ मतदान भएकाले प्रतिशत कम देखिएको हो, पहिला बुथ क्याप्चर गरिन्थ्यो, मरेका तथा विदेशमा रहेका मान्छेका नाममा पनि भोट हालिन्थ्यो, अहिले त्यस्ता गतिविधि रोक्यौं
>
> ● **ओमप्रकाश अर्याल**
> गृहमन्त्री

सबैभन्दा कम मतदान अछाममा ३९.३९ प्रतिशत भएको छ । धनुषामा ४०.४१, डोटीमा ४०.८८ र खोटाङमा ४२.८५ प्रतिशतले मतदान गरेका छन् । सबैभन्दा बढी मतदान भक्तपुरमा ७१.४६ प्रतिशत भएको छ । बढी मतदान हुने अन्य जिल्लामा पर्सा (६८.४३ प्रतिशत), ललितपुर (६८.२२ प्रतिशत), नवलपरासी सुस्ता पश्चिम (६७.८० प्रतिशत), काठमाडौं (६७.०१ प्रतिशत) र डोल्पा (६६.१७ प्रतिशत) छन् । दार्चुला र दाङका २-२ र दोलखा र ओखलढुंगाका १-१ मतदान केन्द्रमा मतदाताले निर्वाचन बहिष्कार गरेका छन् ।

यसपालि निर्वाचन शान्तिपूर्ण रूपमा भए पनि २०४८ यताका निर्वाचनको तुलनामा कम खसेको छ । २०४८ मा ६५.१५ प्रतिशत, २०५१ मा ६१.८६ प्रतिशत, २०५६ मा ६५.७९ प्रतिशत मत खसेको थियो । **बाँकी पृष्ठ ८**

अन्तर्वार्ता

यथाशीघ्र सत्ता हस्तान्तरण गर्न चाहन्छु : प्रधानमन्त्री

सुशीला कार्की
प्रधानमन्त्री

तपाईंले सरकारको नेतृत्व सम्हालेर चुनावको घोषणा गर्दा तोकिएकै मितिमा चुनाव हुन्छ भन्नेमा संशय थियो । तर, कसरी सम्भव भयो ?

हामीलाई काम गर्न सक्छौं भन्ने आत्मविश्वास थियो । त्यसैले चुनौती भए पनि आफ्नो जिम्मेवारी अनुरूपको काम गर्दै गयौं । हामीमाथि विभिन्न प्रकारले आक्रमण नभएको होइन । बाधा-अवरोध नआएको होइन । तर त्यसबाट विचलित भएनौं । निःस्वार्थ र निष्ठापूर्वक काम गरे फत्ते हुन्छ भन्ने विश्वास थियो । त्यही भएर जति अवरोध भए पनि हामीले बाटो छाडेनौं ।

तोकिएकै मितिमा चुनाव सम्पन्न हुनुमा क-कसको भूमिका सबैभन्दा महत्त्वपूर्ण ठान्नुहुन्छ ?

ठूलो रक्तपातको पृष्ठभूमिमा जेन-जीहरूको मागबमोजिम यो सरकार बन्यो । सुरुमा सबै पक्षसँग संवाद गर्ने अवस्था पनि थिएन । तर, बिस्तारै सबै पक्षलाई विश्वासमा लिँदै संवाद र सौहार्दता बढाउँदै गयौं । सबै पक्ष एक ठाउँमा आउनुको विकल्प पनि थिएन । त्यो अवस्थामा लोकतान्त्रिक निकासको माध्यम चुनाव नै हो भन्ने पछि सबैलाई बोध भयो ।

प्राप्त जिम्मेवारी पूरा गर्न सकेकामा व्यक्तिगत रूपमा म खुसी छु । तर म एक्लैले यो सम्भव भएको होइन । सिंगो मन्त्रिपरिषद्को मिहिनेत छ । निर्वाचन आयोग, सुरक्षा निकाय, कर्मचारी, राजनीतिक दल, उम्मेदवार सबैको भूमिका उत्तिकै महत्त्वपूर्ण छ । खासगरी हाम्रो आह्वान स्वीकार गरेर निर्वाचनमा सहभागी हुने नेपाली जनताले नै यसलाई सफल बनाउनुभएको हो । त्यसैले उहाँहरू सबैलाई धन्यवाद छ ।

त्यस्तै सहिद परिवार र घाइते योद्धाहरूको उच्च संयम र समझदारीका कारण पनि चुनाव समयमै सम्पन्न हुन सम्भव भएको हो । यो भनेको लोकतन्त्र, स्थायित्व, शान्ति र देशको भविष्यप्रति उहाँहरूको चिन्ता र समर्पण पनि हो । उहाँहरू सबैलाई कोटीकोटी नमन । **बाँकी पृष्ठ ८**

शताब्दी नाघेकाले गरे मतदान

जेन-जी पुस्ताले गरेको विद्रोहको पृष्ठभूमिमा बिहीबार सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा अछामकी १०७ वर्षीया कमलादेवी शाही घरदेखि झन्डै दुई किमि टाढाको केन्द्रमा म्यानामा बसेर मतदान गर्न पुगिन् भने रामेछापकी १०६ वर्षीया मानकुमारी पाण्डे र कञ्चनपुरका १०६ वर्षीय गंगादत्त भट्टले पनि मत दिएका थिए

अछामकी १०७ वर्षीया कमलादेवी शाही ।

रामेछापकी १०६ वर्षीया मानकुमारी पाण्डे ।

कञ्चनपुरका १०६ वर्षीय गंगादत्त भट्ट ।

नवराज श्रेष्ठ (रामेछाप)
अर्जुन शाह (धनगढी)

बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा अछामकी १०७ वर्षीया कमलादेवी शाहीले मतदान गरेकी छन् । शाहीले अछामकै बान्निगढी जयगढ गाउँपालिका-६ दर्नास्थित ऐश्वर्य माविमा पुगेर मतदान गरेकी हुन् । सहयोगीको सहारामा घरदेखि झन्डै दुई किलोमिटर टाढा रहेको केन्द्रमा पुगेर उनी मतदानमा सहभागी भएकी हुन् । घरदेखि मतदानस्थलसम्म उनका चार नाति हिक्मत, सागर, शेरबहादुर र नृप शाहले म्यानामा बोकेर मतदानस्थल पुऱ्याएको उनका अर्का नाति मंगल शाहले बताए । पहाडी क्षेत्रमा यातायातका साधन नचल्ने अवस्थामा विवाहमा बेहुली बोक्न म्याना प्रयोग गरिन्छ । कमलादेवीलाई मतदानमा नाति नृपले सहयोग गरेका थिए ।

गाडीमा बस्न नसक्ने भएकाले कमलादेवीलाई म्यानामा बोकेर मतदानस्थल पुऱ्याएको परिवारजनले बताएका छन् । '०७९ को निर्वाचनमा पिठ्युँमा बोकेर मतदानस्थल पुऱ्याएका थियौं, यसबेला पिठ्युँमा पनि बोक्ने अवस्था नभएकाले म्यानामा बोकेर लग्यौं,' मंगल शाहले भने । उनका अनुसार कमलादेवीको परिवार पञ्चायतकालीन समयका निर्वाचनमा पनि बहुदलको पक्षमा खुलेको परिवार हो । निर्दल र बहुदलको पक्षमा भएको जनमत संग्रहमा पनि उनको परिवार बहुदलका पक्षमा खुलेको थियो ।

यसैगरी कञ्चनपुरको भीमदत्त नगरपालिका-१० सिद्धनाथ मावि जिमुवामा कञ्चनपुर भीमदत्त नगरपालिका-१० गड्डाचौकी बस्ने १०६ वर्षीय गंगादत्त भट्टले पनि मतदान गरेका छन् । साथै, रामेछापको मन्थली नगरपालिका-१२ की १०६ वर्षीया मानकुमारी पाण्डेले पनि बिहीबार मन्थली-१२ स्थित गेलुमा रहेको मावि सिक्राल केन्द्रबाट मतदान गरेकी हुन् ।

मतदान अधिकृत डिल्ली अधिकारीका अनुसार पाण्डेलाई आफन्तहरूले मतदानस्थलसम्म ल्याएका थिए । अत्यन्त वृद्ध अवस्थाका कारण उनले आफैं भोट हाल्न नसके पनि आफन्त/सहयोगीमार्फत मतदान गरेकी हुन् । '१०६ वर्षको उमेरमा मतदान गर्नु सामान्य कुरा होइन । आमा आफैंले भोट हाल्न सक्नुभएन, उहाँले आफन्तको सहयोगमा मतदान गर्नुभयो,' मतदान अधिकृत अधिकारीले भने ।

पाण्डेको नागरिकताको प्रमाणपत्रमा ५ साउन १९७६ मा जन्म भएको उल्लेख रहेको उनले बताए । यति वृद्ध अवस्थामा पनि निर्वाचनमा सहभागी भई आफ्नो मत व्यक्त गर्नुपर्छ भन्ने भावना देखाउनु लोकतन्त्रप्रतिको गहिरो विश्वासको उदाहरण भएको अधिकारीले बताए । मतदान अधिकृत अधिकारीका अनुसार मावि सिक्राल मतदान केन्द्रबाट ८९ वर्षका हेमबहादुर पाण्डेले पनि मतदान गरेका छन् ।

अपांगता भएका मतदातालाई मतदानको सास्ती

मतदान केन्द्रसम्म पुग्न कठिनाइ, भौतिक संरचनाको अभाव, मतपत्रको प्रयोगमा समस्या र आवश्यक सहयोगको कमीका कारण अपांगता भएका मतदाताहरूलाई मतदान गर्न कठिनाइ

प्रकृति दाहाल (काठमाडौं)

संविधानले सबै नागरिकलाई मतदानमा सहभागी हुने सुनिश्चित गरे पनि अपांगता भएका व्यक्तिहरूले भने निर्वाचनमा मतदान गर्न विभिन्न अवरोध भोग्ने गरेका छन् । मतदान केन्द्रसम्म पुग्ने कठिनाइ, भौतिक संरचनाको अभाव, मतपत्रको प्रयोगमा समस्या र आवश्यक सहयोगको कमीका कारण हरेकजसो चुनावमा उनीहरूले सास्ती भोग्नुपर्ने अवस्था छ । बिहीबार सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पनि अपांगता भएकाहरूले मतदानका लागि ठूलो सास्ती व्यहोर्नुपऱ्यो । अपांगतामैत्री नभएका कारण कतिपयले त मतदानस्थलसम्म पुगे पनि भौतिक संरचनाका कारण मतदानबाटै वञ्चित हुनुपऱ्यो ।

ओखलढुंगाका ५२ वर्षीय रुद्रबहादुर थापा शारीरिक अपांगता भएका व्यक्ति हुन् । उनी सामान्य रूपमा हिंड्न र उठ्न सक्दैनन् । उनको हिंडाइ बच्चाले बामे सर्दै हिंडेजस्तो छ । दैनिक जीवनका धेरैजसो काममा उनी अरूको सहयोगमा निर्भर छन् । उनका दाजु हर्कबहादुर थापा नै उनका मुख्य सहयोगी हुन् । बिहीबार सम्पन्न निर्वाचनमा मतदान गर्न जाँदा उनले ठूलो सास्ती भोग्नुपरेको अनुभव सुनाए । जिल्लास्थित चिशंखुगढी गाउँपालिका-२ स्थित कालिका माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रसम्म उनलाई दुई जनाको सहयोगमा बोकेर लानुपरेको थियो । उनका दाजु हर्कका अनुसार घरबाट करिब ५० मिटरको दूरीमा रहेको गाडी चढ्ने स्थानसम्म उनलाई बोकेर नै लैजानुपरेको थियो । त्यसपछि मात्र उनी मतदान केन्द्रसम्म पुगे । तर, मतदान केन्द्रभित्र भौतिक संरचना अपांगतामैत्री नभएकाले उनलाई बोकेर नै मतदानस्थलसम्म लैजानुपऱ्यो । 'भोट हाल्ने अधिकार सबैलाई छ भनिन्छ, तर अपांगता भएका व्यक्तिहरूका लागि सहज वातावरण छैन । मतदानस्थलसम्म साँघुरा बाटा र असहज प्रवेशद्वार हुँदा बोकेर बुथसम्म पुऱ्याउन पनि समस्या हुन्छ, उनले भने । यसअघि पनि मतदान गर्दा यस्तै समस्या भोगेको उनले सुनाए । गाडी नपुगेको समयमा डोकोमा बोकेर आफूलाई मतदानस्थलसम्म पुऱ्याइएको उनले बताए ।

राष्ट्रिय अपांगता महासंघ कोशी प्रदेश सचिव गोपालमान थापाको अनुभव पनि रुद्रबहादुरको भन्दा फरक छैन । गोपालमानले पनि चिशंखुगढी गाउँपालिका-२ स्थित कालिका माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रमै मतदान गरे । उनका अनुसार सामान्य अवस्थामा मतदान केन्द्रसम्म पुग्न उनलाई करिब एक घण्टा लाग्छ । निर्वाचनका दिन सवारीसाधन सञ्चालनमा प्रतिबन्ध हुने भएकाले अपांगता भएका व्यक्तिहरूलाई मतदान केन्द्रसम्म ल्याउने र लैजाने व्यवस्था दलीय सहमतिमार्फत गरिएको थियो । त्यसले केही हदसम्म सहज भएको उनले बताए । तर मतदान केन्द्रको भौतिक संरचना भने अझै अपांगतामैत्री नभएको उनको गुनासो छ । कतिपय स्थानमा भऱ्याङ, उचाइ र साँघुरा बाटा भएकाले अपांगता भएका व्यक्तिहरूलाई सहज रूपमा आवतजावत गर्न कठिन हुने उनले बताए । उनले भने, 'मतदान केन्द्रहरू अझै पनि अपांगतामैत्री देखिँदैन, ह्विलचेयर प्रयोग गर्ने साथीहरूका लागि त झन् समस्या हुन्छ,', उनले भने, 'मतपेटिका पनि प्रायः अग्लो स्थानमा राखिने भएकाले होचा कद भएका वा शारीरिक रूपमा कमजोर व्यक्तिहरूलाई समस्या हुने गरेको छ ।' गोपालमानका अनुसार दृष्टिविहीन मतदाताहरूका लागि पनि मतदान प्रक्रिया सहज छैन । मतपत्र ब्रेललिपिमा उपलब्ध नहुँदा दृष्टिविहीन व्यक्तिहरूलाई मतदान गर्दा अरूको सहयोग लिनुपर्ने बाध्यता रहेको उनले बताए । यदि मतपत्र ब्रेललिपिमा वा कुनै इलेक्ट्रोनिक प्रणालीमार्फत उपलब्ध गराइए दृष्टिविहीन मतदाताहरूलाई धेरै सहज हुने उनको धारणा छ ।

भक्तपुर बहुमुखी क्याम्पस दूधपाटी परिसरमा मतदानमा सहभागी लक्ष्मीभक्त कोजु । तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

कञ्चनपुरका दृष्टिविहीन हरि नेपालीले पनि यस पटकको निर्वाचनमा मताधिकार प्रयोग गरेका छन् । उनले कञ्चनपुर क्षेत्र-२ अन्तर्गतको मतदान केन्द्रबाट मतदान गरे । मतदान गर्न उनी छिमेकीको सहयोगमा गाडी चढेर मतदानस्थलसम्म पुगेका थिए । मतदान प्रक्रिया पूरा गर्न भने उनले श्रीमतीको सहयोग लिनुपरेको थियो । हरिका अनुसार उनी हरेक निर्वाचनमा श्रीमतीकै सहयोगमा मतदान गर्दै आएका छन् । दृष्टिविहीन भएकाले आफैंले मतदान गर्न नसक्ने हुँदा विश्वास गर्ने व्यक्तिको सहयोग लिनुपर्ने उनलाई बाध्यता छ । उनले भने, 'आफ्नो भोट आफैं हाल्न पाए हुन्थ्यो नि दृष्टिविहीनका लागि आफ्नै विवेकले भोट हाल्न सक्ने व्यवस्था छैन, आफूले हाल्नु र अरूले हालिदिनुमा धेरै फरक पर्छ नि ।'

मतदान गोप्य हुने व्यवस्था भए पनि दृष्टिविहीन व्यक्तिहरूका लागि त्यो पूर्ण रूपमा लागू हुन नसकेको उनको अनुभव छ । अरू व्यक्तिको सहयोग लिनुपर्दा मत गोप्य रहन्छ कि रहँदैन भन्ने चिन्ता पनि हुने गरेको उनले बताए । हरि प्रविधि प्रयोग गर्न सक्ने व्यक्ति हुन् । उनी मोबाइल फोन चलाउन सक्छन् र सामाजिक सञ्जालसमेत प्रयोग गर्छन् । उनले चुनावी गतिविधि र उम्मेदवारलाई नजिकबाट नियालिरहेका हुन्छन् । मतदान प्रक्रिया भने अझै आफूजस्ता दृष्टिविहीन व्यक्तिहरूका लागि सहज नभएको उनको गुनासो छ । मतपत्र ब्रेललिपिमा नभएको वा दृष्टिविहीनमैत्री प्रविधि उपलब्ध नभएकाले आफूले गोप्य राख्दै मतदान गर्न सक्दैनन् ।

कालीकोटका अर्का शारीरिक अपांगता भएका मनराज कठायतले पनि साथीहरूको सहयोगमा मतदान गरेका छन् । उनी कालीकोट जिल्लाको महाबै गाउँपालिकास्थित श्री कालिका उच्च माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रमा पुगेका थिए । बैसाखी टेकेर हिंड्ने उनी भौगोलिक बनावटका कारण मतदान केन्द्रसम्म पुग्न समय लागेको बताए । पहाडी भूगोल र बाटोको अवस्थाका कारण मतदानस्थलसम्म पुग्न केही कठिनाइ भए पनि साथीहरूको सहयोगले आफूले मतदान गर्न सकेको उनले बताए । कठायतका अनुसार ग्रामीण क्षेत्रमा बस्ने शारीरिक अपांगता भएका व्यक्तिहरूका लागि मतदान केन्द्रसम्म पुग्नु नै सबैभन्दा ठूलो चुनौती हुने गरेको छ । उनले भने, 'बाटो, दूरी र यातायातको सीमितताका कारण मतदान गर्न जाने प्रक्रिया नै धेरैका लागि कठिन हुन्छ । यसका लागि सहजीकरण कहिल्यै पनि हुन सकेको छैन साथीहरूको सहयोग भए मात्रै आफूजस्ता व्यक्तिहरूले मतदान गर्न सक्ने अवस्था छ ।'

राष्ट्रिय जनगणना-२०७८ अनुसार नेपालको कुल जनसंख्याको २.२ प्रतिशत व्यक्तिहरू अपांगता भएका छन् । तीमध्ये ५४.२ प्रतिशत पुरुष र ४५.८ प्रतिशत महिला छन् । जनगणनाले १२ प्रकारका अपांगतालाई समेटेको छ । अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ११ ले अपांगता भएका व्यक्तिलाई निर्वाचनमा उम्मेदवार बन्ने र कसैको सहायता लिएर वा नलिईकन स्वतन्त्रतापूर्वक, भयरहित वातावरणमा मत खसाल्ने तथा राजनीतिक अधिकार उपभोग गर्न पाउने व्यवस्था सुनिश्चित गरेको छ । निर्वाचन आयोगले हरेक निर्वाचनमा मतदान केन्द्रहरूलाई महिला, ज्येष्ठ नागरिक तथा अपांगतामैत्री बनाइएको दाबी गरे पनि व्यवहारमा भने त्यसको पूर्ण कार्यान्वयन हुन नसकेको अपांगता अधिकारकर्मीहरूको भनाइ छ ।

नेपाल अपांग महिला महासंघकी महासचिव देवकुमारी पराजुलीले स्याङ्जा जिल्ला वालिङ नगरपालिका-१२ स्थित जनप्रिय माध्यमिक बिद्यालयबाट मतदान गरिन् । ह्विलचेयर, बैसाखी टेक्न नपर्ने उनका लागि मतदान केन्द्र सहज थियो । उक्त मतदान केन्द्रमा ३ जना अपांगता भएका मतदाता पुगे पनि दुई जना भने आउन नसकेको उनले बताइन् । 'शारीरिक अपांगता भएका व्यक्तिहरूलाई मतदान केन्द्रसम्म ल्याउने अवस्था नभएकाले धेरै अपांगता भएका व्यक्तिहरू मतदानबाट वञ्चित हुनुपर्ने अवस्था छ ।'

पराजुलीका अनुसार निर्वाचन आयोगले अपांगता भएका व्यक्तिहरूलाई सहज रूपमा निर्वाचनमा सहभागी गराउने प्रतिबद्धता जनाए पनि संरचनागत पक्षमा पर्याप्त ध्यान दिन नसकेको बताइन् । उनले भनिन्, 'उपयुक्त भौतिक संरचनाको अभावका कारण धेरै अपांगता भएका व्यक्तिहरू मतदानबाट वञ्चित हुनुपरेको अवस्था छ मतदानस्थलसम्म पुग्न नसक्ने धेरै अपांगता भएका व्यक्तिहरू मतदानबाट वञ्चित छन्, उनीहरूको मतदानको अधिकार प्रयोग गर्न सकिएको छैन ।' उनका अनुसार अपांगतामैत्री संरचना, सहज पहुँच भएका मतदान केन्द्र दृष्टिविहीनमैत्री मतपत्र तथा सहायक प्रविधिको व्यवस्था भए मात्रै अपांगता भएका व्यक्तिहरूको वास्तविक सहभागिता सुनिश्चित नहुने बताइन् ।

साहित्यकार झमकले मतदान गर्न पाइनन्

धनकुटा- साहित्यकार झमक घिमिरेले यस पटक मतदान गर्न पाइनन् । केही वर्षदेखि स्वास्थ्य समस्या जटिल बन्दै गएकाले ४५ वर्षीया उनी चिकित्सकको निगरानीमा धनकुटा-६ कचिंडेस्थित निवासमा आराम गरिरहेकी छन् । घरबाट सवारीसाधनमा १० मिनेटको दूरीमा रहेको रामप्रसाद पोखरेल आँखा अस्पतालस्थित बहुउद्देश्यीय सामुदायिक भवन मतदान केन्द्रमा समेत उनी पुग्न सकिनन् । यसअघिका चुनावमा झमकले देब्रे खुट्टाको औंलाले मतपत्रमा आफैं स्वस्तिक छाप लगाउने गर्थिन् । यस पटकको निर्वाचनमा आमा आशाले मात्र अटोबाट मतदान केन्द्रसम्म पुगेर अपराह्न ३ बजे मतदान गरिन् । उनको साथमा झमकले मतदान गर्न जाने तयारीका साथ सवारीसाधन मगाए पनि सम्भव नभएको बहिनी मौसमीले बताइन् । मदन पुरस्कार प्राप्त पुस्तक 'जीवन काँडा कि फूल' की लेखक झमकका डेढ दर्जन साहित्यिक पुस्तक प्रकाशित छन् ।

वर्गीकृत विज्ञापन

घर जग्गा

ललितपुर एरियामा घरजग्गा खरिदबिक्रिकोलागि 9849188782

कृषि होइन आवशीय घडेरी जग्गा बिक्रि चितवनमा ९८५१०५९१७० थापाजी

घरजग्गा खरिदबिक्री 9846662001 9704011747 9704011748

ठुलो आवासियजग्गा एवं व्यापारिकजग्गा बैंकव्यक्तिगतलाइ(तीनअर्बसम्मको) धितोचाहिएमा ठुलाउद्योगपति व्यापारिहरू तुरुन्तैसम्पर्कमा आउनुहोस् 9802315103

काठमाडौं गोङ्गबु नयाँबसपार्क BGMALLको पछाडी रिङ्गरोडभित्र १००मि.दुरी मित्रनगर गोन्धुलीमार्गमा होटल नेपालताराको अगाडी ०-६-२-१(२०८वर्गमिटर) २० फिटेबाटोमा ६५.३" बाटोपट्टिलम्बाई, ३६.१०"चौडाईभएको ४पाटे हरेक प्रयोजनकालागि उपयुक्तजग्गा बिक्रीमा टुक्राएर सवातिनआना, सवातिनआना पनि दिनमिल्ने Email: dhangurung965@yhoo.com फोन 009779766850029,Visit: ekantiupur.com epaper कान्तिपुर दैनिक

सम्पर्क

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

धितोफुकुवा बैकलोन चाहिएमा 9851065811, 9841007757

सस्तोमा CASHDEPOSIT, धितोफुकुवा, बैकलोन 9851154609

निर्माण सफाई

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सस्तोमा ढल मंगाल जामखोल्ने 9841050858

सेफ्टीट्यांकी सफाई ३५००/- 9841673230, 9851099572

सेफ्टीट्याङ्की सफाई ठुलोगाडीमा मेसिनबाट ९८५१०२४३६४

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

ढल टवाइलेट जामखोल्ने सस्तोमा 9841000096

चाहियो

सेक्युरिटी गार्ड तु.अर्जेन्ट १९,०००-२३,०००।-, ९८२३००५३८४

मासुकाट्न जानेको अनुभवी तिन जना खानेबस्ने सुविधा २५-३५ हजार हातिगौडा ९८५१२४५९३०

लगनखेल म:म: सेन्टरमा कामदारको आवश्यकता तलब १५,०००/- खानेबस्ने ९८०१८४१९२७, ९८०३३२०७५५

बिहावारी

विश्वको जुनसुकै कुनामा भए पनि उपयुक्त बर वा बधुको लागि www.nrnmatch.com 9842981178

निर्वाचन सम्पन्न गरेकामा भारत र अमेरिकाको बधाई

काठमाडौं (कास)- भदौको जेन-जी विद्रोहपछिको म्यान्डेटअनुसार बिहीबार प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गरेकामा भारत र अमेरिकाले नेपाललाई बधाई दिएका छन् । नेपालस्थित अमेरिकी दूतावासले निर्वाचन सम्पन्न गरेकामा नेपाली जनतालाई बधाई दिँदै दुवै देशको समृद्धि र सुरक्षासम्बन्धी साझा लक्ष्यहरूमा सहकार्य गर्न उत्सुक रहेको जनाएको छ ।

'निर्वाचन सम्पन्न भएकामा नेपाली जनतालाई हार्दिक बधाई । आगामी सरकारसँग हाम्रा दुवै देशको समृद्धि र सुरक्षासम्बन्धी साझा लक्ष्यहरूमा सहकार्य गर्न हामी उत्सुक छौं,' नेपालस्थित अमेरिकी दूतावासको फेसबुक एकाउन्टमा लेखिएको छ । भारतको विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले नेपालको निर्वाचनमा उत्साहपूर्ण सहभागिता रहेको बताएका छन् । उनले सफलतापूर्वक निर्वाचन सम्पन्न गरेकामा प्रधानमन्त्री सुशीला कार्कीसहित सरोकारवाला निकायलाई बधाई दिएका छन् ।

निर्वाचन पर्यवेक्षणमा सहभागी 'द एसियन नेटवर्क फर फ्रि इलेक्सन्स' (एएनएफआरईएल) ले शान्तिपूर्ण र व्यवस्थित ढंगले निर्वाचन सम्पन्न भएको जनाएको छ । अधिकांश स्थानमा मतदान निकै प्रभावकारी पाइएको 'एनएफआरईएल' ले जनाएको छ । उसले धेरै मतदान केन्द्रमा अपांगमैत्री पूर्वाधारको अभाव र ज्येष्ठ नागरिकका लागि आवश्यक पहुँचको अभाव देखिएको उल्लेख गर्दै सुरक्षा व्यवस्थामा केही कमजोरी देखिएको निष्कर्ष निकालेको छ ।

यसैबीच अन्तर्राष्ट्रिय मिडियाहरूले निर्वाचनलाई निकै चासो र प्राथमिकताका साथ स्थान दिएको देखिन्छ । एसोसिएट प्रेस (एपी) ले नेपालमा शान्तिपूर्वक निर्वाचन सम्पन्न भएको उल्लेख गर्दै निर्वाचनपछिको सरकारलाई जेन-जी आन्दोलनका माग सम्बोधन गर्नुपर्ने, भ्रष्टाचारसँग जुध्नुपर्ने तथा दुई शक्तिशाली छिमेकी भारत र चीनसँगको सम्बन्धलाई सन्तुलित राख्नुपर्ने चुनौती हुने विश्लेषण गरेको छ ।

बीबीसीले भ्रष्टाचार, आर्थिक कठिनाइ र असमानता यस चुनावको मुख्य मुद्दा बनेको जनाएको छ । गार्डियनले 'पुरानाविरुद्ध शक्तिशाली युवा अभियानको लडाइँमा नेपालीहरूले मत खसाल्दै' शीर्षकमा समाचार छ । रोयटर्सले 'युवा नेतृत्वको प्रदर्शनपछि मतदाताले परिवर्तन खोज्दै' शीर्षकमा समाचार प्रकाशित गरेको छ । ब्लुम्बर्गले पनि 'नेपालका युवा र्‍यापर बालेन शाह पुराना नेतासँग लडाइँमा' शीर्षकमा समाचार छापेको छ । जर्मन सञ्चारमाध्यम डिडब्ल्युले 'साँचो राजनीतिक सुधारको आसमा जेन-जी' शीर्षकमा समाचार छापेको छ । तर यस निर्वाचनमा जेन-जी पुस्ताका उम्मेदवारको संख्या निकै कम रहेको उल्लेख गरेको छ । 'यस उमेर समूहका झन्डै ५ प्रतिशतमात्रै उम्मेदवार निर्वाचनमा छन्,' समाचारमा छ, 'विज्ञहरूले संरचनागत अवरोध, वरिष्ठलाई फाइदा पुग्ने राजनीतिक संस्कार र युवालाई नेतृत्व दिन अनुभवविहीन देख्ने दृष्टिकोणले यस्तो अवस्था सिर्जना गरेको औंल्याएका छन् ।'

आशंकाको कुहिरीमण्डल चिर्दै सफल निर्वाचन

शान्तिपूर्ण रूपमा निर्वाचन सकिएसँगै २७ भदौमा प्रतिनिधिसभा विघटन गरिएपछिको 'संवैधानिक शून्यता' ले वैध निकास पाएको छ

एक किसिमको राज्यविहीनताको अवस्थालाई सम्हाल्दै द्वन्द्व न्यूनीकरण गरी निर्वाचन सम्पन्न गर्ने सफलता मिलेको छ

● **ओमप्रकाश अर्याल**
गृहमन्त्री



आन्दोलनकारी जेन-जी, पुराना दलहरू, राजावादीहरू सबैसँग समन्वय गरेर चुनाव गराउनु सानो कुरा थिएन

● **केदारभक्त माथेमा**
नागरिक अगुवा



जटिलताका बीच सबैलाई मिलाउँदै निर्वाचन सम्पन्न गर्ने सरकार र निर्वाचन आयोगका पदाधिकारी धन्यवादका पात्र हुन्

● **भोजराज पोखरेल**
पूर्वप्रमुख निर्वाचन आयुक्त

समयमा निर्वाचन भयो, देशले जितेको छ, आशावादी छौं, निर्वाचित सरकारले जेन-जी आन्दोलनको माग र मर्मअनुसार काम गर्नेछ

● **रक्षा बम**
जेन-जी अभियन्ता

तुफान न्यौपाने र **सुदीप कैनी** (काठमाडौं)

जेन-जी आन्दोलनपछि उत्पन्न अन्योलपूर्ण वातावरणबीच जिम्मेवारी लिएको पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकारले बिहीबार प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गराएको छ । शान्तिपूर्ण रूपमा निर्वाचन सकिएसँगै २७ भदौमा प्रतिनिधिसभा विघटन गरिएपछिको 'संवैधानिक शून्यता' ले वैध निकास पाएको छ ।

२३ भदौको जेन-जी आन्दोलनको पृष्ठभूमिमा राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक प्रबन्धभन्दा बाहिर गएर पनि 'बडो जुक्तिले' खोजेको निकासस्वरूप कार्की नेतृत्वमा सरकार गठन भएको थियो । यो सरकारले 'बारुदमाथि हिँडेर' सफलता पाएको नागरिक अगुवा शिक्षाविद् केदारभक्त माथेमाले बताए । 'माइनिङमा टेक्नेबित्तिकै विस्फोट हुन सक्थ्यो,' उनले भने, 'त्यसमा नटेकी यहाँसम्म ल्याउनु नै सफलता भयो । आन्दोलनकारी जेन-जी, पुराना दलहरू, राजावादीहरू सबैसँग समन्वय गरेर चुनाव गराउनु सानो कुरा थिएन ।'

कार्की नेतृत्वमा सरकार गठन गर्दा राष्ट्रपति पौडेलले ६ महिनाभित्र निर्वाचन गर्ने म्यान्डेट दिएका थिए । सुरुमा लामै समय चुनाव हुन्छ वा हुन्न भन्ने अन्योल थियो । बीचमा सरकारै परिवर्तन गर्ने, संविधान नै संशोधन गर्नेसम्मका अनेक हल्ला चले । तर, अन्ततः चुनाव भयो । 'चुनावै नहुने, संविधानै कहाँ जाला भन्ने अन्योल थियो, अब त्यो सकियो,' माथेमाले भने । बिहीबार निर्वाचन सम्पन्न भएपछि कान्तिपुरसँग कुराकानी गर्दै प्रधानमन्त्री कार्कीले सुरुमा आफूले जिम्मेवारी लिँदा सबै पक्षसँग कुराकानीसमेत गर्ने वातावरण नभएको स्मरण गरिन् । 'बिस्तारै सबै पक्षलाई विश्वासमा लिँदै संवाद र सौहार्द बढाउँदै गयौं,' उनले भनिन्, 'सबै पक्ष एक ठाउँमा आउनुको विकल्प थिएन । त्यो परिस्थितिको उपयुक्त लोकतान्त्रिक निकासको माध्यम चुनाव नै हो भन्ने सबैलाई बोध भयो ।'

निर्वाचन आयोगका अनुसार बिहीबार निर्वाचनमा करिब ५८ प्रतिशत मत खसेको छ । निर्वाचनका दौरान एकै जनाले पनि ज्यान गुमाउनु परेन भने कुनै पनि निर्वाचन क्षेत्रमा पुनः मतदान गर्नुपर्ने अवस्था पनि आएन । गृहमन्त्री ओमप्रकाश अर्याल एक किसिमको राज्यविहीनताको अवस्थालाई सम्हाल्दै, द्वन्द्व न्यूनीकरण गरी निर्वाचन सम्पन्न गर्ने सफलता मिलेको बताउँछन् । 'परस्परविरोधी शक्तिहरूलाई पनि सन्तुलनमा राख्दै स्थितिलाई सामान्यीकरण गर्दै ल्यायौं,' उनले भने, 'कानुनी राज्यको प्रत्याभूति भएपछि चुनावको वातावरण बन्दै गयो ।'

जेन-जी आन्दोलनका क्रममा भएको जनधनको क्षति र देशभर फैलिएको अराजकताका बीच यो सरकारले निर्वाचन सम्पन्न गरेको छ । जेन-जी विद्रोहका क्रममा ७७ जनाको ज्यान जानुका साथै मुलुकभर निजी तथा सार्वजनिक सम्पत्तिमा तोडफोड र आगजनी गरिएको थियो । पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल 'जटिलताका बीच सबैलाई मिलाउँदै निर्वाचन सम्पन्न गर्ने सरकार र निर्वाचन आयोगका पदाधिकारी धन्यवादका पात्र' भएको बताउँछन् । 'मैले २०६४ को संविधानसभाको निर्वाचन हुँदाको परिस्थितिलाई झलझली सम्झिएँ,' पहिलो संविधानसभा निर्वाचनमा प्रमुख निर्वाचन आयुक्त रहेका पोखरेलले भने, 'चुनाव हुन्छ वा हुन्न भन्ने उस्तै चुनौतीबीच अन्तिममा भएरै छाड्यो ।'

प्रधानमन्त्री कार्की प्रधानन्यायाधीश हुँदा सर्वोच्च अदालतमा न्यायाधीशका रूपमा उनीसँग काम गरेका र वर्तमान मन्त्रिपरिषद्मा पनि कानुन तथा उद्योगमन्त्रीको जिम्मेवारी सम्हालेका अनिल सिन्हा सरकारले 'असाध्यै ठूलो चुनौतीका बीचबाट यो अवसर फुत्काएको' बताउँछन् । 'बीचमा पटक-पटक कृत्रिम समस्या आए, झूटो खबर फैलाउने खानी नै तयार पारियो,' उनले भने, 'पछिल्लो समय चुनावै हुन नदिने ठूलो भीड जम्मा हुन थालेको थियो । त्यसबीचमा यो इतिहासले दिएको अवसर फुत्काउन सकियो ।'

जेन-जी आन्दोलनकी अगुवा रक्षा बमले शान्तिपूर्ण रूपमा निर्वाचन गराउन सफल भएकामा प्रधानमन्त्री कार्की, सरकारका मन्त्रीहरूदेखि राज्यका प्रत्येक संयन्त्र र मतदातालाई धन्यवाद दिइन् । 'चुनाव हुन्छ कि हुँदैन भन्ने दुविधा थियो । तर उत्साह र शान्तिपूर्ण तरिकाले मतदान सकिएको छ । यसले हाम्रो समाजको चरित्र पनि झल्काउँछ । समाजले शान्ति र सहानुभूति चाहेको देखिन्छ । सुशासन खोजिरहेको देखिन्छ । जेन-जीहरू उत्साही छन्,' उनले भनिन्, 'अन्तरिम सरकारका लागि चुनाव न्यूनतम सर्त थियो । लोकतन्त्रमा जननिर्वाचित सरकारको खाँचो हुन्छ । जेन-जी आन्दोलनको 'म्यान्डेट' पनि यही थियो । त्यो पूरा भएको छ ।'

बमले निर्वाचन गराएर मुलुकको संकट पार लगाएको भन्दै सामाजिक सञ्जालमा राष्ट्रपति र प्रधानमन्त्रीलाई समेत आभार व्यक्त गरेकी छन् । जेन-जी आन्दोलनपछिको संकटपूर्ण अवस्थाको स्मरण गर्दै उनले सामाजिक सञ्जालमार्फत भनेकी छन्, 'मलाई त्यो दिन (भाद्र २७ गते) अझै स्पष्ट याद छ । शपथग्रहण सकिएलगत्तै राष्ट्रपतिज्यूले प्रधानमन्त्री सुशीला कार्कीसँग हात मिलाउँदै भन्नुभएको थियो, ल, अब देशको भार तपाईंको काँधमा छ । तोकिएको समयमै चुनाव गराउनुहोला । शुभकामना,' उनले राष्ट्रपति र प्रधानमन्त्रीको प्रशंसा गरेकी छन्, 'राष्ट्रपतिज्यू, धन्यवाद । तपाईं हाम्रो लोकतन्त्रको आधारस्तम्भ हुनुहुन्छ । संकटका घडीमा संवैधानिक मर्यादा र दृढता कस्तो हुनुपर्छ भन्ने उदाहरण तपाईंले दिनुभयो । आदरणीय प्रधानमन्त्रीज्यू, धन्यवाद । देश जोगाउनुभएकामा, जिम्मेवारी स्विकारेर कठिन समयमा अगाडि बढ्नुभएकामा ।'

निर्वाचनले मुलुकलाई निकास दिने उनको विश्वास छ । 'नतिजा जस्तो आए पनि समयमा निर्वाचन भयो । देशले जितेको छ । आशावादी छौं । निर्वाचित सरकारले आन्दोलनको माग र मर्मअनुसार काम गर्नेछ । हामीले भ्रष्टाचारमुक्त राज्य खोजेको हो । आम मुद्दाहरूको अब बन्ने जननिर्वाचित सरकारले सम्बोधन गर्छ । समाजका सबै संयन्त्र धन्यवादका पात्र हुनुहुन्छ,' उनले भनिन् ।

सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालले परिणाम जेसुकै आए पनि शान्तिपूर्ण रूपमा सम्पन्न भएको निर्वाचनले मुलुकमा लोकतान्त्रिक प्रणालीलाई नै मजबुत बनाउने बताए । उनले सरकार गठनसँगै प्रतिनिधिसभा विघटन गरिएपछिको अवस्थामा कतिपयले सरकारको संवैधानिक हैसियतबारे उठाएको प्रश्न पनि अब निर्वाचनसँगै सकिएको बताए । 'सर्वोच्च अदालतले समयमा फैसला दिन सकेन,' उनले भने, 'तर, अब यो वैधताको प्रश्न नयाँ सरकारका लागि रहेन ।'

पूर्वन्यायाधीश लालले पहिले चुनावै हुन्छ/हुन्न भन्नेमा र पछि शान्तिपूर्ण हुन्छ भन्नेमा खासै विश्वास नगरिएको अन्योलबीच चुनाव सम्पन्न हुनुलाई 'धेरै ठूलो' सफलता मानेका छन् । 'यो सफलताका लागि प्रधानमन्त्री सुशीला कार्की र सरकारलाई धन्यवाद छ,' उनले भने ।

नेपाल प्रहरीका पूर्वआईजीपी वसन्तबहादुर कुँवरले प्रशंसायोग्य निर्वाचन सम्पन्न भएको प्रतिक्रिया दिए । 'तुलनात्मक रूपमा विगतको भन्दा राम्रो, भयरहित, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन भयो । सामूहिक प्रयासले सम्भव भएको हो,' उनले भने, 'सरकार, सरकार प्रमुख, निर्वाचन आयोग, सुरक्षा निकाय, राजनीतिक दल, जिम्मेवार भएर निर्वाचन सफल बनाउन एकीकृत रूपमा लागे । उनीहरू सबै प्रशंसायोग्य छन् ।'

सेना, प्रहरीसहित सबै सुरक्षा निकाय जिम्मेवारी बुझेर आत्मविश्वासका साथ निर्वाचन तयारीमा जुटेको उनले बताए । 'चुनाव हुँदैन भन्ने हल्ला प्रायोजित मात्र थियो । सम्पूर्ण हिसाबले त्यसलाई चिर्न सफल भयो । स्वतन्त्र सरकार कसैप्रति पूर्वाग्रही रहेको देखिएन । सरकारको पूर्ण सहयोगमा सुरक्षा निकायले पनि निर्वाचनको मात्र तयारी गर्न पायो,' कुँवरले भने ।

नागरिक अगुवा शिक्षाविद् माथेमा निर्वाचन सम्पन्न हुनुले मात्र 'सबैथोक ठीक नपार्ने' बताउँदै भन्छन्, 'नयाँ सरकारले अराजकता अन्त्य गर्न, सुशासन कायम गर्न, शान्तिसुरक्षा दिन सबै पक्षसँग संवाद गर्नुपर्छ ।' पूर्वप्रमुख निर्वाचन आयुक्त पोखरेल पनि बहुमतसहित नयाँ सरकार बनेमा 'सबै राष्ट्रिय शक्तिसँग बसेर साझा धारणा बनाएर राष्ट्रलाई अगाडि बढाउनुपर्ने' र गठबन्धनको सरकार बनेमा पनि 'हिजोका विकृति पुनरावृत्त हुन नदिनुपर्ने' बताउँछन् । '१०/१० वर्षमा आक्रोशको विस्फोट हुँदै आएको छ,' उनले भने, 'अब न १० वर्ष कुर्ने अवस्था छ, न त देशले बारम्बार चुनाव नै धान्न सक्छ ।' गृहमन्त्री अर्याल पनि नयाँ सरकारको प्रथामिकता भ्रष्टाचार निवारण, अराजकता नियन्त्रण र सेवा प्रवाहमा हुनुपर्ने बताउँछन् ।

जटिल राजनीतिक परिस्थितिले निकास पायो : राष्ट्रपति

कान्तिपुर संवाददाता (काठमाडौं)



शान्तिपूर्ण रूपमा निर्वाचन सफल गराएकामा सरकार र निर्वाचन आयोगलाई राजनीतिक दलका प्रमुख नेताहरूको धन्यवाद

राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा निर्वाचन शान्तिपूर्ण रूपमा सफल भएकामा प्रसन्नता व्यक्त गरेका छन् । जेन-जी आन्दोलनपछि सिर्जित मुलुकको जटिल राजनीतिक परिस्थितिले निर्वाचनमार्फत निकास पाएको पनि उनले बताएका छन् ।

राष्ट्रपति पौडेलले निर्वाचन सफल गराउन भूमिका निर्वाह गरेका सरकार, निर्वाचन आयोग, सुरक्षा निकाय, कर्मचारी र मतदातालाई धन्यवाद दिएका छन् । 'निर्वाचन शान्तिपूर्ण रूपमा सफल भएकामा खुसी लागेको छ,' राष्ट्रपतिको भनाइ उद्धृत गर्दै प्रेस सल्लाहकार किरण पोखरेलले भने ।

प्रधानमन्त्री सुशीला कार्कीले विभिन्न अवरोध चिर्दै निर्वाचन गर्ने जिम्मेवारी पूरा गरेकामा खुसी लागेको प्रतिक्रिया दिएकी छन् । 'प्राप्त जिम्मेवारी पूरा गर्न सकेकामा खुसी छु । तर म एक्लैले यो सम्भव भएको होइन । यसमा सिंगो मन्त्रिपरिषद्को मिहिनेत लागेको छ,' उनले भनिन्, 'निर्वाचन आयोग, सुरक्षा निकाय, कर्मचारी, राजनीतिक दल, उम्मेदवार सबैको भूमिका छ । खासगरी हाम्रो आह्वान स्वीकार गरेर निर्वाचनमा सहभागी हुने नेपाली जनताले नै यसलाई सफल बनाउनुभएको हो ।'

प्रधानमन्त्री कार्कीले असहज र अनिश्चयपूर्ण अवस्थामा जिम्मेवारी सम्हालेको उल्लेख गर्दै लगनशीलतासाथ जिम्मेवारी अनुकूलको काम गरेको बताइन् । 'हामीमाथि विभिन्न प्रकारले आक्रमण नभएको होइन । बाधा-अवरोध नआएको होइन,' उनले भनिन्, 'रक्तपात नहोस्, कुनै अप्रिय घटना नहोस्, शान्त र अनुशासित रूपमा निर्वाचन होस् भन्ने लागेको थियो । सभ्य हिसाबमा होस् भन्ने थियो । हाम्रो प्रयास सफल भयो ।'

एमाले अध्यक्ष केपी शर्मा ओलीले शान्तिपूर्ण निर्वाचन गराएकामा सम्बन्धित सबै पक्षलाई धन्यवाद दिएका छन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'देशभर आम रूपमा शान्तिपूर्ण मतदान सम्पन्न भएको छ । निर्वाचन सम्पन्न गरेकामा सरकार, निर्वाचन आयोग, मतदाता, कर्मचारी र सुरक्षाकर्मी सबैलाई धन्यवाद । निर्वाचनमा सक्रिय पार्टीका कार्यकर्ता तथा प्रतिनिधि साथीहरूलाई पनि धन्यवाद ।'

कांग्रेस सभापति गगन थापाले प्रतिनिधिसभाको निर्वाचनमा देशव्यापी रूपमा मतदाताले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको नेपाली निष्ठा र अटल प्रतिबद्धता पुनः एक पटक बलियो रूपमा अभिव्यक्त भएको बताएका छन् । 'यहाँहरूको सक्रिय सहभागिताले एकातर्फ लोकतान्त्रिक प्रणालीप्रति तपाईंहरूको गहिरो विश्वासलाई पुष्टि गरेको छ भने अर्कातर्फ राजनीतिक दलहरू र अब बन्ने सरकारलाई जनअपेक्षाअनुसार काम गर्न थप जिम्मेवार बनाएको छ,' उनले भनेका छन् ।

थापाले केही निर्वाचन क्षेत्रमा भएका केही घटनाबाहेक शान्तिपूर्ण वातावरणमा निर्वाचन गराउन सफल भएको उल्लेख गर्दै सरकार र निर्वाचन आयोगलाई विशेष धन्यवाद दिएका छन् । निर्वाचन सफल बनाउन अहोरात्र खटिएका कर्मचारी, सुरक्षा निकाय, मतदाता, राजनीतिक दलहरू, सञ्चारकर्मी तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पर्यवेक्षकलाई पनि उनले धन्यवाद दिएका छन् ।

नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहालले निर्वाचन सफल भएकामा सबैलाई धन्यवाद दिएका छन् । 'एउटा जटिल राजनीतिक परिस्थितिलाई सहजतातर्फ लैजान घोषणा भएको प्रतिनिधिसभाको निर्वाचन तमाम आशंका चिर्दै शान्तिपूर्ण, सभ्य र लोकतान्त्रिक वातावरणमा सम्पन्न भएको छ,' उनले भनेका छन्, 'मतदानमार्फत जनताले देखाएको उच्च सहभागिता, संयम र संघीय लोकतान्त्रिक गणतन्त्रप्रतिको विश्वासले हाम्रो प्रणालीलाई अझ सुदृढ बनाएको छ ।'

दाहालले पनि निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गरेकामा सरकार, कर्मचारी, सुरक्षाकर्मी, सहभागी राजनीतिक दल, नागरिक समाज एवं मतदाताप्रति धन्यवाद व्यक्त गरेका छन् । उनले आगामी दिनमा जनताको निर्णयलाई सम्मान गर्दै देश र जनताको हितमा सबै पक्ष मिलेर अघि बढ्ने विश्वास पनि व्यक्त गरेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले चौतर्फी चुनौतीका बाबजुद प्रतिनिधिसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न भूमिका निर्वाह गर्ने सम्पूर्ण सरोकारवाला पक्षलाई धन्यवाद दिएका छन् । 'अब आउने निर्वाचन परिणामले जेन-जीले लोकतन्त्र, पारदर्शिता, उत्तरदायित्व र सुशासनप्रति राखेको अपेक्षा र आकांक्षालाई सम्बोधन गर्ने आशा तथा विश्वास गर्छौं,' उनले भनेका छन् ।

रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहले प्रधानमन्त्री कार्कीलाई 'आमा' भन्दै लोकतन्त्रले जितेको प्रतिक्रिया दिएका छन् । 'हजुरको नेतृत्वमा आज लोकतन्त्रले जितेको छ,' निर्वाचन सकिएलगत्तै उनले फेसबुक पेजमा लेखेका छन् ।

जनमत पार्टीका अध्यक्ष सीके राउतले तोकिएकै मितिमा निर्वाचन सम्पन्न गरेकामा प्रधानमन्त्री कार्कीलाई धन्यवाद दिएका छन् । 'अनेक आशंका र सुरक्षा चुनौतीका बाबजुद प्रतिनिधिसभा निर्वाचन तोकिएको मितिमै सम्पन्न गरेकामा नेपालकी प्रथम महिला प्रधानमन्त्री कार्कीलाई हार्दिक बधाई दिन चाहन्छौं,' उनले विज्ञप्तिमा भनेका छन्, 'अब देशले निकास र सुशासन पाओस्, यही हाम्रो अपेक्षा छ ।' उनले कठिन समयमा निर्वाचनमा खटेका नेता तथा कार्यकर्ताप्रति आभार व्यक्त गरेका छन् ।

हिंसारहित निर्वाचन

जेन-जी आन्दोलनका बेला लुटिएका कतिपय हतियार र कैदीबन्दी अझै बाहिरै रहनु, प्रहरीको कमजोर मनोबललगायत कारण चुनाव शान्तिपूर्ण हुनेमा शंका गरिएको थियो तर देशभर छिटपुटबाहेक तनावका कुनै घटना भएनन्, कहींकतै मतदान स्थगन हुने अवस्थासमेत बनेन

गौरव पोखरेल (काठमाडौं)

अनेक संशयबीच बिहीबार प्रतिनिधिसभा सदस्यको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । जेन-जी आन्दोलनका बेला लुटिएका कतिपय हतियार र कैदीबन्दी अझै बाहिरै रहनु, प्रहरीको कमजोर मनोबललगायत कारण चुनाव शान्तिपूर्ण हुनेमा शंका गरिएको थियो । तर, बिहीबार देशभर छिटपुटबाहेक तनावका कुनै घटना भएनन् । कहीँकतै मतदान स्थगन हुने अवस्थासमेत बनेन ।

प्रधानमन्त्री सुशीला कार्कीको अभिलाषाबमोजिम एक थोपा पनि रगत नबगी निर्वाचन भएको गृहमन्त्री ओमप्रकाश अर्याल बताउँछन् । 'निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित र मर्यादित वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न मतदाताले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता अभिव्यक्त भएको छ,' उनले भने, 'यो निर्वाचनको माध्यमबाट संविधान कार्यान्वयन एवं नेपाली जनताले प्राप्त गरेको हक अधिकारको संस्थागत गर्नमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ ।'

देशभर करिब ६० प्रतिशत मत खस्दा कुनै केन्द्रमा पुनः मतदान गर्नुपर्ने अवस्था नदेखिएको निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जनाए । 'सबै केन्द्रमा शान्तिपूर्ण हिसाबले चुनाव भयो,' उनले भने ।

जेन-जी आन्दोलनपछि फरक परिस्थितिमा भएको चुनावमा विगतका निर्वाचनमा जति पनि घटना नभएको नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्लेको भनाइ छ । 'चुनावमा अलिअलि ठेलाठेल हुनु सामान्य हो । तर विगतमा जस्तो निर्वाचन नै स्थगन हुने किसिमका गतिविधि भएनन्,' उनले भने, 'यो राम्रो तयारी र संयुक्त समन्वयको परिणाम हो ।' तनावको परिस्थिति सिर्जना हुन खोजेका ठाउँमा तत्काल सबै संयन्त्रको समन्वयमा निस्तेज पार्ने काम गरिएको काफ्लेले जनाए । निर्वाचनका बेला काठमाडौं उपत्यकाका २ सहित १५ ठाउँमा शंकास्पद वस्तु फेला परेका थिए । तर नेपाली सेनाको बम डिस्पोजल टोलीले तिनलाई निष्क्रिय पार्‍यो ।

कुनै किसिमका अप्रिय घटना नहोऊन् भनेर सेनाले देशभर ८ सय बम डिस्पोजल टोली परिचालन गरेको थियो । 'कुनै पनि खबर प्राप्त हुनासाथ तुरुन्त गएर सुरक्षित ढंगले डिस्पोजसँगै नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउने हिसाबले सेना तैनाथ गरिएको थियो,' सैनिक प्रवक्ता राजाराम बस्नेतले भने, 'सेनाले डिस्पोज गरेकामध्ये प्रायः तर्साउनलाई राखिएका बम जस्तो देखिने वस्तु मात्र थिए ।' निर्वाचनका दिन सर्लाही-४ मा सामान्य विवाद भएको थियो, यद्यपि केहीबेरमै मतदान पुनः सुरु भयो । बलरा-४ स्थित श्री प्राथमिक विद्यालयमा पार्टीका प्रतिनिधिबीच विवाद भएपछि स्थितिलाई साम्य पार्न सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया र प्रहरी प्रमुख योगेन्द्रकुमार खड्का आफैं त्यहाँ बस्नुपरेको थियो ।

बिहीबार बेलुकीसम्ममा हरेकजसो चुनावमा विस्फोट वा राजनीतिक झडपका घटना हुने मधेश प्रदेशमा अरू कुनै अप्रिय घटना भएनन् । 'तराईमा

तस्बिर : दिपेन श्रेष्ठ/कान्तिपुर

चुनाव हुँदा दुई-चार ठाउँमा गोली चल्नु सामान्य हुन्थ्यो,' नेपाल प्रहरीका पूर्वप्रहरी नायब महानिरीक्षक (डीआईजी) पीताम्बर अधिकारीले भने, 'तर यसपालि निर्वाचनको पूर्वसन्ध्यामा होली हुँदासमेत त्यस्तो घटना भएन ।'

प्रदेश कमान्ड पोस्ट बनाएर सबै सुरक्षा संयन्त्रको संयुक्त परिचालन र समन्वयका कारण मधेश शान्त भएको प्रदेश प्रहरी प्रमुख गोविन्द थपलियाले बताए । 'निर्वाचनलाई बिथोल्ने किसिमले गतिविधि गर्न सक्ने समूहलाई पहिल्यै निगरानी गरेर हलचल गर्न नसक्ने अवस्था बनाइएको थियो,' उनले भने, 'चुनावका बेलासमेत कुनै गतिविधि हुन सक्ने संकेत देखिनेबित्तिकै कडा कदम चाल्ने तयारी थियो । सशक्त तयारीकै कारण कुनै घटना हुन पाएन ।' लाठीचार्जसमेत नभई चुनाव भएको यो एउटा विशिष्ट निर्वाचन भएको थपलियाको भनाइ छ ।

विगतका निर्वाचनमा बुथ कब्जा र राजनीतिक झडपका चर्चा हुँदै आएको दोलखामा समेत गम्भीर घटना भएनन् । दोलखामा २०४८ सालयताको चुनावमा सधैं हिंसात्मक घटना हुँदै आएको थियो । २०४८ देखि २०५६ सम्म कांग्रेस, एमाले नै त्यस्ता गतिविधिमा संलग्न देखिएका थिए भने २०६४ सालमा माओवादीसमेत त्यसमा जोडियो । त्यही संवेदनशीलतालाई ख्याल गरेर प्रहरीले यसपालि दोलखामा प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सोमेन्द्रसिंह राठौरलाई खटाएको थियो ।

तामाकोशी गाउँपालिकाको मालु मतदानस्थलमा मतपत्रको ठेली खोस्ने प्रयास त भयो । तर प्रहरीले एक राउन्ड हवाई फायर गरेर स्थिति नियन्त्रणमा लियो । केहीबेरपछि फेरि राजनीतिक सहमति गरेर मतदान सुरु भयो ।

उदयपुरमा निर्वाचन सुरक्षाका लागि खटिएका प्रहरीले बोकेको गोली आकस्मिक रूपमा पड्किएको थियो । त्यस क्रममा कटारी नगरपालिका-३ स्थित तरकारी तथा फलफूल केन्द्र तावाखोला (ख) मतदान केन्द्रमा तीन मत खसेको मतपेटिकामा सामान्य क्षति पुगेको थियो । मतपेटिका परिवर्तन गरेर फेरि मतदान सुरु गरिएको थियो । यसपालि कुनै अप्रिय घटना नभई निर्वाचन सम्पन्न हुनुको कारण मतदातामा देखिएको उत्साह पनि हुन सक्ने सुरक्षा विश्लेषक बताउँछन् । 'जेन-जी आन्दोलनपछि परिवर्तन हुनुपर्छ भन्ने मत पनि आमजनतामा देखिएको थियो । त्यस्तोमा मतदाता आफैं पनि शान्तिपूर्वक मत हाल्ने काममा सहभागी भए,' पूर्वडीआईजी अधिकारी भन्छन् ।

मतगणनालाई समेत सुरक्षित बनाउन विशेष सतर्कता अपनाइएको प्रहरी अधिकृत बताउँछन् । नेपाली सेनाले चुनावपूर्वको अवस्थामा सामाजिक सञ्जाल निगरानीमा सहयोग गर्नेबाहेक मतपत्र छपाइको सुरक्षा, ढुवानी र महत्त्वपूर्ण संरचना सुरक्षामा काम गरेको थियो । सेनाले नेपाल प्रहरी र सशस्त्र प्रहरीपछि तेस्रो घेरामा बसेर काम गरेको थियो । निर्वाचन अधिकृत, स्थानीय प्रशासन र अरू सुरक्षा निकायको समन्वयमा पनि खटिएको प्रवक्ता बस्नेतको भनाइ छ ।

'विभिन्न बेस बनाएर संयुक्त गस्ती गरियो, निर्वाचनपछि पुनः मतपेटिका ढुवानी, मतगणनास्थलको सुरक्षाको काममा सेनाले सघाइरहेको छ,' प्रवक्ता बस्नेतले भने, 'सेनाबाट मात्र चुनावमा ७९ हजार सुरक्षाकर्मी खटिएका थिए ।' अधिकृतहरूका अनुसार कुनै अप्रिय गतिविधि नहोस् भनेर १ सय ६५ निर्वाचन क्षेत्रमै सेना र सशस्त्रका एक-एक अस्थायी बेस राखिएको थियो । सेनालाई सोही बेसमार्फत लामो दूरी, मध्यम दूरी र छोटो दूरी गरी तीन भागमा पैदल गस्ती, स्ट्राइकिङ फोर्स, मोबाइल गस्तीलगायतका लागि खटाइएको थियो ।

निर्वाचन आयोगले देशभर ११ हजार ९ सय १ मतदानस्थल र २३ हजार १ सय १२ मतदान केन्द्र तोकेको थियो । तीमध्ये ४ हजार १ सय १४ मतदानस्थल अति संवेदनशील सूचीमा थिए । देशभर ४ हजार ४ सय ४२ संवेदनशील र २ हजार ८ सय ४५ मतदानस्थललाई सामान्य सुरक्षा चुनौती भएको स्थलका रूपमा वर्गीकरण गरिएको थियो । संवेदनशीलताका आधारमा सुरक्षाकर्मीलाई खटाइएको थियो ।

सम्पादकीय

निर्वाचनपछिको मार्गचित्र

बिहीबार सम्पन्न प्रतिनिधिसभाको निर्वाचनसँगै भदौको जेन-जी आन्दोलनपछिको राजनीतिक र संवैधानिक कोर्सले आफ्नो यात्रा पूरा गरेको छ। तुलनात्मक रूपमा शान्तिपूर्ण मतदानमार्फत नागरिकले आफ्नो आकांक्षा प्रकट गरेका छन्, त्यसको ठोस रूप भने मतगणनासँगै सार्वजनिक हुँदै जानेछ। यद्यपि, यो निर्वाचनले मुलुकलाई सुरक्षित ठाउँमा पुऱ्याउने र नागरिकका आकांक्षा पूरा गर्न निर्वाचनपछिको राजनीतिक कोर्स सफल हुनेछ भनेर आशा गर्न सकिन्छ। अब मतदाताबाट अभिव्यक्त मतको प्रवृत्ति र त्यसले तय गर्ने राजनीतिक शक्ति सन्तुलनलाई स्वीकार गर्दै राज्यको आगामी कार्यभारप्रति सबै इमानदार हुनुपर्छ। यो निर्वाचनलाई फगत आवधिक निर्वाचनका रूपमा बुझ्ने मात्रै होइन, विकास र समृद्धको सपना साकार पार्ने प्रस्थानविन्दुको उपयोग गर्ने प्रतिबद्धता सबै पक्षबाट व्यक्त हुनुपर्छ। अब बन्ने सरकार नागरिकप्रति उत्तरदायी, जवाफदेही र पारदर्शी बन्नुपर्छ। शासनको केन्द्रमा रहेका दल तथा व्यक्तिबाट विगतमा हुने गरेका कमजोरी दोहोरिनु हुँदैन।

बिहीबार सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा ६० प्रतिशत मत खसेको निर्वाचन आयोगले जनाएको छ। अघिल्ला निर्वाचनको तुलनामा यस वर्ष खसेको केही न्यून हो। प्रतिनिधिसभा वा संविधानसभाका लागि भएको यसअघिको निर्वाचनमा कम्तीमा पनि ६१ प्रतिशत मत खसेको थियो। २०४८ मा ६५.१५ प्रतिशत, २०५१ मा ६१.८६ प्रतिशत, २०५६ मा ६५.७८ प्रतिशत, २०६४ मा ६१.७ प्रतिशत, २०७० मा ७८.३४, २०७४ मा ६८.६७ र २०७९ मा ६१ प्रतिशत मत खसेको थियो। जेन-जी आन्दोलनपछि राजनीतिक चेतना पुनर्जागृत भएकाले निर्वाचनमा सहभागिता ह्वात्तै बढ्ने अपेक्षा गरिएको थियो। तर त्यस्तो हुन सकेन। त्यसैले उमेर पुगेका नागरिकलाई मतदाता नामावलीमा समेट्न र मतदाता नामावलीमा नाम भएकाहरूलाई मतदान प्रक्रियामा जोड्नका लागि आगामी दिनमा मतदाता शिक्षालाई थप प्रभावकारी बनाउन आवश्यक छ। साथै, विदेशमा रहेका मतदाता र देशभित्रै पनि फरक भूगोलमा रहेका मतदाताले मत दिन पाउने व्यवस्था गरिनुपर्छ।

२३ भदौको जेन-जी आन्दोलन र २४ भदौको प्रदर्शनपछि देश नै करिब राज्यविहीनताको स्थितिमा रहेका बेलामा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले सरकारको नेतृत्व लिन तत्पर भएकी थिइन्। स्थापित राजनीतिक दल र तिनका शीर्षस्थ नेताहरूले विश्वास गुमाएको तत्कालीन समयमा गैरराजनीतिक पृष्ठभूमिकी कार्कीले प्रतिनिधिसभा विघटन गर्दै २१ फागुनका लागि निर्वाचन तय गरेकी थिइन्। कतिपय राजनीतिक दलले सरकारको अस्तित्व नै अस्वीकार गरेको र फरक-फरक समूहका जेन-जीले अनेकौं दबाब दिएको स्थितिमा उनी बेलाबखत हैरान त सुनिइन् तर मूल दायित्वप्रति उति नै दृढ पनि। उनले सबैसँग संवाद गरिन्। निर्वाचन गराउने प्रयोजनका लागि गठन भएको सरकारमा उनले साथ लिएका कतिपय मन्त्रीले छाडेर हिँड्दासमेत उनले यात्रा पूरा गरेरै छाडिन्। उथलपुथलपछि सरकारको नेतृत्व गर्नु र तोकिएको समयमा निर्वाचन गर्नु कठिन हुने गरेको विगतलाई उनले सफलतापूर्वक पार लगाइन्। उनको यो भूमिका इतिहासमा सम्झना गरिनेछ।

निर्वाचन आयोग पनि धन्यवादको पात्र हो। आयोगका पाँच आयुक्तमध्ये प्रमुखसहित दुई जना रिक्त रहेको परिस्थितिमा पनि आयोगले मिहिनेतपूर्वक निर्वाचन सम्पन्न गर्न सक्यो। मिहिनेत पहिलो दिनदेखि नै अनुभूत हुन सक्यो। निर्वाचनका लागि तय गरिएका कार्यसूचीमा कुनै हेरफेर गरेन। विघटित प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल कांग्रेसमा आइपरेको विवादका कारण परेको आधिकारिकताको मागमा पनि उसले तत्कालै निर्णय दियो। गैरदलीय सरकारको नेतृत्वमा भइरहेको निर्वाचनमा राजनीतिक दलहरूसँग पनि सघन संवाद गर्ने, व्यवस्थापनलाई चुस्त बनाउँदै लैजाने, निर्वाचनको मूल दायित्वप्रति दृढता व्यक्त गर्ने, आवश्यक पूर्वतयारीमा मिहिनेत गर्नेलगायतका विषयमा आयोगको परिपक्वताले पनि तोकिएको समयमा निर्वाचन हुन सक्यो।

२४ भदौको विध्वंसपछि सुरक्षा निकायको मनोबल अत्यन्तै कमजोर बनेको थियो। किनकि, प्रहरीसमेत मारिएका थिए। कुटिएका थिए। लखेटिएका थिए। विस्थापित भएका थिए। धेरै प्रहरी कार्यालय जलेका थिए। हतियार लुटिएका थिए। धेरै हतियार फिर्ता आइसकेका छैनन्। यसर्थ सुरक्षाको सुनिश्चितता अन्योलको विषय बनेको थियो। सुरक्षाकर्मीको मनोबल उठाउनु र नागरिकलाई पनि सुरक्षित ढंगले मतदान गर्न पाइन्छ भनेर आश्वस्त तुल्याउन सक्नु कठिन काम थियो। तर तुलनात्मक रूपमा सुरक्षित वातावरणमा निर्वाचन हुन सकेको छ।

सक्रियतापूर्वक मतदान गरेर नागरिकले आफ्नो मूल दायित्व पूरा गरेका छन्। तर, लोकतन्त्रलाई जीवन्त बनाउने हो भने नागरिकको भूमिका निरन्तर निर्वाह हुनुपर्छ। किनकि लोकतन्त्र बलियो र परिपक्व बन्नका लागि नागरिकले आवधिक निर्वाचनमा सहभागिता जनाएर मात्रै पुग्दैन, नियमित खबरदारी पनि आवश्यक पर्छ। अर्थात् अबका राजनीतिक प्रक्रियालाई जनतामुखी बनाउन निरन्तर निगरानी गर्नुपर्छ। आफ्नो मत व्यक्त गर्नुपर्छ। राज्यका कुनै पनि अंग र निकायबाट हुने निर्णयप्रति चासो र खबरदारी व्यक्त गर्नुपर्छ। जवाफदेही बनाउनुपर्छ। निर्णय प्रक्रियालाई यथाशक्य पारदर्शी बनाउनुपर्छ। जनताको आकांक्षा पूरा हुने किसिमको राज्य संरचना निर्माणका लागि दबाब दिनुपर्छ। विश्वकै अनुभवले देखाउँछ कि, राज्यको कार्यशैली नागरिकको चाहनाअनुरूपको विरलै हुने गर्छ। हामीकहाँ नै निर्वाचित सरकारले नागरिकको अपेक्षा पूरा गर्न नसकेको प्रशस्तै उदाहरण छन्। जेन-जी आन्दोलन स्वयं नेपाली राज्यको भूमिका नागरिकमैत्री हुन नसक्नुको परिणाम थियो।

निर्वाचनको परिणामसँगै आ-आफ्नो हैसियत बोकेर दलहरू सदनमा पुग्नेछन्। तर यतिबेला उनीहरूसँग विशेष दायित्व छ। किनकि, यो निर्वाचन जेन-जी आन्दोलनको परिणाम भएकाले त्यस आन्दोलनको मर्मलाई अनुभूत गर्नु हरेक दलको दायित्व हो। नयाँ वा पुराना सबै दलहरूभित्र व्यापक सुधार अपरिहार्य छ। तसर्थ केही पक्षमा उनीहरूले ध्यान दिनैपर्छ, संवेदनशील बन्नैपर्छ। पहिलो, निर्वाचनपछि नयाँ सरकार बन्नु स्वाभाविक हो। तर त्यसमा अस्वाभाविक सत्ताखेल र सत्तालिप्सा प्रकट हुनु हुँदैन। दोस्रो, नागरिकले भ्रष्टाचारको अन्त्य र सुशासनको बढोत्तरी चाहेका छन्। राजनीतिक र प्रशासनिक नेतृत्वमा रहेका अनियमितताको अनेकौं प्रकरणमा मुछिने तर कारबाही भोग्नु नपर्ने स्थिति अन्त्य चाहेका छन्। तेस्रो, सेवा प्रवाहमा चुस्तता चाहेका छन्। सरकारी निकायको ढिलासुस्ती, जवाफदेहिताको अभाव, अपारदर्शिताको अन्त्य चाहेका छन्। चौथो, रोजगारीको अवसर, व्यावसायिक वातावरण र लगानीको सुरक्षा, सर्वसुलभ र गुणस्तरीय शिक्षा-स्वास्थ्यजस्ता विविध पक्ष छन्। एउटा सरकारले केही महिनामै राज्यका सबै समस्याको समाधान गर्न सक्छ भन्ने अपेक्षा बिलकुल राखिनु हुँदैन। तर सरकारले सुधारको प्रारम्भ हुँदै छ भनेर नागरिकमा हरेक दिन विश्वास जगाउनुपर्छ।

निर्वाचनले के समेट्यो, के समेटेन ?

राजनीतिक पार्टी र नेतृत्वमा राज्य सत्तालाई संरचनागत रूपमै रूपान्तरण गरी वास्तवमै समावेशी बनाउने ठोस विचार, दृष्टिकोण, नीति र कार्यक्रमबिना अबको राज्य सत्ता समावेशी हुन सक्दैन

जेबी विश्वकर्मा

सबैजसो क्रान्ति, संघर्ष र आन्दोलनले नयाँ आशा जागृत गराउँछ। जेन-जी आन्दोलनले एमाले-कांग्रेस गठबन्धनको सत्तापलट गरेपछि जनतामा राजनीतिक रूपान्तरणको अपेक्षा बढेको छ। हुन त विगतमा पनि ठूला संघर्षबाटै राजनीतिक रूपान्तरण भएका हुन्। तर, जनताले खोजेको स्तरमा आर्थिक-राजनीतिक रूपान्तरण हुन सकेन। राज्य सत्ता र राजनीतिक नेतृत्वमा प्रभुत्वशाली वर्ग र समुदायकै दबदबा कायम रह्यो। उत्पीडित समुदायको प्रतिरोधका कारण समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात् गरे पनि समग्र राज्यलाई नेपाली विविधता झल्किने गरी समावेशी बनाउनेतर्फ राजनीतिक पहलकदमी भएन। ऐतिहासिक बहिष्करणमा पारिएका समुदायमाथि सत्तासीन वर्ग र समुदायले 'अन्यकरण' कै व्यवहार कायम राखे। समावेशी राज्य सत्ता निर्माण राजनीतिक पार्टीको अनिवार्य कार्ययोजना बन्न सकेन, केवल कानुनी बाध्यताका रूपमा मात्रै स्विकारियो। समग्र सामाजिक-राजनीतिक असमान शक्ति सम्बन्धलाई बदल्ने र सामाजिक न्याय, समानता र विदेभमुक्त समाज, उन्नत समाज बनाउन आवश्यक समावेशीकरणलाई 'औपचारिकता' मा सीमित पारिनु उत्पीडित समुदायको सपनामाथि नै घात गर्नु हो। प्रतिनिधिसभाको निर्वाचनमा राजनीतिक पार्टीले ल्याएको घोषणापत्र, दिइएको उम्मेदवारी संख्या र निर्वाचनका क्रममा दिइएको अभिव्यक्तिलाई आधार मान्ने हो भने नेपालका प्रमुख दलहरू समावेशीकरणलाई औपचारिकतामै सीमित गरेको पुष्टि हुन्छ। नेपालका मुख्य दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीको समावेशिताबारे दृष्टिकोण र व्यवहारबारे यस लेखमा चर्चा गरिएको छ।

विडम्बनापूर्ण तस्बिर

नेपालमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम र अन्य सीमान्तकृत समुदायमाथि ऐतिहासिक विभेद र बहिष्करण हुँदै आएको छ। अर्कोतिर, नेपालमा लोकतन्त्र र सामाजिक-राजनीतिक रूपान्तरणको महत्त्वपूर्ण शक्ति उत्पीडित समुदाय नै हुन् भन्ने तथ्य सबैसामु छर्लङ्गै छ। तिनै उत्पीडित वर्ग र समुदायको संघर्षको एउटा उपलब्धि हो, समावेशी लोकतन्त्र। विशेषगरी तत्कालीन माओवादी जनयुद्ध, उत्पीडित समुदाय र प्रगतिशील सामाजिक-राजनीतिक शक्तिको प्रतिरोधका कारण राजनीतिक र संवैधानिक रूपमा समानुपातिक समावेशी सिद्धान्तलाई स्वीकार गरिएको हो। त्यसैले समावेशीकरण नेपाली लोकतन्त्रको आधारभूत सवाल हो। नेपालका प्रमुख राजनीतिक दलको निर्वाचन घोषणापत्रले औपचारिक रूपमा समानुपातिक समावेशीकरणको सिद्धान्तलाई स्वीकार गरेका छन्। तथापि, समग्र समाज र राज्यलाई संरचागत रूपमा समावेशी बनाउने, समावेशी संस्कृतिको प्रवर्द्धन र सामाजिक न्यायसहितको समाज निर्माणको स्पष्ट दृष्टिकोण, योजना र कार्यक्रम ती घोषणापत्रमा समेटिएका छैनन्।

राज्य सत्ताको मूल संरचना जस्तै, तीनै तहका सरकार, न्यायालय, कर्मचारीतन्त्र र सार्वजनिक संरचनामा प्रभुत्वशाली वर्ग र समुदायको वर्चस्व कायमै छ। यस्तो असमावेशी संरचनाको रूपान्तरण गर्ने, सामाजिक विविधतासहितको सामाजिक-राजनीतिक संरचना निर्माणको सवाल नेपाली कम्युनिस्ट पार्टीले सैद्धान्तिक रूपमा उठाएको छ भने नेपाली कांग्रेसले पनि समावेशी सिद्धान्तको व्यावहारिक कार्यान्वयन गर्ने प्रतिबद्धता घोषणापत्रमा गरेको छ। महिला, दलित, आदिवासी जनजाति आदिको राजनीतिक प्रतिनिधित्व र समावेशीकरणका सन्दर्भमा छुट्टै खण्ड घोषणापत्रमा समावेश छ। नेकपा (एमाले) सामाजिक विभेदको अन्त्य गर्ने, महिला र सीमान्तकृत समुदायको समावेशीकरण प्रवर्द्धन गर्ने सवाल घोषणापत्रमा समेटेको छ। रास्वपाले सामाजिक विभेद अन्त्य गर्ने र आवश्यक कानुन बनाउने उल्लेख गरेको छ। तथापि, ऐतिहासिक बहिष्करणमा पारिएका उत्पीडित समुदायको राज्यका सम्पूर्ण संरचनामा अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्ने, समावेशी व्यवस्था प्रवर्द्धनका लागि नीति निर्माण गर्ने र संरचनात्मक व्यवस्था गरी बहिष्करणले निम्त्याएको समस्या हल गर्ने विचार, दृष्टिकोण र प्रतिबद्धता एमाले र रास्वपाको घोषणापत्रमा मूर्त रूपमा आएको छैन। समावेशीकरणलाई औपचारिकतामा सीमित गर्ने प्रयत्न प्रमुख दलहरूबाटै भइरहेको छ।

समावेशीकरणलाई स्वीकार गरिए पनि प्रतिनिधिसभाको पहिलो हुने निर्वाचित हुने प्रणालीको उम्मेदवारको सूचीले बहिष्करणकै निरन्तरतालाई स्पष्ट पार्छ। यो प्रणालीतर्फ करिब ११ प्रतिशत मात्रै महिला उम्मेदवार छन्। मुख्य राजनीतिक दलहरूको उम्मेदवारी हेर्ने हो भने नेपाली कांग्रेसले १६५ उम्मेदवारमध्ये १० जना (६ प्रतिशत) मात्रै महिला उम्मेदवारी दिएको छ। यसैगरी नेकपा (एमाले) १६४ मध्ये १० जना (६ प्रतिशत), नेकपा १६४ मध्ये १२ (७.३० प्रतिशत) र रास्वपले १६४ मध्ये १५ (९ प्रतिशत) उम्मेदवारी दिएको छ। ५१ प्रतिशत जनसंख्या ओगटेको महिलालाई १० प्रतिशतभन्दा कम उम्मेदवार बनाउनु राजनीतिक पितृसत्ताको उपज हो। यसले सबै मुख्य दलले महिला बहिष्करणलाई निरन्तरता दिइरहेको पुष्टि हुन्छ।

पहिलो हुने निर्वाचित हुने प्रणालीमा जातजाति र समुदायको उम्मेदवारीको तथ्यांकले नेपालका प्रमुख राजनीतिक दलमा खस-आर्य प्रभुत्वको दृश्य देखाउँछ। जम्मा उम्मेदवारको संख्या करिब ३६ प्रतिशत, आदिवासी जनजातिको २५ प्रतिशत, मधेशीको २४ प्रतिशत, दलितको ६.५ प्रतिशत, थारूको ४.५ प्रतिशत र मुस्लिमको ४ प्रतिशत मात्रै छ। प्रमुख दलमध्ये नेपाली कांग्रेसको खस-आर्यबाट ५९ प्रतिशत उम्मेदवार छन् भने दलितबाट एक जना मात्रै छन्। नेकपा (एमाले) ले पनि ५६ प्रतिशत खस-आर्यलाई नै उम्मेदवार बनाएको छ भने जम्मा २ जना दलित उम्मेदवार छन्। नेपाली कम्युनिस्ट पार्टीको ४७ प्रतिशत खस-आर्य र २ जना दलित उम्मेदवार छन्। उदाउँदै गरेको नयाँ पार्टी रास्वपामा त झन् ६० प्रतिशत खस-आर्यकै उम्मेदवार छन्। जम्माजम्मी ३ जना दलितलाई उसले उम्मेदवार बनाएको छ। यो तथ्यांकले नयाँ वा पुराना सबैजसो पार्टीले खस-आर्य प्रभुत्ववादको प्रवर्द्धन गरिरहेको देखाउँछ। रास्वपा सबैभन्दा धेरै खस-आर्य उम्मेदवार बनाउने पार्टी बन्न पुगेको छ। समावेशीकरणको दृष्टिकोणबाट यो प्रतिगामी कदम हो। पार्टीहरूको निर्वाचन घोषणापत्रमा लेखिएको समावेशिता र व्यवहारबीचको सबैभन्दा ठूलो अन्तरविरोध यही उम्मेदवारीले देखाउँछ। सारमा, समावेशी दृष्टिकोणबाट यो उम्मेदवारी वर्चस्वशाली वर्ग र समुदायको प्रभुत्वलाई संस्थागत गर्ने शृंखलाको निरन्तरता हो।

> प्रतिनिधिसभाको निर्वाचनमा राजनीतिक पार्टीले ल्याएको घोषणापत्र, दिइएको उम्मेदवारी संख्या र निर्वाचनका क्रममा दिइएको अभिव्यक्तिलाई आधार मान्ने हो भने नेपालका प्रमुख दलहरू समावेशीकरणलाई औपचारिकतामै सीमित गरेको पुष्टि हुन्छ।

निर्वाचन अभियानका क्रममा पनि समावेशी लोकतन्त्र बलियो बनाउने सवाल प्रमुख राजनीतिक दलको एजेन्डा बन्न सकेन। स्वाभाविक रूपमा तत्कालीन माओवादी जनयुद्ध, आन्दोलनका क्रममा महिला, दलित र उत्पीडित समुदायले पुऱ्याएको योगदानबारे नेकपाका नेता प्रचण्डले अभियानका क्रममा उठाएको देखिन्छ। सार्वजनिक मञ्च र अभियानका भेटघाटमा संघीयता, समावेशीकरण र उत्पीडित समुदायको मुद्दा मुखरित भएको देखिन्थ्यो। तथापि सत्ता र शक्तिमा रहँदा समावेशीकरणको प्रभावकारी कार्यान्वयनमा उनको भूमिका पर्याप्त रहेन। प्रमुख पार्टीका अन्य शीर्षस्थ नेतृत्वले समावेशी सामाजिक-राजनीतिक व्यवस्था निर्माणलाई खासै महत्त्व दिएको देखिएन। नेपालमा चरम गरिबी र अभाव छ। महिला र उत्पीडित समुदाय दैनिक यातना, दुर्व्यवहार र हिंसा भोग्न बाध्य छन्। वार्षिक ७ हजार हाराहारी अर्थात् दैनिक औसत १९ जना मानिस आत्महत्या गर्न विवश छन्। तर, यस्तो कहालीलाग्दो अवस्थाबाट मुक्त गर्ने समावेशी विकासको मुद्दाबारे उम्मेदवार बोलेनन्। नेपालमा क्यान्सरका कारण वार्षिक १५ हजार हाराहारी नेपालीको मृत्यु हुने गरेको छ। यो क्रम तीव्र रूपमा बढ्दै छ। आगामी सन् २०५० सम्ममा ९१ प्रतिशतले बढ्ने आकलन गरिएको छ। क्यान्सरका कारण महिला धेरै पीडित हुने गरेका छन्। गरिब र कमजोर वर्गले उपचार गराउन सक्ने अवस्था छैन। निर्वाचन अभियानमा गरिब, श्रमिक, र सीमान्तकृत समुदायको एजेन्डाले ठाउँ पाएन। औपचारिक दस्तावेजमा समेटिए पनि समावेशी विकास र समावेशी समाज निर्माण राजनीतिक नेतृत्व र उम्मेदवारका लागि चासोको विषय बन्न सकेन। नेपालका उत्पीडित समुदायका लागि यो विडम्बनाको विषय हो।

समावेशिता : निराशाजनक भविष्य

राष्ट्रिय संकटबीच भएको प्रतिनिधिसभाको निर्वाचनले तत्कालीन राजनीतिलाई एउटा दिशा दिने अपेक्षा गर्न सकिन्छ तथापि यसले नेपालको संरचनागत रूपान्तरण गरी वास्तवमै समावेशी लोकतन्त्र स्थापित गराउने संकेत गर्न सकेको छैन। उम्मेदवारी र निर्वाचनको अपेक्षित परिणामलाई आकलन गर्दा राज्य सत्ताको चरित्रमा खासै परिवर्तन हुने देखिँदैन। प्रभुत्वशाली शासक वर्ग र समुदायले नै सत्ताको मुख्य बागडोर सम्हाल्ने र बहिष्करणमा आधारित सत्तालाई निरन्तरता दिने स्पष्ट संकेत देखिन्छ। भावी प्रधानमन्त्रीका रूपमा कुनै महिला चर्चामा छैनन्, यसको अर्थ राजनीतिक दलहरू देशको कार्यकारी महिलालाई बनाउन तत्पर छैनन्। कुनै दलित देशको गृहमन्त्री बन्छन् र समाजमा व्याप्त हिंसा, विभेद, अन्याय र अत्याचारको अन्त्य गर्छन् वा सामाजिक न्याय स्थापित गर्छन् भन्ने संकेत अहिलेको राजनीतिमा देखिँदैन। राजनीतिक पार्टीहरूले कुनै महिला अर्थमन्त्री हुन सक्ने वा मधेशी रक्षामन्त्री हुने समावेशी सरकार बन्ने संकेत देखाएका छैनन्। पार्टीको नेतृत्वलाई समावेशी बनाउने, अवसरको समानुपातिक वितरण गर्ने र ऐतिहासिक उत्पीडनमा पारिएका समुदायको न्याय स्थापित गर्न प्रतिबद्ध राजनीतिक शक्ति नभएसम्म विभेदकारी राज्य सत्ताले संस्थागत गरेको बहिष्करणको अन्त्य हुन सक्दैन। राजनीतिक पार्टी र नेतृत्वमा राज्य सत्तालाई संरचनागत रूपमै रूपान्तरण गरी वास्तवमै समावेशी बनाउने ठोस विचार, दृष्टिकोण, नीति र कार्यक्रमबिना अबको राज्य सत्ता समावेशी हुन सक्दैन।

नेपालका उत्पीडित वर्ग, समुदाय र लिंगले राज्य सत्तामा सम्मानजनक हिस्सेदारी खोजेका हुन्। यो राज्य 'मेरो पनि हो' भन्ने अनुभूति गर्ने राज्य सत्ता निर्माणको अपेक्षा गरेका हुन्। संरचात्मक रूपमा रहेको एकल जातीय वर्चस्वको अन्त्य गरी विविध जातजाति, लिंग र समुदायको सहअस्तित्व र सहकार्यक्रम नीति निर्माण र कार्यान्वयन हुने समावेशी राज्य निर्माण गर्न चाहेका हुन्। जातीय, भाषिक, सांस्कृतिक स्वायत्ततासहितको शासकीय प्रणालीको प्रभावकारी अभ्यास गर्न खोजिएको हो। जातजाति, लिंग, भाषा र समुदायका आधारमा कुनै पनि हिंसा नहुने न्यायपूर्ण समाज खोजेका हुन्। प्रभुत्वशाली वर्ग, लिंग र समुदायले मात्रै राज्य शक्तिको अभ्यास गर्ने र उत्पीडित समुदायले सधैं शासित भइरहनुपर्ने अवस्था अन्त्य हुने दिशातिर अबको राजनीति अगाडि बढ्ने संकेत अझै देखिँदैन। समावेशीकरणको अभ्यासमा एक हदसम्म सुधार भइरहेको छ, तर यस्ता सुधारले मात्रै सामाजिक-राजनीतिक शक्तिमा रूपान्तरण गर्न सक्दैन। समावेशीकरण लोकतन्त्रको अनिवार्य सर्त हो, त्यसैले राज्य सत्ता, राजनीतिक दल, सार्वजनिक निकाय र सबै सामाजिक-आर्थिक क्षेत्रमा समावेशीकरणको प्रभावकारी कार्यान्वयन गराउन, न्याय र समानतासहितको समाज व्यवस्था निर्माणका लागि उत्पीडित वर्ग, लिंग, समुदाय र सामाजिक न्यायसहितको लोकतन्त्रप्रति प्रतिबद्ध सम्पूर्ण शक्तिले निरन्तर हस्तक्षेपकारी संघर्ष जारी राख्न आवश्यक छ।

@JBBiswokarma

उम्मेदवारको खर्च पारदर्शिता

जेन-जी अभिमत

विमल आचार्य

निर्वाचन लोकतन्त्र र संविधानवादको आधारशिला हो। जेन-जी युवाहरूले चाहेअनुसार अन्तरिम सरकारले २१ फागुनमा मतदान सम्पन्न गरेको छ। अब केही दिनभित्रमा मत परिणाम पनि सार्वजनिक हुनेछ। उम्मेदवारहरूले कानुनी शासन, संवैधानिक सर्वोच्चता, समानतासहितको विकास, भ्रष्टाचारको अन्त्य, पारदर्शिताको पक्षमा जनतासँग घरदैलोमै पुगेर वाचा गरेका थिए। लोककल्याणकारी राज्य व्यवस्थाका लागि पारदर्शिता एक अभिन्न अंग हो। पारदर्शिता केवल सैद्धान्तिक विषय मात्र नभएर व्यावहारिक पक्षसमेत हो। निर्वाचनका बेला अत्यधिक खर्च गर्ने, पैसा बाँड्ने, भोज गर्ने र मतदातालाई प्रभाव गर्ने परिपाटी नेपालका लागि नौलो होइन, यस निर्वाचनमा पनि केही क्षेत्रमा यसको अभ्यास देखिएको छ। यसलाई नियमन गर्न निर्वाचन आयोगले निर्वाचनमा तोकिएको सीमाभन्दा धेरै खर्च नगर्न निर्देशिका जारी गरेको थियो। यसको प्रभावकारी कार्यान्वयन नभएमा निर्वाचनको स्वच्छतामाथि प्रश्न उठ्ने निश्चित छ।

उम्मेदवारले गर्न पाउने खर्च सीमा

निर्वाचन आयोगले उम्मेदवारहरूले निर्वाचनमा कति खर्च गर्ने भनी जिल्लाअनुसार वर्गीकरण गरेको थियो। सुगम मानिएका जिल्लाका हकमा र दुर्गम मानिएका जिल्लाका हकमा फरक-फरक खर्च सीमा निर्धारण गरिएको थियो। आयोगका अनुसार काठमाडौंका पाँच वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम २५ लाख खर्च गर्न पाउनेछन्, जसमा काठमाडौंका क्षेत्रहरू १, ३, ६, ७ र ८ छन्। त्यस्तै, १७ वटा निर्वाचन क्षेत्रमा उम्मेदवारले अधिकतम २७ लाख बराबरको खर्च गर्न पाउने सीमा निर्धारण गरिएको थियो। ६५ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम २९ लाख बराबर खर्च गर्न पाउँथे। त्यस्तै ५२ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम ३१ लाख र २६ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम ३३ लाख बराबरको खर्च गर्न पाउने गरी सीमा निर्धारण गरिएको थियो। आयोगका अनुसार उम्मेदवारले खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट खर्च गर्नुपर्ने भनी उम्मेदवारलाई पत्राचारसमेत गरेको थियो। तर, यसको व्यावहारिक कार्यान्वयनमा समस्या देखिएको थियो।

खर्च गर्दा बैंकको प्रयोग

निर्वाचन आयोगले २१ माघमा प्रेस विज्ञप्ति जारी गर्दै प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा भाग लिने प्रयोजनका लागि आयोगमा दर्ता भई समानुपातिक र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि उम्मेदवारी दिएका सबै राजनीतिक दल, ती दलहरूबाट प्रतिनिधित्व गर्ने सबै उम्मेदवारहरू र स्वतन्त्र उम्मेदवारहरूले निर्वाचन प्रचारप्रसारका निमित्त आर्थिक सहयोग लिई गर्ने आम्दानी खर्चको कारोबार बैंक खातामार्फत गर्नुपर्ने भनेको थियो। खाता खोल्नका लागि राजनीतिक दलको हकमा निर्वाचन आयोगको सचिवालयबाट र उम्मेदवारहरूको हकमा सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयबाट सिफारिस हुने गरी तोकिएको छ। साथै, आयोगले निर्वाचन प्रसारप्रसार खर्चलाई आधुनिक बैंकिङ प्रणालीसँग आबद्ध गर्ने गरी सुसंस्कृत व्यवहारको थालनी गर्न सबै पक्षबाट सक्रिय सहयोग, समन्वय र सहजीकरणको अपेक्षा गरेको छ।

२५ हजार रुपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक तथा वित्तीय संस्थामार्फत गर्नुपर्ने, स्वैच्छिक सहयोगका रूपमा नगद लिएमा रसिद वा भरपाई दिई उम्मेदवार वा दलको बैंक खातामा जम्मा गर्नुपर्ने र उम्मेदवारहरूलाई अनिवार्य रूपमा खर्च गर्दा बैंक तथा वित्तीय संस्थाको प्रयोग गर्नु भनिए पनि त्यसको पालनामा भने कमी देखिएको छ। उम्मेदवारहरू विभिन्न माध्यममार्फत आर्थिक सहयोग संकलन गर्दै छन् र कसले कति सहयोग गरेको छ भन्ने पारदर्शिता खोज्न आयोगलाई कठिन छ। यसरी हुने तथ्यांकरहित आर्थिक सहयोगले निर्वाचनलाई स्वच्छ, भयरहित र पारदर्शिताबाट टाढा लाने निश्चित छ।

कानुनी व्यवस्था र अभ्यास

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ (१) ले निर्वाचन खर्चको विवरण पेस गर्नुपर्ने दायित्व भएको राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र आयोगले तोकेको ढाँचामा खर्चको बिल भरपाईसहित आयोगले तोकेको कार्यालयमा निर्वाचन खर्चको विवरण पेस गर्नुपर्ने भनिएको छ। साथै दफा २६ ले आयोगले दफा २४ को उपदफा (१) बमोजिमको अधिकतम हदभन्दा बढी खर्च गर्ने वा दफा २५ को उपदफा (१) बमोजिम तोकिएको अवधिमा खर्च विवरण पेस नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई निजले गरेको निर्वाचन खर्च वा आयोगद्वारा निर्धारित खर्चको हदमध्ये जुन बढी हुन्छ, सोही बराबरको रकम जरिवाना गर्न सक्नेछ भनी उल्लेख गरिएको छ। साथै, निर्वाचनको स्वच्छतामा प्रतिकूल हुने गरी वा गैरकानुनी तवरले खर्च गरेको देखिएमा आयोगले त्यस्तो राजनीतिक दल वा उम्मेदवारलाई त्यसरी गरेको खर्च बराबरको रकम वा पाँच लाख रुपैयाँमध्ये जुन बढी हुन्छ, सो बराबरको रकम जरिवाना गर्न सक्नेछ भनी उल्लेख गरिएको छ।

निर्वाचनमा भएको अत्यधिक वा अपारदर्शी खर्चले लोकतन्त्र कमजोर बनाउँछ। २०७९ मा भएको प्रतिनिधिसभाको निर्वाचनमा समेत उम्मेदवारहरूले ३५ दिनभित्र खर्च सार्वजनिक गर्नु भनिए पनि म्याद नाघिसकेपछि समेत सार्वजनिक गरेका थिएनन्। त्यस बखत निर्वाचन आयोगले निर्वाचन खर्च सार्वजनिक नगर्ने ३७ उम्मेदवारको नामावली सार्वजनिक गरेको थियो, पछि आयोगले कारबाही गर्ने चेतावनी दिएपछि मात्र खर्च सार्वजनिक गरिएको थियो। खर्च सार्वजनिक गर्दा बिल भरपाईसहित गर्नुपर्ने भनिए पनि उम्मेदवारहरूबाट सामान्य कागजमा लेखिएको हिसाब जस्तो खर्च सार्वजनिक गरिएको थियो, जुन विषय विश्वसनीय र यकिनयोग्य थिएन। यसले विधिको शासन, पारदर्शिता र निर्वाचन खर्चको निष्पक्षतामाथि प्रश्न उठाएको थियो।

अन्तर्राष्ट्रिय अभ्यास

बेलायतको सन्दर्भमा 'पोलिटिकल पार्टिज, इलेक्सन्स एन्ड रेफरेन्डम एक्ट, २०००' ले निर्वाचन उम्मेदवारले ५४०१० पाउन्ड खर्च गर्न पाउने र उम्मेदवारले ३५ दिनभित्र निर्वाचनमा भएको खर्चको विवरण त्यहाँको निर्वाचन आयोगमा बुझाउनुपर्ने र खर्च विवरण बुझाउँदा विभिन्न क्षेत्रमा कति खर्च भयो भन्नेसमेत खुलाउनुपर्ने व्यवस्था गरेको छ। भारतमा भने 'रिप्रिजेन्टेसन अफ द पिपुल एक्ट, १९५१' ले निर्वाचनमा हुने खर्चलाई नियमन गर्ने गरेको छ। उम्मेदवारले खर्च गर्न पाउने दायरा क्षेत्रअनुसार फरक-फरक रहेको छ। खर्च विवरणको सन्दर्भमा निर्वाचन सम्पन्न भएको ३० दिनभित्र भारतीय निर्वाचन आयोगमा विवरण बुझाउनुपर्ने भनी उल्लेख गरिएको छ।

निष्कर्ष

निर्वाचन लोकतन्त्रको आधारशिला हो, उम्मेदवारले गर्ने अत्यधिक वा अपारदर्शी खर्चले लोकतन्त्र कमजोर बनाउँछ। कानुनले खर्चको अधिकतम सीमा तोकेर मात्र पर्याप्त हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन, समयमै विवरण पेस गर्ने बाध्यता र सार्वजनिक निगरानीको सुनिश्चितता पनि उत्तिकै आवश्यक हुन्छ। नेपालको सन्दर्भमा निर्वाचन आयोगलाई निर्वाचन आयोग ऐन, २०७३ ले खर्च विवरण संकलन, अनुगमन र कारबाही गर्ने स्पष्ट व्यवस्था गरेको छ। तथापि व्यवहारमा खर्च विवरण ढिलो पेस हुने, बिल भरपाईबिना विवरण सार्वजनिक हुने र बैंकिङ प्रणालीको पूर्ण पालना नहुने जस्ता समस्याले विधिको शासन र पारदर्शितामाथि प्रश्न उठाएका छन्। यदि निर्वाचनमा उम्मेदवारले गर्ने खर्च पारदर्शी, कानुनसम्मत हुन सकेन भने लोकतन्त्र केवल औपचारिक प्रक्रिया मात्र सीमित बन्ने खतरा रहन्छ। त्यसैले स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचनका लागि निर्वाचन आयोगले सक्रिय अनुगमन र कारबाहीको व्यवस्था लागू गर्नुपर्छ र निर्वाचनलाई दबाब प्रभावबाट टाढा राखी भयरहित तवरले सम्पन्न गर्न राज्य मात्र नभएर उम्मेदवार आफैंसमेत जिम्मेवार रहनुपर्छ।

निर्वाचनअघि र पछिको राजनीति

सन्जिब हुमागाईं

अब जनतालाई आश्वस्त पार्ने प्रयास गर्नु हाम्रो राजनीतिको प्रमुख कार्यदिश हुनुपर्छ । त्यस्तो वातावरण सिर्जना गर्न सक्ने र नेतृत्व लिनुपर्ने एक मात्र संस्था संसद् हो भन्ने विषयलाई सबैभन्दा पहिले स्वीकार गर्नुपर्छ । नेपालको राजनीतिको समस्याको मूल कारण नै संसदीय सर्वोच्चताको अभाव हो भन्ने विषयलाई हाम्रो राजनीतिले स्वीकार नगर्दासम्म हाम्रा समस्याहरूमा तात्त्विक भिन्नता निर्माण गर्न नसकिने यथार्थलाई सबैले आत्मसात् गर्नुपर्छ ।

कहाँ थिए हाम्रो राजनीतिका प्रमुख समस्या ? नेपाली राजनीतिमा समस्या थियो, हामी सबैले भाषण गर्‍यौं । तर दुर्भाग्यको कुरा, २०४८ सालदेखि एक पटक पनि हाम्रा राजनीतिक समस्याको प्रकृति, कारण र समाधानका बारेमा आमसहमतिको मार्गमा हिँड्न सकेनौं । प्रमुख राजनीतिक पात्रहरू सधैं आ-आफ्नै बुझाइको रटानमा रहनु, मेरो गोरुको बाह्रै टक्का गर्नु र आफूहरूबीच दूरी घटाउन प्रयत्न नगर्नु हाम्रो राजनीतिको सबैभन्दा दुःखद पक्ष रह्यो । त्यसो त राजनीतिलाई सो दिशामा हिँड्न बाध्य बनाउने काम विश्वविद्यालय, मिडिया, थिंक ट्यांकलगायत नागरिक समाजको हो । सो क्षेत्रको जिम्मेवार सदस्य भएका कारण मेरो आफ्नै कमजोरीप्रति आत्मालोचना गर्दै यो आलेख अगाडि बढाउन चाहन्छु ।

फर्केर हेर्दा, नेपाली राजनीतिमा आठ प्रमुख र तत्काल आमसहमति गर्नुपर्ने मुद्दा थिए । पहिलो, नेपालले २०७२ सालमा जारी गरेको संविधान र सो सिलसिलामा भएको राजनीतिक सहमतिका आधारमा स्थापना भएको लोकतन्त्रको बृहत्तर परिभाषाका बारेमा नेपाली राजनीतिमा फरक-फरक बुझाइ र अपनत्वको प्रधान समस्या रहेको छ । नेपाली लोकतन्त्रका तीन प्रमुख आधारस्तम्भहरू रहेका छन्- न्यूनतम प्रजातन्त्र, सशक्तीकरण केन्द्रित बहुसंस्कृतिवाद र गैरबहुमतीय प्रणाली । एकातर्फ यी तीन सिद्धान्तबीचको तादत्म्यताको नेपाली मोडल निर्माणमा चुक्यौं भने अर्कोतर्फ तीन सिद्धान्तसँगै संघीयतालाई कसरी संस्थागत गर्ने भन्नेमा नेपाली राजनीतिको मिहिनेतलाई कदापि पर्याप्त मान्न सकिँदैन । हामी लोकतान्त्रिक हुँदा मात्रै लामो समयदेखि सीमान्तकृत क्षेत्र र समुदायका व्यक्तिहरूको उत्पादन र उत्पादकत्वमा तात्त्विक रूपान्तरण आउने र त्यसलाई आधार बनाएर आमनेपालीको आर्थिक एवं सामाजिक जीवनमा आमूल परिवर्तन ल्याउन सकिन्छ भन्नेमा हाम्रो राजनीतिका कुनै पनि प्रमुख पात्रहरू आश्वस्त रहेको देखिँदैन । हामीले किन अहिलेको शासन प्रणाली अवलम्बन गर्‍यौं भन्नेसम्म पनि पूर्ण हेक्का नराख्ने राजनीतिसँग सुशासन र आर्थिक समृद्धिको अपेक्षा आफैंमा कति बुद्धिमानी होला ?

दोस्रो, कुनै पनि शासन प्रणाली संस्थागत भई आर्थिक विकासको लय लिन सबल राज्य र बलियो राष्ट्रिय पहिचान आवश्यक हुन्छ । त्यतातर्फ हाम्रो राजनीतिले कहिल्यै पनि पर्याप्त ध्यान दिन सकेन । नेपालले बृहत् लोकतान्त्रिक विधिमा जाने निष्कर्ष निकाल्नुका पछाडि राज्यका सबै तह र तप्कालाई सशक्त, चलायमान र स्वायत्त बनाउने अर्थात् 'गभर्नेन्स' को विश्वव्यापी सिद्धान्तको कार्यान्वयनमार्फत सबल राज्य निर्माण गर्ने महान् लक्ष्य रहेको थियो । तर दुर्भाग्य, राज्यका सबै संस्थाको अवस्थालाई परिवर्तन गर्नेभन्दा पनि राजनीतिको बागडोर केही सीमित नेता र नेतृत्वको हातमा निहित गर्नेतर्फ हाम्रो राजनीति सधैं उद्यत रह्यो ।

२०६२/६३ पश्चात्को नेपाली राजनीतिमा राष्ट्रियताको मुद्दा सधैं जबर्जस्त रह्यो । तर तीन करोड नेपालीलाई एक सूत्रमा बाँध्ने भावना विकास गर्न कत्ति प्रयत्न गरियो ? सन् १९५० पश्चात् राष्ट्रियताका सिद्धान्तमा आम नागरिकहरूलाई गोलबद्ध बनाएर नागरिकको त्याग र बलिदानको भावना सिर्जना गरी आर्थिक विकास हासिल गरेका देशहरूलाई हेर्दा, सो देशमा रहेको शासन प्रणालीप्रतिको विश्वास, त्यसमध्ये पनि यही शासन प्रणालीले नै आर्थिक विकास गर्छ भन्ने विश्वास सिर्जना हुँदा मात्र सम्भव भएको छ । तर हाम्रो राष्ट्रियताको बहस शासन प्रणालीप्रतिको विश्वास सिर्जना गर्नेभन्दा सधैं पृथक बाटोमा हिँड्यो । एकातर्फ राष्ट्रियताको कुरा गर्ने र अर्कोतर्फ नागरिकलाई विभाजित गर्ने काम एकै पटक हुने गर्‍यो । सबल राज्य र बलियो राष्ट्रियताभन्दा पनि ठूलो राष्ट्रिय स्वार्थ हुन्छ ? अनि त्यस्तो राष्ट्रिय स्वार्थको खिलापमा नागरिकलाई विभाजित गर्ने अभिव्यक्ति वा वातावरणलाई प्रश्रय दिने राजनीतिलाई प्रश्न गर्नु पर्दैन ?

तेस्रो, सिद्धान्तविहीनता वा सिद्धान्तको औचित्यमाथिको प्रश्न नेपाली राजनीतिको डरलाग्दो रोग हो । खासमा, नेपाली राजनीतिले यो मामिलामा आफैंलाई ढाँट्यो, नागरिकलाई ढाँट्यो । यहाँ लोकतन्त्रको भजन गाएर कोही थाकेको छैन । तर, माथि उल्लेख गरेझैं बृहत् नेपाली लोकतन्त्रलाई नेपाली राजनीतिले पूर्ण स्वीकार गर्न सधैं आनाकानी गरिरह्यो । अर्कोतर्फ बजार अर्थतन्त्रलाई पूर्ण स्वीकार गरेर पनि समाजवादको भजन गाउन छाडेन । बजारलाई व्यवस्थित गर्न राज्यको सक्रिय नियन्त्रण आवश्यकताको सिद्धान्तका बारेमा समेत नेपाली राजनीति बेखबर रह्यो । स्वतन्त्र कारोबार आयोग जस्ता न्यूनतम संस्थाका बारेमा नीति, नियम र कानुनको पूर्वतयारीको अवस्थासम्म पनि हाम्रो राजनीति प्रवेश गरेको छैन ।

राजनीति, समाज र अर्थतन्त्रका बारेमा जटिल समस्याहरू छन् । त्यसका बारेमा गहन समाधान खोज्ने बहस सुरु हुँदा सैद्धान्तिक बहस स्वतःस्फूर्त रूपमा सुरु हुन्छ । सिद्धान्तविहीनता वा सिद्धान्तको औचित्यमाथिको प्रश्नको प्रमुख कारण हाम्रो प्रधान प्रश्नहरूप्रतिको सघन छलफलको अभावको प्रतिबिम्ब हो । यो कदापि गर्व गर्ने विषय होइन । देश र नागरिकसँग सम्बन्धित विषयमा विश्व जगत्ले लामो समय लगाएर पर्याप्त आवश्यक सिद्धान्तहरू निर्माण गरेका छन् । प्रयोग गर्ने वा नगर्ने हाम्रो हातमा छ ।

चौथो, लोकतन्त्रलाई संस्थागत गर्दै आर्थिक वृद्धि हासिल गर्ने नेपाली मोडलको निर्माणमा नेपाली राजनीति राष्ट्रिय छलफल र आमसहमतिमा चुकेको छ । सामान्यतया अहिले लोकतान्त्रिक रहेका धेरै देशहरूले लोकतन्त्र संस्थागत हुनुअघि आर्थिक वृद्धि हासिल गरेको देखिन्छ । हामीसँग त्यसका बारेमा सोच्ने वा पछाडि फर्कने स्वतन्त्रता छैन । पहिला आर्थिक विकास गरौं अनि लोकतन्त्रलाई संस्थागत गरौं भन्ने स्वतन्त्रता पनि छैन । यस अर्थमा हामीले संसारका विरलै देशहरूले अनुभव गरेको एउटा नयाँ बाटो तय गरेका छौं । सो मार्गमा सफल हुन हामीले आफ्नै मोडल निर्माण गर्नुपर्ने बाध्यकारी अवस्था छ । त्यसका लागि जुन तहको छलफल आवश्यक थियो, त्यसतर्फको प्रयत्न कुनै पनि दृष्टिकोणबाट पर्याप्त मान्न सकिँदैन । अर्थात्, लोकतन्त्र र आर्थिक विकास सहयोगी संस्थाहरूलाई एकैसाथ प्रोत्साहन गर्ने र बाधक संस्थाहरूलाई निरुत्साहित गर्नेतर्फ हाम्रो राजनीति खासै सचेत रहेको देखिँदैन ।

पाँचौं, हाम्रो शासन प्रणालीका सैद्धान्तिक आधारहरू र हाम्रा विश्वासहरूबीचको खाडलको छलफलमा नेपाली राजनीति प्रायः नैराश्य रह्यो । त्यसको छलफल असमानताप्रतिको हाम्रो बुझाइ, हामीले तय गरेको मार्ग र नेपाली समाजमा व्याप्त भाष्यबीचको खाडलमा केन्द्रित हुनु आवश्यक छ । २०६२/६३ को आसपासमा नेपाली राजनीतिले नेपाली समाजमा व्याप्त असमानता रहेको आमस्वीकार गर्‍यो । सो समय नेपाली समाजको असमानता व्याख्या गर्ने दुई प्रमुख दृष्टिकोण थिए । पहिलो, वर्गीय असमानताको र दोस्रो राजनीतिक समावेशिताका कारण सिर्जित अर्थ-सामाजिक असमानताको दृष्टिकोण । पहिलोको समाधान पुनर्वितरणको सिद्धान्त हुनुपर्थ्यो भने दोस्रोको नागरिकका बारेमा महत्त्वपूर्ण निर्णय गर्दा हरेक पटक सम्बन्धित नागरिकलाई नै सोध्ने संवादलाई उच्च प्राथमिकता दिने अधिकतम प्रजातान्त्रिक अभ्यास ।

तर लामो समयको रस्साकसीपश्चात् नेपाली राजनीतिले मध्यमार्गका रूपमा आधुनिक उदारवादका सिद्धान्तमा आधारित वर्तमान लोकतान्त्रिक मोडलमा सहमति जुटायो । हिजो सामाजिक एवं राजनीतिक कारणले सीमान्तकृत लिंग, समुदाय र क्षेत्रबाट राजनीतिक निर्णय गर्ने संस्थामा प्रतिनिधित्वलाई विस्तार गर्ने र यस्तो मात्रात्मक वृद्धिले कालान्तरमा समाजका हरेक क्षेत्रको विकास गर्ने नीति, नियम, कानुन र कार्यक्रमहरू तर्जुमा र कार्यान्वयनमार्फत नेपाली समाजको आमूल रूपान्तरण हुन्छ भन्ने विश्वास थियो ।

नेपाली राजनीति आफैंले तय गरेको यस्तो सिद्धान्तलाई कार्यान्वयनमा लैजानेभन्दा पनि हिजोका दृष्टिकोण, आफैंले तय गरेको मार्गभन्दा नितान्त फरक भाष्यको पछाडि दौडियो । कुनै समय युरोपमा प्रचलित रहेको 'बहुसंख्यक नागरिकको अधिकतम खुसी' केन्द्रित सिद्धान्त यहाँ पनि प्रचलित रह्यो । हरेकको मुख-मुखमा 'सीमित स्रोत र साधनका बाबजुद' झुन्डिएको छ । अर्थात्, सीमान्तकृतका मुद्दा, असमानताका मुद्दालाई राजनीतिले भुल्दै गएको भान भएको छ ।

छैटौं, लोकतन्त्रको रटान भर्ने, भराउने नेपाली राजनीति लामो समयदेखि 'पपुलिजम' ले ग्रसित छ । हरेक पटक नागरिकलाई विभाजित गर्ने, नागरिकलाई बिचरा बनाउने, स्थापित नेतृत्वलाई भ्रष्ट चित्रित गर्ने र यी सबै समस्याको समाधान गर्ने आफूसँग जादुको छडी रहेको वकालत गर्नु नेपाली राजनीतिमा लोकप्रिय विषय छ । अहिलेका सबै समस्याका कारण आफूबाहेकका भ्रष्ट नेता र अहिलेका झन्झटिला विधि, विधान र प्रक्रिया रहेकाले आफूलाई त्यसलाई मिच्ने एक अवसर दिन अपिल गर्छन् । केही दशकदेखि नेपाली राजनीति यस्तो अवस्थालाई अन्त्य गर्नेभन्दा पनि संस्थागत गर्नेतर्फ उद्यत छ । नेपाली समाज अझै पनि त्यस्तातर्फ प्रश्न गर्न उत्साहित देखिँदैन । नेपाली राजनीति सोही दिशामा अझै पनि केही समय रुमलिने देखिन्छ । अब चिन्तन गरौं, माथि हामीले तय गरेको मार्ग, सहमति गरेको सिद्धान्त र आज व्याप्त 'पपुलिजम' बीचको खाडलका बारेमा गहन छलफल आवश्यक छैन ?

सातौं, केन्द्रमा रहेको 'पपुलिजम' को रोग समाजको तल्लो तहसम्म फैलिसकेको छ । राजनीतिको व्यक्तीकरण अर्थात् निर्वाचनमा उम्मेदवार हुनदेखि निर्वाचित हुनसम्म व्यक्ति-व्यक्तिले सबै संयोजन र व्यवस्थापन गर्नुपर्ने अवस्था छ । संसदीय निर्वाचन २०८२ लाई मात्रै हेर्दा पनि यो प्रस्ट हुन्छ । राजनीतिक दलको औचित्यमाथि नै प्रश्न उठ्न सुरु भएको छ । जनप्रतिनिधि छनोट गर्ने निर्वाचन मात्रै होइन, राजनीतिक दलहरूका आन्तरिक निर्वाचनमा समेत यस्तै अभ्यास व्याप्त छन् । संगठन वा सिद्धान्त अब केवल देखाउने दाँत मात्रै भएका छन् । राजनीतिमा व्याप्त व्यक्तीकरणले अस्वस्थ प्रतिस्पर्धालाई संस्थागत गरेको छ । राजनीतिमा पैसा र शक्तिको दुरुपयोगलाई प्रोत्साहन गरेको छ ।

आठौं, यो सिलसिलामा नेपाली संसद् कमजोर मात्रै होइन, निरीह नै बनेको छ । हामी यस्तो देशका नागरिक हौं, जहाँ अर्बौं रकम खर्च गरेर, महिनौंसम्म नागरिकहरूको समय, स्रोत, साधन र शक्ति खर्च गरेर प्रतिनिधिसभाका सदस्यहरूलाई निर्वाचित गर्छौं र उनीहरूलाई कार्यालय दिने, काम दिने विषयको छलफलसमेत आवश्यक ठान्दैनौं । सांसदलाई गुणस्तरीय कार्यालय, सेवा र सुविधा चाहिन्छ भनेर तर्क गर्‍यो भने उसलाई सबैद्वारा 'नन्सेन्स' चित्रित गरिन्छ । एउटा साधारण कार्यालयमा काम गर्ने कर्मचारीलाई त कार्यालय, कुर्सी, कम्प्युटरलगायतको न्यूनतम कार्यालय वातावरण आवश्यक ठानिन्छ भने देशको भविष्य निर्धारण गर्ने संघीय सांसदलाई किन कार्यालय आवश्यक छैन ? यदि हाम्रा सांसदले गर्नुपर्ने काम नै छैन भने हामी किन यति धेरै शक्ति खर्चेर निर्वाचनमा होमिएका छौं ? पहिलो संविधानसभादेखि अभ्यासमा रहेको संसद् र सांसदलाई निरीह बनाउने, केही सीमित नेता र नेतृत्वले संसद्बाहिर संसदीय अभ्यासलाई कब्जा गर्ने राजनीति हामी कसैका लागि पनि हितकारी छैन ।

निर्वाचनः हामी कति सफल, कति असफल ?

यो निर्वाचन एक विशिष्ट परिस्थितिमा सम्पन्न भएको छ । सबैले यो निर्वाचनले राजनीतिक निकास दिने अपेक्षा गर्‍यौं, तर्क गर्‍यौं । हो, लिकबाहिर गएको लोकतन्त्रलाई ट्र्याकमा ल्याउन निर्वाचन अपरिहार्य थियो । तर माथि उल्लेखित नेपाली राजनीतिका प्रधान समस्या समाधानतर्फ हामीले कति प्रयत्न गर्‍यौं ? विवेचना गर्ने यो महत्त्वपूर्ण समय हो । माथिका सवालहरूका बारेमा निर्मम समीक्षा गर्ने हो भने २३ भदौदेखि २१ फागुन अर्थात् यो निर्वाचनसम्मको समयलाई खासै सफल मान्न सकिँदैन । अर्थात्, आगामी दिनमा गर्नुपर्ने धेरै काम छन्, जसका लागि सिंगो राज्य, राजनीतिक दल, नागरिक समाजबीच सघन संवाद र सहकार्य अपरिहार्य छ ।

पहिलो, विगतमा जस्तै यस अवधिमा अमूर्त राजनीतिक गन्थनमै सबैभन्दा धेरै समय र शक्ति खर्च भयो । सुशासन र भ्रष्टाचार निवारणका बारेमा सबैले भाषण गरे, तर नेपालले अवलम्बन गर्नुपर्ने मार्गका बारेमा ठोस चित्र निर्माण गर्न सिङ्गो राजनीति नै चुक्यो । हिजो जस्तै आवश्यकतालाई जोड दिएरै महत्त्वपूर्ण समय खेर गयो । 'कसरी ?' भन्ने बहस अमूर्त नै रह्यो । जस्तै, सार्वजनिक खरिद ऐनको संशोधन विकास निर्माणलाई गति दिनेदेखि भ्रष्टाचार निवारणसम्म अत्यावश्यक रहेको धेरैले तर्क गरे पनि निर्वाचनपछिको सरकारले के-कस्तो संशोधन गर्नुपर्छ भन्नेमा आमसहमति सिर्जना हुन सकेन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सार्वजनिक एवं निजी क्षेत्रको भूमिकामा परिवर्तन आवश्यक भएको विषयमा लामो समयदेखि चर्चा भए पनि त्यसमा पनि ठोस सहमति हुन सकेन । अर्थात्, सुशासनको बहस निर्वाचनपछि पनि उही पुरानै पारामा निरन्तर हुने निश्चितप्रायः छ । सबैले चर्चा गरेको विषयमै आगामी मार्गचित्र निर्माण गर्न सकिएन भने अन्य विषयमा के अपेक्षा गर्नु ?

त्यस्तै अर्को ज्वलन्त उदाहरण हो, राष्ट्रियताको बहस । सबैलाई बलियो राष्ट्रिय पहिचान आवश्यक छ । तर राष्ट्रिय पहिचान सो देशले अवलम्बन गरेको शासन प्रणालीमा आधारित हुन्छ भन्ने विश्वव्यापी अनुभव स्वीकार गर्न भने नेपाली राजनीति कदापि तयार भएको देखिँदैन । शासन प्रणालीका बारेमा कसरी नागरिकको विश्वास अभिवृद्धि गर्ने भन्नेमा कोही कसैको ध्यान गएको देखिँदैन । शासन प्रणालीबाहिर राष्ट्रियताका सिद्धान्त खोज्ने हठले नै निरन्तरता पायो ।

दोस्रो, माथि उल्लेखित गरिएका नेपाली राजनीतिका प्रधान समस्यामा हामी लगभग मौन नै रह्यौं । लाग्थ्यो, प्रमुख राजनीतिक दलहरूले राजनीतिका चुरो प्रश्नमा मौन रहने आमसहमति नै गरेका छन् । लामो संघर्षबाट स्थापित लोकतन्त्रको बृहत् परिभाषामा नेपाली राजनीतिले किन कन्जुस्याइँ गर्‍यो ? लोकतन्त्रका बारेमा रहेको संकुचनको निरन्तरताले असमानताको अवस्थालाई कस्तो असर पार्ला ? लोकतन्त्र संस्थागत हुन र आर्थिक विकास हासिल गर्न अत्यावश्यक संस्थाहरू विकास गर्न राष्ट्रिय सहमति हुनुपर्नेमा हाम्रो राजनीतिमा आमसहमति निर्माणमा नेतृत्वको ध्यान गएको अनुभूति नहुनु आफैंमा दुःखद दृष्टान्त होइन र ? यस्ता तमाम प्रश्नहरू छन्, जसका बारेमा घनीभूत छलफल गर्नुपर्ने 'गोल्डेन समय' हामीले खेर फालेकै हौं ।

साथै, नेपाली राजनीतिको प्रधान समस्याका रूपमा रहेको 'पपुलिजम' लाई अन्त्य गर्नेभन्दा पनि प्रोत्साहन गर्ने, संस्थागत गर्नेतर्फ उन्मुख हुनु सबैभन्दा ठूलो चिन्ताको विषय हो । संसद्लाई सशक्त बनाऔं, सांसदको प्राधिकार स्थापना गरौं, कानुन निर्माण गरौं, नीति बनाऔं, राज्यका हरेक क्षेत्रमा नीति निर्माणकर्ता एवं प्रशासकको क्षमता विकास गरौं, हरेक संस्थालाई स्वायत्त बनाऔं जस्ता विषयले पर्याप्त समय नै पाएनन् । अर्थात्, राजनीतिका चुरो विषयलाई यथावत् राखेर हामी निर्वाचन पर्वको साङ्गे गर्दैछौं ।

तेस्रो र सबैभन्दा महत्त्वपूर्ण विषय भनेको यो निर्वाचन पूर्णरूपमा अर्थ-सामाजिक मुद्दाकेन्द्रित हुन्छ भन्ने आमअपेक्षामा तुषारापात भएकै हो । जुन उमेर समूहको रगत, त्याग र बलिदानको आडमा यो निर्वाचन हुँदै थियो, उनीहरूकै मुद्दामा राजनीति लगभग बेखबर जस्तै थियो । युवाका समाज र राज्यप्रति दुई प्रमुख गुनासाहरू थिए । पहिलो, उनीहरूले जहाँ शिक्षा प्राप्त गरेका थिए वा गर्दै छन्, त्यहाँको गुणस्तरीयता, सेवा र खर्चप्रति असन्तुष्टि रहेको थियो । दोस्रो, दुःख गरेर पढ्यो अनि रोजगारी पाउने बेलामा फेरि भनसुन गर्नुपर्ने वातावरणप्रति उनीहरूको गुनासो थियो । यो समस्या निजी क्षेत्रमा अझ बढी व्याप्त रहेकामा उनीहरूको चरम असन्तुष्टि थियो । यसको सुधारका लागि राज्यले लिने नीतिका बारेमा छलफलबाट आशा सिर्जना गर्न हाम्रो राजनीति नराम्ररी चुक्यो । अर्थात्, विद्यार्थीहरूले जाडो वा गर्मी बिदामा गृहकार्य नगरी विद्यालय गए जस्तै हाम्रो निर्वाचनमा पनि राजनीतिक मुद्दा र निकासका सम्भावनाका बारेमा पर्याप्त छलफल नगरी एउटा स्वर्णिम अवसर गुमाएको छ ।

अबको बाटो ?

समग्रमा, हामीले एउटा ठूलो अवसरलाई सदुपयोग गर्न सकेनौं । यो आलेखको सुरुमा मैले आत्मालोचना गरेझैं यसमा कोही एक जना मात्रै, कुनै एक समूह मात्रै जिम्मेवार छैन । इतिहासले दिएका हरेक स्वर्णिम अवसरहरूलाई सदुपयोग गर्न नसक्नु हाम्रो नियति नै बनेको छ । फेरि एक पटक त्यस्तै नियति दोहोरिएला कि भन्ने चिन्ता आमनागरिकमा छ । हाम्रो हैसियत नै यत्ति हो भनेर स्वीकार गर्दा मात्रै अगाडि बढ्न सकिन्छ । यदि हामी साँचो अर्थको परिवर्तन चाहन्छौं भने हाम्रो समग्र क्षमताका बारेमा प्रश्न गर्न कदापि कन्जुस्याइँ गर्नु हुँदैन ।

अब जनतालाई आश्वस्त पार्ने प्रयास गर्नु हाम्रो राजनीतिको प्रमुख कार्यदिश हुनुपर्छ । त्यस्तो वातावरण सिर्जना गर्न सक्ने र नेतृत्व लिनुपर्ने एक मात्र संस्था संसद् हो भन्ने विषयलाई सबैभन्दा पहिले स्वीकार गर्नुपर्छ । नेपालको राजनीतिको समस्याको मूल कारण नै संसदीय सर्वोच्चताको अभाव हो भन्ने विषयलाई हाम्रो राजनीतिले स्वीकार नगर्दासम्म हाम्रा समस्याहरूमा तात्त्विक भिन्नता निर्माण गर्न नसकिने यथार्थलाई सबैले आत्मसात् गर्नुपर्छ । अर्थात्, संसद् जति चलायमान भयो, त्यति नै हाम्रा राजनीतिक गृहकार्यहरू छिटो सम्पन्न गर्न सकिन्छ ।

दिन-रात नभनी चल्ने संसद्ले नेपाली राजनीतिका आधारभूत प्रश्नहरू र नागरिकका दैनिक समस्याका बारेमा एकैसाथ संवाद सुरु गर्नुपर्छ । राज्य कस्तो हुने, राष्ट्रियताका सिद्धान्तहरू के हुने, आर्थिक र राजनीतिक विकासका लागि आवश्यक संस्थाहरूको विकास कसरी गर्ने जस्ता न्यूनतम आवश्यकताहरूका बारेमा हरेक दिन छलफल हुनुपर्छ । अर्को पुस्ताले फेरि लोकतान्त्रिक मूल्य र मान्यतालाई कसरी स्थापित गर्नुपर्छ भन्ने आधारभूत प्रश्नका बारेमा चिन्ता गर्न नपर्ने नेपाल नै नयाँ नेपाल हो । हाम्रो प्रस्थानबिन्दु नै त्यहीं हो भन्नेतर्फ हाम्रो संसद्ले हेक्का राख्नुपर्छ ।

साथै, शिक्षा, स्वास्थ्य, यातायात जस्ता दैनिक समस्याहरूका बारेमा सदनमा सिङ्गो राष्ट्रको विषयमा छलफल हुनुपर्छ । संसद्को छलफलमा हरेक नागरिकले आफ्नो समस्या उल्लेख भएको अनुभूति गर्नुपर्छ । जब हाम्रा नागरिकले संसद्लाई साँचो जनप्रतिनिधिका रूपमा हेर्न थाल्छन्, त्यस दिनबाट हाम्रो राजनीति सही दिशामा हिँड्न सुरु गर्छ । यो सिलसिलामा कम्युनिस्ट क्रान्तिबाट आएका माओ त्से-तुङले कसरी आफ्ना प्रधान दुस्मनहरू रहेका 'राष्ट्रिय पुँजीपति' हरूलाई पनि सँगसँगै लिएर गएका थिए भन्ने कुरा हाम्रो राजनीतिले मनन गर्नुपर्छ । समावेशिता हरेक नयाँ राजनीतिक यात्राको पूर्वसर्त हो भन्ने कुरा हाम्रो राजनीतिले हेक्का राख्नुपर्छ । अझै पनि कुनै निश्चित क्षेत्र वा समूहका व्यक्तिलाई प्रक्रियाबाहिर राखेर यो देशलाई समुन्नत बनाउन सकिन्छ भन्ने भ्रममा छौं भने त्यस्ता पात्रहरूले यो नयाँ राजनीतिको खेलबाट स्वैच्छिक अवकाश लिएकै जाति हुन्छ ।

खाडीमा रहेका नेपालीलाई राज्यको भरोसा

सीता घिमिरे

नेपाल विप्रेषणले चलेको मुलुक हो भन्ने तथ्य सबैलाई थाहा छ, सरकारलाई त झनै राम्ररी थाहा छ । आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा मात्र रु. १ खर्ब ६२ अर्ब ९३ करोड विप्रेषण औपचारिक माध्यमबाट भित्रिएको छ । अनौपचारिक माध्यमबाट भित्रिने रकम पनि निकै ठूलो भए तापनि यसको लेखाजोखा भने हुन सकेको छैन । यो रकमको ठूलो हिस्सा खाडी मुलुक तथा मध्यपूर्वी देशहरूमा गएका कामदारहरूले पठाएका हुन् ।

वैदेशिक रोजगार विभागको तथ्यांकले हाल खाडी मुलुकसहित मध्यपूर्वी देशहरूमा श्रम स्वीकृति लिएर कामको खोजीमा गएका नेपालीहरूको संख्या करिब २० लाख देखाउँछ, जसमध्ये ११ प्रतिशतभन्दा बढी महिला कामदार छन् । श्रम स्वीकृति नलिई गएका अथवा दस्तावेजीकरण नभएका पनि छन् ।

२८ फेब्रुअरीमा अमेरिका र इजरायलद्वारा इरानका सैनिक अभ्यास गर्ने स्थललगायत महत्त्वपूर्ण स्थानमा हमला भएपछि संसारभरि नै डर र त्रासको वातावरण फैलिएको छ । जवाफी कारबाहीस्वरूप इरानले खाडी मुलुकलगायत मध्यपूर्वका अमेरिकी आधार इलाकाहरूमा आक्रमण गरिरहेको छ । साथै, एयरपोर्ट, अमेरिकी राजदूतावास, तेल प्रशोधन केन्द्रलगायत ठाउँमा पनि आक्रमण भएको छ ।

जटिल अवस्थामा पनि ती मुलुकले सम्भव भएसम्म विदेशी कामदारको सुरक्षामा ध्यान दिएका छन् । युद्धको प्रकृतिलाई हेर्दा यो अवस्था चाँडै टुंगिन्छ भन्न सकिने स्थिति छैन । परिस्थिति जटिल बन्दै गएमा जोखिम बढ्नुका साथै खाली हात फर्कनुपर्ने वा कामबाट निकालिएर स्वदेश फर्किने अवसरसमेत नपाई अलपत्र पर्नुपर्ने हुन सक्छ ।

कोभिड-१९ का बेला पनि धेरै कामदार र तिनका परिवारले यस्तै त्रास बेहोर्नुपरेको थियो । त्यतिबेला ढिलै गरेर भए पनि एक आपत्कालीन उद्धार संयन्त्र निर्माण गरिएको थियो, तर यसको प्रभावकारी कार्यान्वयन भने खासै भएको पाइएन । अझ भन्नुपर्दा, श्रम स्वीकृति नलिई गएका तथा श्रम अवधि समाप्त भएका कामदारहरूलाई प्राथमिकतामा पछाडि परेका थिए । आखिर उनीहरू पनि नेपाली नागरिक नै हुन् र उनीहरूले पठाएको विप्रेषण राज्यले गौरवका साथ प्रयोग गरिरहेको छ । आशा गरौं, यसपालि त्यस्तो अवस्था आउँदैन ।

यसपालि नेपाल सरकारले समयमै सकारात्मक कदम चालेको देखिन्छ । युद्ध सुरु भएको भोलिपल्ट, अर्थात्

सम्भावित परिस्थितिको सामना गर्न सरकारले अहिलेदेखि नै अत्यन्त सजग र योजनाबद्ध तयारी गर्नुपर्छ । छिमेकी मुलुकहरूसँग समन्वय तथा सहकार्य सुरु गर्नु पनि उचित हुनेछ ।

१ मार्चमा बसेको मन्त्रिपरिषद् बैठकले केही महत्त्वपूर्ण निर्णयहरू गरेको छः

- खाडी तथा मध्यपूर्वी मुलुकहरूमा कामदार जानका लागि श्रम स्वीकृति अस्थायी रूपमा रोक्का गर्ने ।
- सम्बन्धित मुलुकहरूमा रहेका नेपाली दूतावासहरूलाई त्यहाँ रहेका नेपाली कामदारहरूको सुरक्षामा विशेष ध्यान दिन निर्देशन दिने ।
- आपत्कालीन अवस्थामा आवश्यक कदम चाल्न सरकार तयारी अवस्थामा रहने ।
- कामदारहरूको अवस्थाको निरन्तर अनुगमन गर्ने ।

सरकारले आपत्कालीन सुरक्षा तथा उद्धार कार्यदल पनि गठन गरिसकेको छ । यसरी सरकार जिम्मेवार ढंगले प्रस्तुत भएको देखिन्छ । तर निर्णय कार्यान्वयनको प्रभावकारिता भने हेर्न बाँकी छ ।

राज्यले कामदार र तिनका परिवारमा छाएको डर, त्रास र चिन्तालाई कम गराउन र 'सरकार छ' भन्ने अनुभूति दिलाउन सक्छ । तर यो विषय जोखिममा रहेका नेपाली नागरिकले अनुभूति गर्ने सुरक्षा प्रत्याभूतिले पुष्टि गर्नेछ ।

यदि हालको सुरक्षा चुनौती झन् बढ्दै गएर नेपालले वैदेशिक रोजगारी तथा अध्ययनका सिलसिलामा विदेशमा रहेका आफ्ना लाखौं नागरिकलाई उद्धार गर्नुपर्ने भयो भने देशले प्राप्त गरेको विप्रेषणको धेरै गुणा रकम खर्चिनुपर्ने हुन सक्छ । त्यसैले यस्तो सम्भावित परिस्थितिको सामना गर्न सरकारले अहिलेदेखि नै अत्यन्त सजग र योजनाबद्ध तयारी गर्नुपर्छ । छिमेकी मुलुकहरूसँग समन्वय तथा सहकार्य सुरु गर्नु पनि उचित हुनेछ । राज्यले उद्धार प्रक्रियामा पहुँचवाला वा श्रम स्वीकृति भएकालाई मात्र नभई जोखिममा रहेका सबैलाई प्राथमिकतामा राख्नुपर्छ ।

यदाकदा राज्यसँग सम्बद्ध तथा अन्य व्यक्तिले 'यदि वैदेशिक रोजगारीमा गएका सबै नेपाली स्वदेश फर्किए भने देशमा आपत्कालीन अवस्था आउँछ, कसरी व्यवस्थापन गर्ने होला ?' भन्ने जस्ता चिन्ता व्यक्त गरेको सुनिन्छ । यस्तो स्थिति आएमा उनीहरूले विदेशबाट ल्याएका सीप र प्रविधिको प्रयोग गर्दै स्वदेशमै रोजगारी सिर्जना गर्ने नीति ल्याउन सक्नुपर्छ । यस्तो भएमा रोजगारीको दीर्घकालीन समाधानमा योगदान दिनेछ ।

वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरूको सुरक्षाको जिम्मेवारी व्यक्ति स्वयं र परिवारको पनि हुन्छ । परिवारका सदस्यहरूले आफ्नो मान्छे कुन देशमा, कुन काममा र कुन ठेगानामा छ भन्ने जानकारी राख्नुपर्छ । त्यस्तै, विदेशमा रहेका व्यक्तिले पनि आफू बारेको जानकारी परिवारका सदस्य तथा कम्तीमा चार-पाँच जना साथीलाई दिइराख्नु उपयुक्त हुन्छ । यसो गरेमा आपत्कालीन अवस्थामा सहयोग प्राप्त गर्न सजिलो हुन सक्छ ।

कोभिड-१९ का बेला कतिपय कामदारमा यस्तो जानकारीको अभाव देखिएको थियो । कतिपय परिवारलाई आफ्ना सदस्य कुन देशमा र कुन कम्पनीमा कार्यरत छन् भन्नेसमेत थाहा नभएको पाइएको थियो । यसैगरी नेपाली राजदूतावासहरूले सम्बन्धित मुलुकमा रहेका नेपाली कामदारहरूको स्पष्ट तथ्यांक राख्नु जरुरी छ– कति नेपाली कुन कम्पनीमा, कुन काममा संलग्न छन् ?

यसरी हेर्दा ससाना देखिने तर महत्त्वपूर्ण पक्षमा राज्य, सहयोगी संस्था तथा व्यक्ति स्वयंले विगतबाट पाठ सिक्नुपर्छ । यसबाट भविष्यमा यस्ता संकटका बेला नागरिकलाई सुरक्षित राख्न केही हदसम्म सहयोग पुर्‍याउन सक्छ । तब मात्र विप्रेषणमा गर्व गर्ने राज्यले आपत्कालीन अवस्थामा विदेशमा रहेका आफ्ना नागरिकप्रतिको दायित्व बोध गरेको देखिन्छ ।

इरान-इजरायल युद्धमा थपिँदै अस्ट्रेलियादेखि युरोपसम्म

अमेरिकी पनडुब्बीको आक्रमणमा इरानी युद्धपोत डुबेर कम्तीमा ८७ नाविकको मृत्यु भएको घटनापछि अर्को इरानी युद्धपोत बिहीबार श्रीलंकाको क्षेत्रीय जलक्षेत्रतर्फ अघि बढिरहेको छ

रासस/एपी (दुबई)

तस्बिर : एपी/रासस

इजरायली हवाई हमलापछि लेबनानको बेरुतस्थित दक्षिणी उपनगर दहिएहमा बुधबार धूवाँ उडिरहेको दृश्य ।

इजरायल र संयुक्त राज्य अमेरिकाको संयुक्त सैन्य आक्रमण र इरानको प्रत्याक्रमणले मध्यपूर्व क्षेत्रमा तनाव झन् गम्भीर बन्दै गएको छ । पछिल्लो घटनाक्रमअनुसार इरानले इजरायलका विभिन्न सहर तथा मध्यपूर्व क्षेत्रमा रहेका अमेरिकी सैन्य आधारहरूलाई लक्षित गर्दै क्षेप्यास्त्र हमला गरेको जनाएको छ । यस घटनाले यस क्षेत्रको सुरक्षा अवस्था अत्यन्तै संवेदनशील बनाएको छ ।

इरानी अधिकारीका अनुसार यी प्रत्याक्रमणहरू केही दिनअघि समुद्रमा भएको घटनाको प्रतिशोधस्वरूप गरिएको हो । केही दिनअघि अमेरिकाको पनडुब्बीले हिन्द महासागर क्षेत्रमा रहेको इरानको युद्धपोत डुबाएको बताइएको छ । उक्त घटनामा धेरै इरानी नाविकको ज्यान गएको र केहीलाई उद्धार गरिएको बताइएको छ । यो घटना श्रीलंकाको दक्षिणी समुद्री क्षेत्र नजिक अन्तर्राष्ट्रिय जल क्षेत्रमा भएको बताइएको छ । यो घटनापछि इरानले अमेरिकाप्रति कडा रोष व्यक्त गर्दै यसको गम्भीर परिणाम भोग्नुपर्ने चेतावनी दिएको छ । इरानका नेताहरूले समुद्रमा भएको उक्त आक्रमणलाई गम्भीर अन्याय भन्दै अन्तर्राष्ट्रिय समुदायलाई समेत ध्यानाकर्षण गराएका छन् ।

यता, इजरायलले पनि जबाफी कारबाहीस्वरूप लेबनानमा रहेका इरान समर्थित सशस्त्र समूहका ठेगानाहरूलाई लक्षित गर्दै हवाई हमला गरेको जनाएको छ । पछिल्लो २४ घण्टामा मात्र करिब ८० भन्दा बढी स्थानमा आक्रमण गरिएको र धेरै संरचनामा क्षति पुगेको सञ्चारमाध्यमहरूले जनाएका छन् । विश्लेषकका अनुसार पछिल्लो तनाव गत फागुनको अन्त्यतिर अमेरिका र इजरायलले इरानका केही सैन्य तथा आणविक संरचनामा संयुक्त रूपमा गरेका हवाई हमलापछि बढ्दै गएको हो । त्यसयता दुवै पक्षबाट निरन्तर क्षेप्यास्त्र तथा हवाई हमला हुँदै आइरहेका छन् भने यसबाट सयौंको ज्यान गएको विभिन्न प्रतिवेदनमा उल्लेख छ ।

यस युद्धका कारण मध्यपूर्वका महत्त्वपूर्ण समुद्री मार्गहरू, विशेष गरी तेल ढुवानी हुने मार्गहरूमा पनि असर परेको छ । धेरै अन्तर्राष्ट्रिय जहाज कम्पनीहरूले खाडी क्षेत्रतर्फको यात्रा अस्थायी रूपमा स्थगित गर्ने निर्णय गरेका छन् । यसले विश्व अर्थतन्त्र तथा तेल बजारमा पनि प्रभाव पार्न सक्ने चिन्ता व्यक्त गरिएको छ । हाल मध्यपूर्व क्षेत्रको अवस्था अत्यन्तै तनावपूर्ण बनिरहेको छ । यदि कूटनीतिक समाधान खोजिएन भने यो अवस्था अझै ठूलो क्षेत्रीय युद्धमा रूपान्तरण हुन सक्ने अन्तर्राष्ट्रिय विश्लेषकहरूले चेतावनी दिएका छन् ।

मध्यपूर्वबाट सैन्य विमान तैनाथ गरी नागरिक निष्कासन गर्दै अस्ट्रेलिया

सिड्नी- अमेरिका-इरानबीचको आक्रमण-प्रत्याक्रमणले मध्यपूर्व क्षेत्र तनावग्रस्त बनिरहँदा अस्ट्रेलियाले आफ्ना नागरिकलाई सुरक्षित निकाल्न आकस्मिक योजनाका रूपमा यस क्षेत्रमा दुई सैन्य विमान तैनाथ गरेको छ । अमेरिका-इजरायली संयुक्त आक्रमणमा परी इरानका सर्वोच्च नेता आयतुल्लाह अली खामेनेईको निधन भएपछि क्षेत्रीय युद्ध भड्किएको छ । अवस्था तनावपूर्ण बन्दै गएपछि विभिन्न देशहरूले मध्यपूर्वबाट आफ्ना नागरिकको सुरक्षित निष्कासनका लागि पहल गर्न थालेका छन् ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिजले बिहीबार संसद्मा मध्यपूर्वमा सैन्य विमान तैनाथ गरिएको पुष्टि गरेका हुन् । गत बुधबार दुबईबाट सिड्नीका लागि पहिलो उडान भएको जनाउँदै अस्ट्रेलियाले यस क्षेत्रमा १ लाख १५ हजार नागरिक रहेको बताएको छ । न्युजिल्यान्डले पनि यस क्षेत्रबाट आफ्ना नागरिकको सुरक्षित निष्कासनका लागि बिहीबार मध्यपूर्वमा दुई वटा सैन्य विमान तैनाथीको आदेश दिएको छ ।

श्रीलंकातर्फ बढ्दै दोस्रो इरानी युद्धपोत

अमेरिकी पनडुब्बीको टारपिडो आक्रमणमा इरानी युद्धपोत डुबेर कम्तीमा ८७ नाविकको मृत्यु भएको घटनापछि अर्को इरानी युद्धपोत बिहीबार श्रीलंकाको क्षेत्रीय जलक्षेत्रतर्फ अघि बढिरहेको श्रीलंकाली एक मन्त्रीले जानकारी दिए । घटनापछि क्षेत्रीय सुरक्षा अवस्था थप संवेदनशील बनेको छ । सञ्चारमन्त्री नलिन्दा जयतिसाले संसद्मा जानकारी दिँदै दोस्रो इरानी युद्धपोत हाल श्रीलंकाको क्षेत्रीय जलक्षेत्रभन्दा बाहिर रहेको बताए ।

राष्ट्रपति अनुरा कुमारा दिसानायकले इरानबाट आएको अनुरोधबारे छलफल गर्न बिहीबार शीर्ष सुरक्षा र सरकारी अधिकारीसँग बैठक बसेको बताइएको छ । इरानले आफ्नो युद्धपोतलाई श्रीलंकाको जलक्षेत्रमा प्रवेश अनुमति दिन अनुरोध गरेको बताइएको छ । स्रोतका अनुसार उक्त जहाजमा एक सयभन्दा बढी चालक दलका सदस्य रहेका छन् । गत बुधबार अमेरिकी पनडुब्बीले श्रीलंकाको दक्षिणी तट नजिकै डुबाएको इरानको युद्धपोतलाई जस्तै श्रीलंकालाई आफूहरू पनि आक्रमणको लक्ष्य बन्न सक्ने चिन्ता रहेको बताइएको छ । बुधबार भएको आक्रमण गलेबाट करिब ४० किलोमिटर दक्षिणतर्फ भएको श्रीलंकाली नौसेनाले जनाएको छ ।

अमेरिकी सेनाले टारपिडो प्रहार गरेको दाबी गरिएको उक्त आक्रमणमा इरानी युद्धपोत पूर्ण रूपमा डुबेको थियो । डुबेको जहाजबाट उद्धार गरिएका ३२ जना इरानी नाविकको गलेस्थित एक अस्पतालमा उपचार भइरहेको छ । अस्पताल स्रोतका अनुसार उनीहरूलाई प्रहरी तथा विशेष कमान्डो टोलीको निगरानीमा उपचार गरिँदै छ । चिकित्सा अधिकारीहरूले इरानी घाइतेका लागि अस्पतालमा छुट्टै वार्ड स्थापना गरिएको बताएका छन् । आपत्कालीन उपचार कक्षमा अन्य बिरामी र आगन्तुकहरूको पहुँच सीमित गरिएको छ ।

स्थानीय नौसेनाका अनुसार डुबेको इरानी युद्धपोत भारतको पूर्वी बन्दरगाह विशाखापट्टनममा सम्पन्न सैन्य अभ्यासबाट फर्किरहेको अवस्थामा आक्रमणमा परेको थियो । घटनाबारे इरानले अहिलेसम्म औपचारिक प्रतिक्रिया सार्वजनिक गरेको छैन ।

इरानविरुद्ध अमेरिका र इजरायलको संयुक्त आक्रमणपछि सुरु भएको युद्धको असर जलक्षेत्रसम्म असर देखिन थालेको छ । यसै पृष्ठभूमिमा श्रीलंका सरकारले आफू तटस्थ रहेको र क्षेत्रीय तनाव कम गर्न वार्तामार्फत समाधान खोज्नुपर्ने धारणा दोहोऱ्याएको छ । आर्थिक सम्बन्धका दृष्टिले पनि इरान श्रीलंकाका लागि महत्त्वपूर्ण साझेदार मुलुक मानिन्छ । इरान श्रीलंकाको प्रमुख निर्यात वस्तु चियाको मुख्य क्रेतामध्ये एक हो ।

अजरबैजानमा इरानी ड्रोन आक्रमण

बाकु- अजरबैजानको एयरपोर्ट र स्कुल नजिकै बिहीबार भएको इरानी ड्रोन आक्रमणमा दुई जना घाइते भएपछि इरानी राजदूतलाई छलफलका लागि बोलाएको जनाइएको छ । आक्रमणका लागि दुई वटा ड्रोनहरू प्रयोग भएको र ड्रोन इरानबाट अजरबैजान प्रवेश गरेको जनाइएको छ । एउटा ड्रोन नखिचेवन विमानस्थलको टर्मिनल भवनमा र अर्को ड्रोन शेकराबाद गाउँको एउटा विद्यालय भवन नजिकै खसेको विदेश मन्त्रालयले जनाएको छ । आक्रमणले विमानस्थलमा क्षति पुग्नुका साथै दुई जना घाइते भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले उक्त आक्रमणको विरोध गर्न बाकुमा इरानी राजदूतलाई बोलाएको पुष्टि गर्दै आक्रमण अन्तर्राष्ट्रिय कानुन र सिद्धान्तविपरीत भएको जनाएको छ । अजरबैजानले आक्रमणको जवाफी कदम चाल्ने जनाएको छ । अजरबैजानको निकट सहयोगी र प्रमुख हतियार आपूर्तिकर्ता इजरायलले अजरबैजानको क्षेत्रलाई आक्रमण गर्न प्रयोग गर्न सक्ने चिन्ता इरानले लामो समयदेखि व्यक्त गर्दै आएको जनाइएको छ । गत जुनमा अजरबैजानले इरानलाई आश्वस्त पार्दै इजरायललाई इरानी क्षेत्रमा आक्रमण गर्नका लागि आफ्नो क्षेत्र प्रयोग गर्न नदिने बताएको थियो ।

इजरायलले लेबनानमा गरेको आक्रमणमा ८ जनाको मृत्यु

बेरुत- इजरायलले दक्षिणी लेबनानको हेजबुल्लाह गढका क्षेत्रहरूमा निकासी आह्वान जारी गर्दै गरेको आक्रमणमा आठ जनाको मृत्यु भएको जनाइएको छ । इजरायलमाथि आक्रमण गर्दा लेबनानलाई क्षेत्रीय युद्धमा तानेको र इरान समर्थित लडाकु समूहले गालिल क्षेत्रका स्थानहरूमा क्षेप्यास्त्र प्रहार गरेको बताएको छ । राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले दक्षिण लेबनानको नबातिह क्षेत्रका गाउँका मेयर र उनकी श्रीमतीको आक्रमणमा मृत्यु भएको जनाएको छ ।

लेबनानको स्वास्थ्य मन्त्रालयले देशको पूर्वमा रहेको जाहले सहर नजिकै कारमा भएको आक्रमणमा दुई जनाको मृत्यु भएको बताएको छ । राजधानीको दक्षिणी उपनगरस्थित हेजबुल्लाहको मुख्य गढमा बिहीबार थप आक्रमणहरू भएको जनाइएको छ । लेबनानको उत्तरमा त्रिपोली नजिकै भएको इजरायली ड्रोन आक्रमणमा हमासका वरिष्ठ अधिकारी वासिम अतल्लाह अल-अली र उनकी पत्नीको मृत्यु भएको जनाइएको छ । इजरायलले बिहीबार पनि दक्षिणी लेबनानका विभिन्न क्षेत्रका बासिन्दालाई सैन्य कारबाहीका कारण खाली गर्न चेतावनी दिएको छ ।

रुस र युक्रेनबीच ५ सय युद्धबन्दी आदानप्रदान गर्ने सहमति

रासस/सिन्हवा (मस्को)

तस्बिर : एपी/रासस

युक्रेनको चेर्निहिभ क्षेत्रमा रुस र युक्रेनबीच युद्धबन्दी आदानप्रदानको क्रममा रुसी कैदबाट फर्केका घाइते युक्रेनी सिपाहीलाई बोकिरहेका चिकित्सक टोली । पृष्ठभूमिमा हराएकाहरूको तस्बिर देखाउँदै आफन्त ।

रुस र युक्रेनबीच युद्धबन्दीहरूलाई मुक्त गरी आदानप्रदान गर्ने महत्त्वपूर्ण सहमति भएको छ । रुसको रक्षा मन्त्रालयले दिएको जानकारीअनुसार बिहीबार र शुक्रबार दुई दिनको अवधिमा दुवै देशले पाँच-पाँच सय जना युद्धबन्दी साटासाट गर्ने योजना बनाएका छन् ।

मन्त्रालयका अनुसार पहिलो चरणमा बिहीबार दुवै पक्षबाट दुई-दुई सय जना युद्धबन्दीलाई मुक्त गरिसकेका छन् । युक्रेनले मुक्त गरेका रुसी सैनिकलाई बेलारुसमा मानसिक परामर्श तथा स्वास्थ्य उपचार गरिएको छ । रुसको विदेश मन्त्रालयले जानकारी दिएअनुसार शुक्रबार थप तीन-तीन सय युद्धबन्दी आदानप्रदान गरिने तय गरिएको छ । रुसका राष्ट्रपति भ्लादिमिर पुटिनका सहयोगी भ्लादिमिर मेदिन्स्कीले स्विट्जरल्यान्डको जेनेभामा भएको वार्तामा युद्धबन्दी आदानप्रदानको सहमति भएको बताए ।

१७ र १८ फेब्रुअरीमा जेनेभामा रुस, युक्रेन र संयुक्त राज्य अमेरिकाबीच दुई दिनसम्म त्रिपक्षीय वार्ता भएको थियो । उक्त वार्ता यस वर्षको तेस्रो चरणको कूटनीतिक संवाद थियो, जसमा युद्धसँग सम्बन्धित विभिन्न विषयका साथै मानवीय मुद्दाहरूमा पनि छलफल गरिएको थियो । युद्धबन्दी आदानप्रदानको निर्णय पनि सोही वार्ताको परिणामका रूपमा गरिएको बताइएको छ ।

रुसमा युद्धविरोधी आवाजमाथि दमन

युक्रेनमाथि हमला सुरु गरेको चार वर्ष बित्दा पनि शान्ति कायम हुन नसकेकामा रुसी जनतामा असन्तुष्टि देखिन थालेको छ । तर सरकारी दमनको त्रासमा उनीहरूले खुलेर विरोध जनाउन सकिरहेको देखिँदैन । आफ्नो परिचय खुलाउन नचाहेकी मस्कोकी ३२ वर्षीया एक महिलाले अहिले खुलेर विरोध गर्न नसके पनि युद्धप्रति असहमति बोकेर चुपचाप बाँचिरहेको बताइन् । २४ फेब्रुअरी २०२२ मा राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमाथि ठूलो परिमाणमा सैन्य आक्रमण सुरु गरेपछि आफूमा 'निराशा र क्रोध' महसुस भएको जनाउँदै ती महिलाले त्यसबेला पनि मस्कोमा आयोजित युद्धविरोधी प्रदर्शनमा सहभागी भएको बताइन् । 'तर चार वर्षपछि अहिले अवस्था झनै जटिल बनेको छ,' ती महिलाले भनिन्, 'अहिले म केवल बाँच्ने प्रयास गरिरहेकी छु तर सार्वजनिक रूपमा युद्ध वा क्रेमलिनको आलोचना गर्ने साहस छैन ।' उनका अनुसार रुसभित्र अहिले सडकबाट उठ्ने कुनै पनि प्रकारको विरोध तुरुन्तै दबाइने गरिएको छ । 'सडकमा उठ्ने कुनै पनि असन्तोष र प्रतिरोधलाई तत्काल दमन गरिन्छ,' एएफपीसँगको कुराकानीमा उनले भनिन् ।

युद्ध सुरु भएपछि रुसले सोभियत संघको समयपछि नदेखिएको स्तरमा घरेलु दमन कडा बनाएको छ । आक्रमणको विरोधमा बोलेका हजारौं जनतालाई कडा जरिवाना गर्ने वा जेल सजाय दिने गरिएको छ । क्रेमलिनविरुद्ध सार्वजनिक प्रदर्शन लगभग बन्दजस्तै भएको छ । प्रमुख विपक्षी नेताहरू जेलमा छन्, निर्वासनमा छन् वा मृत अवस्थामा भेटिएका छन् भने विदेशमा रहेका युद्धविरोधी समूहहरू आन्तरिक मतभेदमा अल्झिएका छन् । युद्धको सुरुवातमा विरोधस्वरूप सडकमा उत्रिएका हजारौं जनतालाई रुसी दंगा प्रहरीले चर्को दमन गरेको स्मरण गर्दै ती महिलाले प्रदर्शनमा सहभागी हुँदै परिवारलाई आफू गिरफ्तारीमा पर्न सक्ने पहिल्यै जानकारी गराएको बताइन् ।

'गिरफ्तार हुन सकिन्छ भन्ने थाहा भएरै घरमा चाबीको अर्को सेट छोडेकी थिएँ,' उनले थपिन्, 'म अनुपस्थित हुँदा मेरो बिरालो भोकै नहोस् भनेर त्यसो गर्नुपरेको थियो ।' उनी गिरफ्तार त भइनन् तर भविष्यमा युद्धविरोधी गतिविधिमा संलग्न नहुने सर्तमा छोडिएको र सरकारी संस्थाको जागिरबाट हटाइएको ती महिलाले सुनाइन् । उनका अनुसार, कतिपय प्रदर्शनकारीलाई केही समय हिरासतमा लिइएको थियो भने कतिपय प्रदर्शनकारी देश छोडेर भागेका थिए ।

मध्यपूर्व युद्धले रुस-युक्रेन वार्ता रोकियो : जेलेन्स्की

किएभ- मध्यपूर्वमा चर्किएको अमेरिका-इरान युद्धका कारण रुस र युक्रेनबीच यस साता हुने भनिएको नयाँ चरणको वार्ता स्थगित भएको युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बताएका छन् । उक्त वार्ताको मध्यस्थता संयुक्त राज्य अमेरिकाले गरिरहेको हो । यतिबेला अमेरिका र मध्यपूर्वका केही सहयोगी राष्ट्रहरूले इरानद्वारा प्रयोग भइरहेका साहेद ड्रोनविरुद्ध प्रतिरक्षा उपायबारे युक्रेनसँग सहयोग खोजिरहेको पनि जेलेन्स्कीले बताए ।

'रुसले चार वर्षअघि युक्रेनमाथि हमला सुरु गरेपछि हजारौं साहेद ड्रोन प्रयोग गरिसकेको अनुभव हामीसँग छ,' जेलेन्स्कीले भनेका छन्, 'पछिल्लो समयमा इरानी लक्ष्यहरूमा भएका अमेरिकी-इजरायली संयुक्त आक्रमणको जवाफ इरानले त्यही प्रकारका ड्रोनमार्फत दिइरहेको छ ।' अन्तर्राष्ट्रिय ध्यान अहिले मध्यपूर्वतर्फ केन्द्रित भइरहेका बेला किएभले इरानी ड्रोनको सामना गर्ने आफ्नो अनुभवबारे विभिन्न देशबाट सहयोगको प्रस्ताव प्राप्त गरिरहेको जनाएको छ ।

छैटौं दिनमा प्रवेश गरेको इरान-अमेरिका युद्धका कारण दोस्रो विश्वयुद्धपछि युरोपले खेपेको सबैभन्दा ठूलो युद्धका रूपमा हेरिएको रुस-युक्रेन युद्धबाट अन्तर्राष्ट्रिय ध्यान केही हदसम्म मोडिएको छ । पश्चिमी सरकार र विश्लेषकका अनुसार रुस-युक्रेन युद्धमा लाखौं मानिसको ज्यान गइसकेको छ तर एक वर्षदेखि जारी अमेरिकी नेतृत्वको शान्ति प्रयासमा चाँडै युद्ध अन्त्य हुने संकेत भने अझै दिलाएको छैन ।

जेलेन्स्कीले बुधबार राति सम्बोधन गर्दै इरान वरपरको सुरक्षा अवस्थाका कारण त्रिपक्षीय कूटनीतिक बैठकका लागि आवश्यक वातावरण अझै नबनेको बताए । 'अहिले इरानसँगको युद्धका कारण रुस, युक्रेन र अमेरिकाबीचको त्रिपक्षीय बैठकले ठोस प्रगति गर्न सकिरहेको छैन, उनले भने, 'तर सुरक्षा अवस्था र समग्र राजनीतिक सन्दर्भ अनुकूल हुनेबित्तिकै त्यो कूटनीतिक प्रक्रिया पुनः सुरु गरिनेछ ।'

जेलेन्स्कीका अनुसार इरानी ड्रोनविरुद्ध प्रतिरक्षाका लागि सम्भावित सहकार्यबारे संयुक्त अरब इमिरेट्स, कतार, बहराइन, जोर्डन र कुवेतका नेताहरूसँग छलफल भएको छ । तर उनले युक्रेनले यस्तो सहयोग आफ्नो सुरक्षा कमजोर नपर्ने अवस्थामा मात्र उपलब्ध गराउने बताएका छन् । साथै उनले यस्तो सहकार्यको बदलामा रुसी आक्रमण रोक्ने किएभको कूटनीतिक प्रयासलाई पनि ती देशले सहयोग पुऱ्याउनुपर्ने सर्त जेलेन्स्कीले राखेका छन् । 'हामीलाई युद्धको उचित अन्त्य गर्न सहयोग गर्नेहरूलाई हामी पनि युद्धबाट जोगिन मद्दत गर्न तयार छौं,' जेलेन्स्कीले भने ।

युद्धको अध्ययन संस्थानका अनुसार युक्रेनी सेनाले करिब १ हजार २ सय ५० किलोमिटर लामो मोर्चामा केही स्थानहरूमा रुसी सेनालाई पछाडि हट्न बाध्य पारेको छ । वासिङ्टनस्थित उक्त थिंक ट्यांकका अनुसार फेब्रुअरीको अन्तिम दुई सातामा युक्रेनी सेनाले स्थानीयस्तरका प्रत्याक्रमणमार्फत गुमाएको भन्दा बढी भूभाग पुनः नियन्त्रणमा लिएको छ । उक्त संस्थानले १ जनवरीयता युक्रेनले करिब २ सय ५७ वर्ग किलोमिटर (१ सय वर्ग माइल) क्षेत्र पुनः आफ्नो नियन्त्रणमा ल्याएको अनुमान गरेको छ ।

आजको राशिफल

प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

मेष — मन आशावादी बन्दा तन स्वतःस्फूर्त रहनेछ । क्रमशः सबै कुराहरू मिल्दै जानेछन् । कतै कसैकोमा जमघट हुन सक्छ ।

वृष — कुनै कुराले नजानिँदो गरी व्यस्त बनाउन सक्छ । सकेसम्म समयानुकूल रहन खोजिनेछ । कसैसित कतै भेटघाट हुन सक्छ ।

मिथुन — कुनै कुराको मनमा चासो पर्न सक्छ । समसामयिक गतिविधिबारे हेक्का राखिनेछ । कुनै कुरालाई लिएर कतै छलफल हुन सक्छ ।

कर्कट — समय आफू अनुकूल रहनेछ । मनमा आत्मविश्वास बढ्दा काममा सहजता हुनेछ । सबैतिरबाट राम्रो सद्भाव पाइनेछ ।

सिंह — कसैसित कतै भेटघाट हुन सक्छ । समयावस्था विचारेर काम गर्न खोजिनेछ । कुनै पनि कुरामा नहतारिएकै उचित हुनेछ ।

कन्या — समयले साथ दिँदै जानेछ । विभिन्न माध्यमबाट काममा सहयोग पुग्नेछ । व्यक्तिगत काममा सफल भइनेछ ।

तुला — कुनै कुराले मनमा दोधार हुन सक्छ । सकेसम्म शान्त रहने प्रयास गरिनेछ । आफू असम्बद्ध कुरामा तर्किनु नै मुनासिब हुनेछ ।

वृश्चिक — योजनानुसार काममा सफल बन्दै गइनेछ । साथीहरूसित कतै जमघट हुन सक्छ । समग्रमा हेर्दा दिन राम्रै रहनेछ ।

धनु — कुनै कुराले मन उत्साहित रहनेछ । आत्मीयजनसित भेटघाट हुन सक्छ । कुनै कामको सम्पन्नताले मन ढुक्क रहला ।

मकर — सकेसम्म सकारात्मक रहने प्रयास गरिनेछ । आफू असम्बद्ध कुरामा मौन बस्नु उपयुक्त रहला । जसरी पनि बेलैमा आफ्नो काम सक्न खोजिनेछ ।

कुम्भ — कुनै कुराले नजानिँदो गरी टाउको दुखाउन सक्छ । समसामयिक कुरामा आबद्ध हुन खोजिएला । आफैंले आफूनिम्ति अनुकूल परिस्थिति सिर्जना गर्नुपर्नेछ ।

मीन — सोचे अनुरूप काम गर्न पाउँदा मन खुसी रहनेछ । समसामयिक कुरामा व्यस्त भइनेछ । कुनै कुराले मनमा खुसी प्रदान गर्नेछ ।

वर्गीकृत डिस्प्ले

स्वदेशमै उत्पादित गुणस्तरीय
सोलार वाटर हिटर
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डस्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

घर बिक्रिमा

गाडि बिक्रिमा

जग्गा बिक्रिमा
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

विदेशी मुद्रा

अमेरिकी डलर	१४७.७५
युरो	१७२.०४
पाउन्ड स्टर्लिङ	१९७.९२
अस्ट्रेलियन डलर	१०४.२०
कतारी रियाल	४०.५१

राष्ट्र बैंकको आधारमा

सुन रू. ३,१७,६००

चाँदी रू. ५,५४०

निर्वाचनमा १९ अर्ब ६२ करोड निकासा, ९० प्रतिशत खर्च अनुमान

निर्वाचनका लागि स्रोत चालु खर्च र खर्च विविधबाट, लिइयो विदेशी सहायता पनि

यज्ञ बञ्जाडे (काठमाडौं)

२१ फागुन अर्थात् बिहीबार सम्पन्न प्रतिनिधिसभा निर्वाचन व्यवस्थापन र सुरक्षाका लागि अर्थ मन्त्रालयले १९ अर्ब ६२ करोड रुपैयाँ निकासा गरेकामा करिब ९० प्रतिशत खर्च भएको अनुमान छ । यसअघिका दुई निर्वाचनमा विनियोजन रकमको करिब ९० प्रतिशत खर्च भएकाले यस वर्ष पनि सोही हाराहारीमा खर्च हुने अर्थ मन्त्रालयको अनुमान छ ।

अहिल्यै खर्च अनुमान गर्न भने नसकिने अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले बताए । 'अघिल्ला दुई निर्वाचन– स्थानीय र प्रतिनिधिसभाको निर्वाचनमा खर्चका लागि स्रोत सहमति दिएको रकममा क्रमशः ९०.८० र ९१.३७ प्रतिशत खर्च भएको छ,' उनले भने, 'यस वर्ष हामी खर्चलाई निकै मितव्ययी बनाउने प्रयास गरेका छौं । यसकारण कि गत वर्षभन्दा कम नभए पनि सोही हाराहारीमा खर्च हुने प्रारम्भिक अनुमान छ ।'

निर्वाचनका लागि खर्च गर्ने मुख्य निकाय निर्वाचन आयोग, रक्षा मन्त्रालय र गृह मन्त्रालयसँग पर्याप्त छलफल गरी स्रोत सहमति दिएकाले विनियोजन रकमभित्रैबाट निर्वाचन खर्च पुग्ने अर्थ मन्त्रालयको अनुमान छ ।

निर्वाचनका लागि गृह र रक्षा मन्त्रालयले निर्वाचन सुरक्षाका लागि करिब साढे २० अर्ब रुपैयाँको स्रोत व्यवस्थापन गर्न अर्थ मन्त्रालयमा प्रस्ताव पठाएका थिए । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल (एपीएफ), राष्ट्रिय अनुसन्धान विभाग र निर्वाचन प्रहरीका लागि आवश्यक पर्ने खर्च अनुमान गरेर आवश्यक बजेटका लागि अर्थमा प्रस्ताव पठाइएको थियो । तर अर्थ मन्त्रालयले सुरुमा कुल १९ अर्ब १० करोड रुपैयाँ रकम निकासा गरेको थियो । यसमध्ये निर्वाचन आयोगलाई ६ अर्ब ७२ करोड, गृह मन्त्रालय (नेपाल प्रहरी, सशस्त्र प्रहरी र जिल्ला प्रशासन कार्यलय) लाई १० अर्ब ३९ करोड र नेपाली सेना (रक्षा मन्त्रालय) लाई १ अर्ब ९९ करोड विनियोजन गरिएको थियो ।

विदेशी सहायता कसको कति ?

- जापान : ३९ करोड रुपैयाँ
- चीन : ५६ करोड रुपैयाँ
- भारत : ६ सय ५० सवारीसाधन तथा सुरक्षा सामग्री
- यूएनडीपी : आयोगसँग मिलेर निर्वाचन साक्षरता कार्यक्रम

सशस्त्र प्रहरी र नेपाल प्रहरीले बजेट अपुग भएको बताएपछि अर्थ मन्त्रालयले थप ५२ करोड रुपैयाँ थपिदिएको थियो । थपिएको ५२ करोडमध्ये ४९ करोड सशस्त्र प्रहरी र ३ करोड नेपाल प्रहरीलाई विभाजन गरिएको अर्थ मन्त्रालय स्रोतले जनाएको छ । उल्लिखित रकम यस वर्षको बजेटको चालु खर्च शीर्षक र खर्च विविधबाट जुटाइएको अर्थ मन्त्रालयका प्रवक्ता पाण्डेयले बताए ।

यस वर्षको निर्वाचनका लागि सरकारले विभिन्न राष्ट्र तथा निकायबाट पनि सहयोग लिएको छ । यसअनुसार संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (यूएनडीपी) ले सरकारको अनुमतिमा निर्वाचन आयोगसँग मिलेर विभिन्न किसिमका मतदाता साक्षरता कार्यक्रममा खर्च गरेको छ । यो सहयोग सरकारलाई नगदका रूपमा प्राप्त नभई यूएनडीपीले सिधै निर्वाचन आयोगसँगको सहकार्यमा गरेको हो । जापानले निर्वाचन प्रयोजनका लागि बजेट प्रणालीमार्फत खर्च हुने गरी ३९ करोड रुपैयाँ र चीनले ५६ करोड रुपैयाँ सहयोग गरेको अर्थ मन्त्रालयले जनाएको छ । यो रकम सरकारलाई प्राप्त भएर अर्थ मन्त्रालयले बजेटरी प्रणालीमार्फत खर्चिएको हो ।

भारत सरकारले निर्वाचनमा वस्तुगत सहायता गरेको छ । यसअनुसार ६ सय ५० सवारी र बाँकी सुरक्षा सामग्री सहयोग प्राप्त भएको हो । प्राप्त सवारीसाधनमध्ये १ सय ५० वटा ठूला सवारी (ट्रक) र बाँकी स्कर्पिओ तथा बोलेरो रहेको बताइएको छ ।

केन्द्रीय सुरक्षा समिति बैठकले निर्वाचन सुरक्षाका लागि १ लाख ४७ हजार संख्यामा निर्वाचन प्रहरी (साविकमा म्यादी प्रहरी) भर्ना गरेको छ । निर्वाचन प्रहरीलाई ४० दिनको कार्यअवधि तोकेर प्रहरी जवानसरह पारिश्रमिक, पोसाक र रासन भत्ता, यातायात खर्च, खाजा भत्तालगायतमा ९ अर्ब १५ करोड रुपैयाँ विनियोजन गर्ने निर्णय भएको थियो ।

यसअघि २०७९ सालको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा १८ अर्ब ५ करोड ४८ लाख रुपैयाँ बजेट निकासा गरिएको थियो । यसमध्ये निर्वाचन आयोगलाई ८ अर्ब ३५ करोड २ लाख, गृह मन्त्रालयलाई ८ अर्ब ७२ करोड ७३ लाख र रक्षा मन्त्रालयलाई ९७ करोड ७३ लाख रुपैयाँ निकासा दिइएको थियो । तर, उक्त निर्वाचनमा १६ अर्ब ४९ करोड ७३ लाख रुपैयाँ मात्र खर्च भएको अर्थ मन्त्रालयले जनाएको छ । यो कुल निकासा रकमको ९१.३७ प्रतिशत हो ।

निकासा भएको रकममध्ये निर्वाचन आयोगले ८ अर्ब ८१ करोड ३२ लाख (८१.५९ प्रतिशत), गृह मन्त्रालयले ८ अर्ब ७० करोड ६८ लाख (९९.७७ प्रतिशत) र रक्षा मन्त्रालयले ९७ करोड ७३ लाख (शतप्रतिशत) रकम खर्च गरेको अर्थको तथ्यांक छ ।

आर्थिक वर्ष २०७८/७९ मा स्थानीय तहको निर्वाचनमा सरकारले १३ अर्ब ३१ करोड ५४ लाख रुपैयाँ बजेट निकासा गरेको थियो । निकासा भएको रकमको ९०.८० प्रतिशत खर्च भएको थियो । आर्थिक वर्ष २०७८/७९ को निर्वाचन आयोगलाई ६ अर्ब १४ करोड ९९ लाख, गृह मन्त्रालयलाई ६ अर्ब ५३ लाख ४७ करोड र रक्षा मन्त्रालयलाई ६३ करोड ८ लाख रुपैयाँ छुट्याइएको थियो । त्यतिबेला निर्वाचन आयोगले ४ अर्ब ९६ करोड ३१ लाख (८०.७० प्रतिशत), गृह मन्त्रालयले ६ अर्ब ४९ करोड ७८ लाख (९९.४३ प्रतिशत) र रक्षा मन्त्रालयले ६२ करोड ८९ लाख (९९.७० प्रतिशत) खर्च गरेको अर्थ मन्त्रालयको तथ्यांक छ ।

अर्थतन्त्र तरलताको पासोमा छैन : राष्ट्र बैंक

निर्वाचनपछि आर्थिक गतिविधिमा सुधार हुने र तरलता घट्ने भएकाले अर्थतन्त्र तरलता पासोमा नभएको राष्ट्र बैंकको दाबी

कान्तिपुर संवाददाता (काठमाडौं)

न्यून ब्याजदर भएको अवस्थामा पनि वित्तीय प्रणालीमा ऋण दिन मिल्ने रकम लामो समयसम्म थुप्रिएपछि अर्थतन्त्र तरलता पासोमा गएको टिप्पणी भइरहेका बेला राष्ट्र बैंकले खण्डन गरेको छ ।

पछिल्ला तीन वर्षदेखि बैंक तथा वित्तीय संस्थामा ऋण दिन मिल्ने रकम धेरै थुप्रिएको, ब्याजदर हालसम्मकै न्यून अवस्थामा रहेको र ब्याजदर घटाएर थप ऋण प्रवाह गर्न सकिने अवस्था नभएको भन्दै विज्ञहरूले अर्थतन्त्र तरलताको पासोमा परेको दाबी गर्दै आएका छन् ।

यस्तो बेला मौद्रिक नीतिका प्रयास निष्क्रिय हुने भएकाले अर्थतन्त्रमा सुधार ल्याउन राज्यले वित्त नीति, सुशासनलगायत अन्य क्षेत्रमा सुधार गर्नुपर्ने बताइरहँदा राष्ट्र बैंकको फेब्रुअरी २०२६ को समष्टिगत आर्थिक प्रतिवेदनले अर्थतन्त्र तरलता पासोमा नरहेको दाबी गरेको हो ।

'हाल निक्षेप र कर्जा ब्याजदर न्यून स्तरमा झरेका छन्, त्यसैले विद्यमान मौद्रिक नीतिको अवस्थालाई ध्यानमा राख्दा थप गिरावट आवश्यक देखिँदैन । हाम्रो विश्लेषणले हालको अवस्था 'तरलता पासो' नभएको संकेत गर्दछ,' प्रतिवेदनमा राष्ट्र बैंकले भनेको छ, 'निर्वाचनपछिको आर्थिक गतिविधिमा सुधार आएसँगै हालको अतिरिक्त तरलता क्रमशः घट्दै जाने र ब्याजदर थप तल झर्नबाट रोकिने अपेक्षा गरिएको छ ।'

अर्थविद् नरबहादुर थापा भने अहिले अर्थतन्त्र तरलताको पासोमा रहेको दाबी गर्छन् । 'लामो समयदेखि बैंक ब्याजदर करिडोरको तल्लो सीमा २.७५ प्रतिशतमै रहिरहनु, त्योभन्दा तल ब्याजदर झार्न सक्ने अवस्था नरहनु र यस्तो स्थितिमा पनि निजी क्षेत्रको लगानी प्रोत्साहित नहुनुलाई मौद्रिक अर्थशास्त्रको भाषामा तरलताको पासो भनिन्छ,' उनले भने, 'यस्तो अवस्थामा मौद्रिक नीति प्रभावकारी बन्न सक्दैन । यसकारण अर्थतन्त्रलाई निकासका दिन मौद्रिक नीतिको बाटोले काम गर्दैन ।' यसको विकल्प खोज्ने गरिन्छ । आर्थिक गतिविधि प्रोत्साहन गर्न मौद्रिक उपकरणको बाटो परित्याग गरेर अर्को बाटो (वित्त नीतिमा सुधार, सुशासन, संरचनात्मक सुधार आदि) खोजेर आर्थिक सुधार गर्ने प्रचलन रहेको उनले बताए ।

बैंक तथा वित्तीय संस्थामा लामो समयदेखि तरलता निरन्तर कायम रहेको र रेमिट्यान्स निरन्तर बढिरहेकाले आउँदा केही महिना पनि बजारमा तरलता उच्चस्तरमै रहने अपेक्षा राष्ट्र बैंकको प्रतिवेदनमा गरिएको छ । यद्यपि निर्वाचन सम्पन्न भएपछि कर्जाको माग बढ्ने र आयात विस्तारका कारण थप कर्जा प्रवाह हुने भएकाले अधिक तरलताको अवस्थामा क्रमिक रूपमा सुधार आउने राष्ट्र बैंकको अनुमान छ ।

> लामो समय अधिक तरलता, न्यून ब्याजदर र न्यून कर्जा प्रवाहको स्थितिलाई मौद्रिक अर्थशास्त्रमा तरलताको पासो भनिन्छ
>
> ● **नरबहादुर थापा**
> अर्थविद्

'मौद्रिक नीतिका दीर्घकालीन उपकरण नेपाल राष्ट्र बैंक ऋणपत्रमार्फत एक वर्षका लागि (दीर्घकाल) तरलता प्रशोचन गरिएको छ । छोटो अवधिका लागि पनि निक्षेप संकलन उपकरणमार्फत बजारबाट तरलता प्रशोचन गरिरहेकाले वित्तीय प्रणालीमा ब्याजदर स्थिर रहने अपेक्षा गरिएको छ,' प्रतिवेदनमा भनिएको छ ।

चालु वर्ष विस्तारकारी बजेट र मौद्रिक नीति आएकाले कर्जा प्रवाह बढ्ने र बैंकहरूमा थुप्रिएको ऋणयोग्य रकम घट्ने अपेक्षा थियो । सुरुका महिनामा कर्जा माग बढ्ने संकेत देखिन थालेको थियो । तर करिब साढे सात महिनाको कर्जा प्रवाहको तथ्यांकले राष्ट्र बैंकको उद्देश्य भेटाउन सक्ने सम्भावना छैन । कर्जा प्रवाह नभएकै कारण बैंक वित्तीय संस्थामा १० खर्बभन्दा बढी ऋणयोग्य रकम (अधिक तरलता) थुप्रिएको छ ।

ब्याजदर घटेर इतिहासकै न्यून बिन्दुमा ओर्लेको छ । अर्थतन्त्रको सामान्य सिद्धान्तअनुसार ब्याजदर कर्जा प्रवाहबीच उल्टो सम्बन्ध हुन्छ । ब्याजदर घट्दा ऋण बढ्ने र बढ्दा घट्ने हो । अहिले यो सिद्धान्तले काम गरेको देखिँदैन । ब्याजदर घटे पनि अन्य प्रभावित तत्त्व सक्रिय रहेकाले कर्जा माग बढ्न नसकेको जानकार बताउँछन् । राजनीतिक अस्थिरतासँगै सुरक्षामा प्रश्न उठेकाले उद्योगी व्यवसायीले थप लगानी गर्न नसकेको नेपाल उद्योगी व्यवसायीको भनाइ छ । लगानी बढाउन इच्छा भए पनि मुलुकको लगानी वातावरण र सुरक्षाको अवस्था नाजुक रहेको उनीहरूको दाबी छ । यद्यपि पछिल्ला केही सातायता बिस्तारै कर्जा माग बढ्ने संकेत देखिएको बैंकरहरू बताउँछन् । राष्ट्र बैंकले विभिन्न क्षेत्रमा नीतिगत लचकता अपनाएपछि घरजग्गा, सेयरलगायत क्षेत्रमा कर्जाको माग बढ्न थालेको उनीहरूले जनाए ।

चालु आर्थिक वर्ष राष्ट्र बैंकले १२ प्रतिशत कर्जा विस्तारको लक्ष्य तय गरेको छ । यसका लागि करिब साढे ५ खर्ब रुपैयाँ थप कर्जा विस्तार गर्नुपर्छ । सात महिनासम्मको अवस्था हेर्दा वार्षिक लक्ष्य भेट्ने सम्भावना नरहेको जानकार बताउँछन् । चालु आर्थिक वर्षको सात महिना सकिँदासम्म बैंक तथा वित्तीय संस्थामा करिब १२ खर्ब ऋण दिन मिल्ने रकम (अधिक तरलता) थुप्रिएको छ । करिब तीन वर्षअघिदेखि बैंकहरूमा तरलता थुप्रिँदै आएको छ । पछिल्ला दिनमा रेमिट्यान्समा आएको बढोत्तरीले बैंकमा पैसा थुप्रिने क्रम तीव्र बनेको हो ।

११ फागुनसम्म बैंक तथा वित्तीय संस्थामा कुल निक्षेप ७७ खर्ब ३५ अर्ब छ । सोही अवधिमा कर्जा निक्षेप अनुपात (सीडी रेसियो) ७४.२९ प्रतिशत छ । राष्ट्र बैंकको निर्देशनअनुसार बैंक तथा वित्तीय संस्थाले कुल निक्षेपको बढीमा ९० प्रतिशतसम्म ऋण दिन पाउँछन् । यस अवधिमा बैंक तथा वित्तीय संस्थाको कुल कर्जा प्रवाह ५८ खर्ब ५ अर्ब छ । उल्लिखित तथ्यांकका आधारमा असार मसान्तमा बैंक तथा वित्तीय संस्थामा १२ खर्ब २७ अर्ब रुपैयाँ ऋण दिन मिल्ने रकम (अधिक तरलता) देखिन्छ । तर बैंक तथा वित्तीय संस्थाले आफ्नो कुल निक्षेपको २० प्रतिशत रकम बैंकमा नगद राख्नुपर्छ ।

यसरी सबै बैंक तथा वित्तीय संस्थाले २० प्रतिशत तरलता कायम गर्नका लागि आफूसँगै राख्नुपर्ने रकम सीडी अनुपातको करिब १ प्रतिशत हुन आउँछ । यसका आधारमा बैंकलाई निक्षेपको ९० प्रतिशतसम्म कर्जा प्रवाह गर्न छुट भए पनि व्यवहारमा उनीहरूले ८९ प्रतिशतसम्म मात्र कर्जा प्रवाह गर्न पाउँछन् । यसका आधारमा पनि हाल बैंक तथा वित्तीय संस्थामा ऋण दिन मिल्ने साढे ११ खर्ब रुपैयाँ थुप्रिएको छ ।

बैंकमा तरलता थुप्रिएपछि राष्ट्र बैंकले क्षेत्रगत कर्जाको दायरा र सीमा परिमार्जन गर्ने घोषणा गरेको छ । गत मंगलबार जारी गरेको चालु आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत राष्ट्र बैंकले क्षेत्रगत कर्जाको दायरा विस्तार गर्ने र ती क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने न्यूनतम कर्जा अनुपातसम्बन्धी दर पनि परिमार्जन गर्न लागेको जनाएको हो ।

चीनको आर्थिक वृद्धि साढे ४ देखि ५ प्रतिशत हुने प्रक्षेपण

काठमाडौं (कास)- चीनले सन् २०२६ मा आर्थिक वृद्धिदर साढे ४ देखि ५ प्रतिशत हुने प्रक्षेपण गरेको छ । यो सन् १९९१ पछिको सबैभन्दा न्यून आर्थिक वृद्धिको लक्ष्य हो । स्वदेश र विदेश दुवैतिरका चुनौतीसँग जुधिरहेका बेला चीनले आर्थिक वृद्धिदरको लक्ष्य घटाएर ४.५ प्रतिशतदेखि ५ प्रतिशत हुने प्रक्षेपण गरेको हो ।

प्रधानमन्त्री ली किआङले बिहीबार राष्ट्रिय जनकंग्रेसको वार्षिक बैठकको उद्घाटन सत्रमा १५औं पञ्चवर्षीय योजनाका केही विवरण पनि सार्वजनिक गरेका छन् । त्यसमा उनले सन् २०२६ का लागि कुल गार्हस्थ्य उत्पादनको लक्ष्य ४.५ देखि ५ प्रतिशत राखेका हुन् । सन् २०२५ मा यस्तो लक्ष्य ५ प्रतिशत थियो ।

सन् २०२५ को तुलनामा घटाइएको आर्थिक वृद्धिदरले चीनको आर्थिक सुस्ततालाई प्रतिविम्बित गर्नेसमेत अलजजिरामा उल्लेख छ । 'यो वृद्धि लक्ष्य निकै यथार्थपरक छ । यो तथ्यांकले चीनको थप रूढिवादी वा सतर्क अपेक्षातर्फको झुकावलाई दर्शाएको छ,' इकोनोमिस्ट इन्टेलिजेन्स युनिटका चिनियाँ अर्थशास्त्री तियानचेन सुले भनेका छन् ।

सन् २०२३ मा आर्थिक वृद्धिको लक्ष्य घटाएर करिब ५ प्रतिशत कायम गरिएयता यो पहिलो पटक पुनः घटाइएको छ । सन् २०२० मा भने महामारीका कारण कुनै लक्ष्य निर्धारण गरिएको थिएन । कमजोर उपभोग, घट्दो जनसंख्या, घरजग्गा क्षेत्रमा आएको संकट, विश्वव्यापी व्यापारिक तनाव र इरान युद्धका कारण सिर्जित ऊर्जा संकटजस्ता समस्या सामना गरिरहेको बेइजिङले अर्थतन्त्रलाई नयाँ स्वरूप दिने लक्ष्य राखेको छ । कुनै समय घरजग्गा बजारले चीनको अर्थतन्त्रको झन्डै एक तिहाइ हिस्सा ओगटेको थियो ।

कुनै समय चीनको कुल गार्हस्थ्य उत्पादनमा घरजग्गा क्षेत्रको योगदान २५ देखि ३० प्रतिशतसम्म रहन्थ्यो । यो स्थानीय सरकारहरूको आम्दानीको प्रमुख स्रोतसमेत बनेको थियो । घरजग्गा क्षेत्रका समस्याले गर्दा देशभरि नै कर्मचारी कटौती र तलब कटौतीसमेत गरिएको बीबीसीमा उल्लेख छ । अहिले घरजग्गा कारोबारमा आएको कमीकै कारण अर्थतन्त्रमा सुस्तता आएको बताइएको छ ।

चीनले प्रमुख उद्योगहरूमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) उपकरण लागू गर्ने योजनाका साथ विश्वव्यापी प्राविधिक शक्ति केन्द्र बन्ने आफ्नो महत्त्वाकांक्षालाई पनि प्रस्ट्याएको छ । चीनको लक्ष्य हरित ऊर्जा अभियानको नेतृत्व गर्ने, कार्बन उत्सर्जन घटाउने र वातावरणीय संरक्षणमा सुधार गर्नेसमेत उल्लेख छ । पञ्चवर्षीय योजनाअनुसार, रोजगारी, शिक्षा र स्वास्थ्य सेवाका चिन्तालाई सम्बोधन गर्दै देशले 'बच्चामैत्री समाज' निर्माण गर्नेछ । वृद्धवृद्धाको बढ्दो संख्या र घट्दो जन्मदरको सामना गरिरहेकाले पनि अर्थतन्त्रलाई गति दिने चीनको योजनालाई जटिल बनाएको छ ।

> स्वदेश र विदेश दुवैतिरका चुनौतीसँग जुधिरहेका बेला चीनले आर्थिक वृद्धिदरको लक्ष्य घटाएर प्रक्षेपण गरेको हो, सन् २०२५ मा यस्तो लक्ष्य ५ प्रतिशत थियो

चीनको वृद्धिदरका तथ्यांकहरूलाई शंकाको घेरामा राखेर हेर्नुपर्ने जर्जटाउन विश्वविद्यालयकी अनुसन्धानकर्ता निङ लेङले बताएकी छन् । किनकि अन्य तथ्यांकले आर्थिक अवस्था अझ कमजोर रहेको संकेत गरेको उनको दाबी छ ।

सूर्यमुखीको फाँटमा फोटो-भिडियो खिच्नेको भीड

फोटो-भिडियो खिच्न आएकाबाट उठाएको शुल्कबाट राम्रो आम्दानी

तस्बिर : कान्तिपुर

चितवनको भरतपुर-१५ फूलबारी, श्रीपुरका किसान चन्द्रप्रसाद अधिकारीले लगाएको सूर्यमुखी खेतीमा फोटो-भिडियो खिच्न झुम्मिएका सर्वसाधारण ।

रमेशकुमार पौडेल (चितवन)

चितवनका किसान चन्द्रप्रसाद अधिकारीले सूर्यमुखी फूलको खेती गरेका छन् । सूर्यमुखी फुलेर ढकमक्क हुँदा फोटो-भिडियो खिच्नेहरूको भीड लाग्छ । मान्छेहरू हूलका हूल आउन थालेपछि अधिकारीले एक जनाको सय रुपैयाँ शुल्क लिन सुरु गरे । अघिल्लो पटक दिनमै ६ सयभन्दा बढी आएर फोटो-भिडियो खिचेका थिए । यो पटक पनि फूल फुलेको खबर फैलिएसँगै मान्छेहरू झुम्मिन सुरु गरेका छन् ।

भरतपुर-१५ फूलबारी, श्रीपुरका अधिकारीले वर्षौंदेखि प्रांगारिक खेती गर्दै आएका छन् । उनले खेतीमा रासायनिक मल र विषादी प्रयोग गर्दैनन् । सूर्यमुखीको खेती पनि यही कारणले सुरु भएको बताउँछन् अधिकारी । घरमा तेल खानका लागि उनले तोरी होइन, सूर्यमुखी लगाउँदै आए । 'तोरी चाँडै नछरे लाही र किराले सताउँछ । तर सूर्यमुखीमा यो समस्या छैन,' उनी भन्छन् ।

'हाम्रोतिरको खेत मंसिरसम्म चिसै हुन्छ । कात्तिक ७–८ भित्र तोरी नछरे पछौटे तोरीमा किरा र रोग लाग्छ । प्रांगारिक खेती गर्दै आएका कारण रोग, किरा नियन्त्रणमा प्राकृतिक उपाय खोज्छु । सूर्यमुखी कात्तिकको अन्तिमसम्म लगाए हुने, रोग, किराले पनि दुःख नदिने रहेछ,' अधिकारीले भने । उनले १८/१९ वर्षअघि सूर्यमुखीको खेती सुरु गरेका हुन् । दुई वर्षअघि अलि धेरै जमिनमा लगाए ।

अधिकारीले प्रांगारिक कृषि गर्दै आएका चेकमान वाइबा, महेन्द्र पोखरेल, मोहनसिंह गुरुङलाई पनि समेटेर श्रीपुर शनिश्चरे टोलको २ बिघा १० कट्ठा जमिनमा सूर्यमुखी रोपे । सूर्यमुखी फुल्न सुरु भयो, फोटो खिचाउन आउनेहरू बढ्दै गए । चार जनाले सल्लाह गरेर फोटो खिचाउनेहरूबाट सय रुपैयाँ लिने निधो गरे । पैसा लिन्छन् भनेपछि फोटो खिच्न आउने घट्छन् भन्ने थियो उनीहरूलाई । तर, आउनेहरू घटेनन्, झनै बढे । 'मान्छे बारीमा आउने, पस्ने, मास्ने खतरा बढेपछि भीड रोक्नलाई शुल्क लिने भनेको हो तर झनै आए । एकै दिन ६ सय ५० जनासम्म पनि आए,' अधिकारीले सुनाए । वरपरका टोलवासी मात्रै होइन, भरतपुरभरिबाट पनि आउँछन् नै चितवन घुम्न । अन्य जिल्लाबाट आएकाहरू पनि श्रीपुरको सूर्यमुखी खेत खोज्दै पुगे ।

दुई वर्षअघि ४० क्विन्टल उत्पादन भएको थियो । चार जनाले १०/१० क्विन्टलका दरले भाग लगाए । फोटो-भिडियो बनाउन आएकाबाट उठाएको शुल्कले पनि राम्रो आम्दानी भएको थियो । दुई वर्षअघि यसरी ५ लाख ५६ हजार रुपैयाँ उठेको अधिकारीले बताए । सूर्यमुखी फूलको ३५ प्रतिशतसम्म तेल निस्कन्छ । '४० क्विन्टल उत्पादन हुँदा १४ सय लिटर तेल बस्यो,' उनले भने । एक लिटर तेलको आठ सय रुपैयाँसम्म परेको थियो । यसरी तेलबाट मात्र ११ लाख २० हजार रुपैयाँ आम्दानी भयो ।

दुई वर्षअघि सूर्यमुखी रोपेको ठाउँमा गत वर्ष चुकन्दर लगाए । अन्तर्राष्ट्रिय बजारमा प्रांगारिक चुकन्दरको माग भएपछि सूर्यमुखी लगाएनन् । यो पटक फेरि सूर्यमुखी रोपेका छन् । पानी परेर जमिन चिसो भएका कारण छर्न केही ढिला भयो । '११ मंसिरमा बल्ल रोप्न सकियो, त्यसैले दुई वर्ष जस्तो फल्ला या नफल्ला भन्ने दुविधा छ,' उनले भने ।

सूर्यमुखी फुल्यो भन्ने सुनेर यो वर्ष पनि फोटो-भिडियो खिचाउन आउनेको लहर भने सुरु भएको छ । यो पटक उनी एक्लैले सूर्यमुखी लगाएका हुन् । यस पटक पनि उनले रासायनिक मल प्रयोग गरेका छैनन् । '२ लाख ५० हजार रुपैयाँको प्रांगारिक मल राखेको हो । मल छर्न ३१ जना खेताला लागे । रोप्ने बेलामा ५२ जना खेताला खटे । गोड्न दुई पटकमा ७५ जनाले काम गरेका छन्,' अधिकारीले भने, 'जोतेको खर्च ३१ हजार रुपैयाँ आयो । जमिन पनि आफ्नो होइन, भाडाको हो ।'

यस पटक बीउ मात्र १५ किलो लागेको छ । उनका अनुसार एक किलो बीउको १६० रुपैयाँ पर्छ । तेलहन बाली अनुसन्धान कार्यक्रमबाट सरकारी कोटामा बीउ ल्याएका कारण केही सहुलियत भएको उनले बताए । तर, किसानका दुःख धेरै भएको अधिकारीको भनाइ छ । 'उत्पादन लिन र बेच्न धेरै लगन र धैर्य चाहिन्छ । अरू कुरा छाड्नुस्, अघिल्लो पटक हामीले निकालेको तेल बेच्न नै डेढ वर्ष लाग्यो । खेती लगाउन, स्याहार्न उत्तिकै मिहिनेत र लगानी चाहियो । फूल फुलेका बेलामा सबै राम्रो देखिन्छ । यसभित्रको दुःख भोग्नेलाई मात्र थाहा छ,' अधिकारीले भने ।

रोपेको तीन महिनाभित्र फूल फुल्न सुरु हुन्छ । १५ दिनसम्म फूल निकै आकर्षक र फाँट मनमोहक देखिन्छ । रोपेको चार महिनाभित्र खेती स्याहार्नुपर्छ । बजारमा आयातित सूर्यमुखीको तेल सस्तोमा पाइने हुँदा आफूहरूको उत्पादन धेरै रोजाइमा नपर्ने गरेको अधिकारीले जनाए । 'बजारमा जति मूल्यमा तेल बिक्री भएको छ, त्यसका आधारमा हाम्रो उत्पादन बेच्न सकिँदैन । लागत नै उठ्दैन । हाम्रो उत्पादन प्रांगारिक हो, शुद्ध छ । यसको फाइदा बुझ्नेकाहरूले खोजेर खान्छन् । यसबाट हामीलाई राहत भएको छ,' अधिकारीले भने ।

दाना बस्न थालेपछि सुगाले दुःख दिने गरेको उनको भनाइ छ । 'सूर्यमुखीको सबैभन्दा ठूलो शत्रु सुगा रहेछ,' अधिकारीले भने, 'दाना बस्न थालेपछि हूलका हूल सुगा आएर खान सुरु गर्छन् । ध्यान नदिने हो भने सुगाले सूर्यमुखी ध्वस्तै पार्छ ।'

पाँच मतदान केन्द्रका मतदाताले गरे निर्वाचन बहिष्कार

नेताहरूले बेवास्ता गरेको, जनताका आवाज नसुनेको र विकासका लागि पहल नगरेको मतदाताको गुनासो

मतदाता नआएपछि सुनसान दाङको बबई गाउँपालिका-७ स्थित देउती मावि तल्लो मलैखोलाको मतदान केन्द्र । तस्बिर : कान्तिपुर

मनोज बडू (दार्चुला), **भानुभक्त निरौला** (सोलुखुम्बु), **केदार शिवाकोटी** (दोलखा) र **दुर्गालाल केसी** (दाङ)

देशभर उत्साहपूर्ण मतदान हुँदा दार्चुला, दाङ, ओखलढुंगा र दोलखाका केही मतदान केन्द्रमा भने मतदाताले निर्वाचन बहिष्कार गरेका छन् । नेताहरूले बेवास्ता गरेको, जनताका आवाज नसुनेको र विकासका लागि पहल नगरेको भन्दै मतदाताहरूले निर्वाचन बहिष्कार गरेका हुन् ।

दार्चुलाका दुई मतदान केन्द्रका मतदाताले निर्वाचन बहिष्कार गरेका छन् । नौगाड गाउँपालिका-१ स्थित गौरीशंकर मावि नागु र अपिहिमाल गाउँपालिका-३ स्थित दुधिला आधारभूत विद्यालय भुस्कु मतदान केन्द्रका मतदाताले निर्वाचन बहिष्कार गरेका हुन् । बुधबार नागुमा सुदूरपश्चिम प्रदेश सरकारका प्रमुख सचिव वैकुण्ठ अर्याल पुगेर छलफल गरे पनि उनीहरूले मत नहाल्ने अडान राखेका थिए । गत १ माघबाटै नागु विकास संघर्ष समिति बनाएर स्थानीय 'नो भोट' का पक्षमा उभिएको समितिका संयोजक करनसिंह डडालले जानकारी दिए ।

दल्लेख-नागु-सिना सडक निर्माणको प्रमुख मागसहित नागु क्षेत्रका स्थानीयले चुनाव बहिष्कारको घोषणा गरेका थिए । स्थानीयले सडक निर्माण नभएसम्म कुनै पनि निर्वाचनमा सहभागी नहुने बताउँदै आएका छन् । सडक निर्माणका लागि २०७० देखिका सबै निर्वाचनमा आश्वासन पाए पनि पूरा नभएको संघर्ष समिति संयोजक डडालले बताए । नागुस्थित गौरीशंकर माध्यमिक विद्यालय मतदान केन्द्रमा ६ सय २ मतदाता छन् ।

प्रदेश सरकारले निर्माण गरिरहेको दल्लेख-नागु-सिना सडकमा चालु आर्थिक वर्षमा शून्य बजेट छ । बजेट अभावले सडक निर्माण अघि बढ्न नसकेको पूर्वाधार विकास कार्यालय बैतडीले जनाएको छ । नौगाड गाउँपालिका-२ दल्लेखबाट सुरु गरेर हालसम्म सुन्डमुन्ड गाउँछेउको पारिमेलासम्म ९ किलोमिटर सडक मात्रै निर्माण भएको छ । पारिमेलाबाट नागु क्षेत्रसम्मको करिब ६ किलोमिटर सडक निर्माण गर्न बाँकी छ ।

यस्तै अपिहिमाल गाउँपालिका-३ का केही बस्तीका बासिन्दाले १५ फागुनबाट 'नो भोट' अभियान चलाएका थिए । २०७४ मा भएको वडा विभाजनले वडा ३ का अधिकांश बस्तीका लागि वडा कार्यालय अपायक ठाउँमा रहेको उनीहरूको गुनासो छ । वडा विभाजन हेरफेर नभएसम्म मतदान नगर्ने निर्णय गरेको स्थानीय कमलसिंह रोकायाले जानकारी दिए ।

नो भोटको अभियानअन्तर्गत बिहीबार अपिहिमाल-३ अन्तर्गत दुधिला आधारभूत विद्यालय मतदान केन्द्रका मतदाताले निर्वाचन बहिष्कार गरेका थिए । यो मतदान केन्द्रमा ३ सय ४६ जना मतदाता छन् । दार्चुलामा बिहीबार ५३.७६ प्रतिशत मतदान भएको छ । सबै मतदान केन्द्रमा निर्धारित समयमा ४९ हजार ९ सय ६८ मत खसेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

यस्तै, दाङ-३ को एक मतदान केन्द्रमा एक मत पनि खस्न सकेन । बबई गाउँपालिका-७ स्थित देउती मावि तल्लो मलैखोलामा एक जना मतदाता पनि नआएको मतदान अधिकृत टेकबहादुर खड्काले बताए । उक्त केन्द्रमा २ सय ७४ पुरुष र २ सय ५६ महिला गरी ५ सय ३० मतदाता रहेकामा केही मतदानमा सहभागी नभएको उनले जानकारी दिए ।

बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने उक्त क्षेत्रका बासिन्दाले यसअघि नै मतदान नगर्ने घोषणा गरेका थिए । नेताहरू गाउँ नआएको, जति भोट हाल्दा पनि विकासका पूर्वाधार केही नभएको र बाँके राष्ट्रिय निकुञ्ज राखेर गाउँलाई असुरक्षित बनाएको भन्दै उनीहरूले मतदान बहिष्कार गर्ने घोषणा गरेका थिए । सोही अडान कायम राख्दै उनीहरू मतदानमा सहभागी नभएका हुन् । यसैगरी बबई-१ स्थित जनता आधारभूत विद्यालय जिला मतदान केन्द्रमा पनि आधा दिनसम्म कोही मतदाता आएनन् । दिउँसोपख १० जना मात्रै मतदाता आए । उनीहरूले पनि नेताहरूलाई पाठ सिकाउन मत नदिएको बताएका छन् । बिहानैदेखि मतदानका लागि तयारी अवस्थामा रहे पनि अन्तमा १० मतदाता मात्रै मतदान गर्न आएको मतदान अधिकृत चिरञ्जीवी खड्काले बताए ।

सर्वदलीय बैठकमा पनि कोही नआएको र निर्वाचन बहिष्कार गर्ने जानकारी दिएको उनले बताए । जिल्लामा २ सय ९४ पुरुष र ३ सय ८८ महिला गरी ६ सय ८२ मतदाता थिए । जतिपटक भोट हाल्दा पनि केही परिवर्तन नभएपछि मत नहाल्ने निष्कर्षमा पुगेको संघर्ष समितिका अध्यक्ष चन्द्रबहादुर राहु मगरले बताए । 'हामीले मध्यवर्ती क्षेत्रबाट बस्ती स्थानान्तरण गर्न माग राख्दै आयौं, नभए गाउँमा विकास माग्यौं,' उनले भने,' हाम्रो कुरा केही पनि सुनुवाइ भएन । भोट हालेर केही कुरा सुनिँदैन भने किन हाल्ने ? यो हाम्रो विद्रोह हो ।' यसबाट नेताहरूले जनताको भावना बुझ्नुपर्छ भन्ने पाठ सिक्नुपर्ने उनले बताए ।

२०७९ को निर्वाचनमा दाङ-३ बाट कांग्रेसका दीपक गिरी निर्वाचित भएका थिए । यस पटक पनि गिरी उम्मेदवार छन् । एमालेबाट घनश्याम पाण्डे, नेपाली कम्युनिस्ट पार्टीबाट धनबहादुर मास्की र रास्वपाबाट कमल सुवेदी प्रतिस्पर्धामा छन् । यस क्षेत्रबाट २०७९ को निर्वाचनमा प्रदेशसभा सदस्यमा मास्की निर्वाचित भएका थिए । उनी प्रदेशसभा सदस्यबाट राजीनामा दिएर अहिले उम्मेदवार भएका छन् ।

यस्तै, कोशी प्रदेश सरकारले अस्पताल नबनाएको विरोधमा ओखलढुंगाको एक मतदान केन्द्रमा मतदाताले पनि मतदान बहिष्कार गरेका छन् । मानेभन्ज्याङ गाउँपालिका-७ स्थित टोक्सेल मतदान केन्द्रमा बिहीबार सम्पन्न निर्वाचनमा प्रत्यक्षतर्फ कुनै मत नखसेको प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीले जानकारी दिए । प्रजिअ मंग्रातीका अनुसार मतदान गर्न गएका कर्मचारीले भने समानुपातिकतर्फ मत खसालेका थिए ।

७ सय १ मतदाता रहेको उक्त केन्द्रमा प्रादेशिक अस्पताल बनाउने काम सुरु नगरेकामा विरोध गरेर कोही पनि भोट हाल्न नगएको मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष ज्ञानेन्द्र रुम्दालीले बताए । प्रदेश सरकारले अस्पताल बनाउनका लागि जग्गा व्यवस्थापनको माग गरेपछि स्थानीयले १ सय ६५ रोपनी जग्गा उपलब्ध गराएका थिए । तर प्रदेश सरकारले भने वार्षिक २०-२५ लाखको हाराहारीमा मात्रै बजेट पठाएर अस्पताल बनाउने काम सुरु नगरेकाले स्थानीयले मतदान बहिष्कार गरेर विरोध जनाएका हुन् ।

यस्तै, स्थानीय मतदान बहिष्कार गरेको दोलखाको गौरीशंकर गाउँपालिका-९ बेदिङबाट रित्तो मतपेटिका लिएर हेलिकोप्टर फर्किएको छ । बेदिङको समस्या सुनुवाइ गर्न कुनै उम्मेदवार नआएको भन्दै मत खसाल्न नगएको बताएका छन् । बेदिङमा १ सय १३ जना मतदाता छन् ।

मतदाताले निर्वाचन बहिष्कार गरेसँगै सो बुथमा प्रत्यक्षतर्फ मत नखसेको प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरेले बताए । निर्वाचनका लागि खटिएका पाँच जना कर्मचारीले भने समानुपातिकतर्फ मतदान गरेका छन् । सोही मत बोकेर निर्वाचन कर्मचारीको टोली त्यहाँबाट फर्किएको छ । प्रमुख जिल्ला अधिकारी घिमिरेका अनुसार उक्त केन्द्रको मतपेटिका हेलिकोप्टरमार्फत सदरमुकाम ल्याइसकिएको छ ।

निर्वाचनका दिन पनि भ्रामक सूचना

दया दुदराज (काठमाडौं)

सामाजिक सञ्जालको माध्यमबाट आह्वान भएको जेन-जी आन्दोलनपछिको निर्वाचनमा पनि सामाजिक सञ्जालले उत्तिकै भूमिका खेलेको छ । उम्मेदवारहरूको क्याम्पेनदेखि मतदाताको अपिलसम्म सामाजिक सञ्जालमै देखिएको थियो । यसबीचमा अल्गोरिदमको प्रभाव र भ्रामक तथा मिथ्या सूचना पनि उत्तिकै फैलियो । त्यो क्रम मौन अवधि र बिहीबारको निर्वाचनसम्म कायम रह्यो ।

बिहीबार सबैभन्दा चर्चामा रहेको मिथ्या सूचना थियो, 'मतदानस्थलमा गोली चल्यो ।' बिहीबार दिउँसो ११ बजेर ५२ मिनेटमा 'रामकुमार लिम्बू-राम' नामक फेसबुक पेजबाट 'ओखलढुंगाको एक मतदान केन्द्रमा आर्मीले चलायो गोली, अब के होला' भन्दै १ मिनेट ९ सेकेन्डको भिडियो पोस्ट भएको थियो । त्यसअघि बिहान ११ बजेर ६ मिनेटमा '७ न्युज नेपाल' बाट सोही भिडियो पोस्ट भएको थियो । उक्त भिडियोको क्याप्सनमा राखिएको थियो, 'ब्रेकिङ न्युज : ओखलढुंगा मतदानस्थलमा झडप, एमाले कार्यकर्तालाई नेपाली सेनाद्वारा गोली प्रहार ।'

ओखलढुंगामा झडप भएको भनी सामाजिक सञ्जालमा राखिएको पोस्ट ।

मतदानस्थलमा गोली चलेको खबरको सत्यता बुझ्न कान्तिपुरले ओखलढुंगाको प्रहरी कार्यालयमा फोन सम्पर्क गर्‍यो । तर प्रहरीले त्यस्तो केही गतिविधि नभएको जनायो । 'गलत अफवाह फैलाउने व्यक्तिको पहिचान तथा खोजतलास गरी कानुनबमोजिम आवश्यक कारबाही गरिनेछ,' ओखलढुंगा प्रहरीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यो भाइरल भिडियोको वास्तविकता पत्ता लगाउन हामीले भिडियोलाई 'इनभिड भेरिफाइ' उपकरणमा राखेर फ्रिक्रेमहरू निकाल्यौं र त्यसलाई गुगलको रिभर्स इमेज सर्च प्रयोग गरेर खोजी गर्‍यौं । त्यस क्रममा सोही भिडियो गत २७ माघमा 'द शब्द एक्सप्रेस' नामक फेसबुक पेजमा पोस्ट भएको भेटियो ।

उक्त पोस्टमा भिडियोको क्याप्सनमा लेखिएको छ, 'आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा मतदानस्थल र मतपेटिका सुरक्षाका लागि नेपाली सेनाले पूर्वतयारी थालेको छ । आज नेपाली सेनाले मतपेटिका असुरक्षित भएमा तथा विषम परिस्थिति आएमा भीडलाई कसरी नियन्त्रण गर्ने भन्ने देखाउन नमुना तालिम गरेको हो ।' यसबाट भाइरल भिडियो वास्तविक झडपको नभई निर्वाचन सुरक्षासम्बन्धी अभ्यास (नमुना तालिम) का क्रममा खिचिएको दृश्य भएको पुष्टि हुन्छ ।

ओखलढुंगामा जस्तै 'धादिङमा पनि गोली चल्यो' भन्ने भिडियो आएका थिए । बिहीबार दिउँसो १२ बजेर १३ मिनेटमा 'प्रकाश चौलागाईं' नामक ५६ हजार फलोअर भएको फेसबुक पेजबाट १ मिनेट १७ सेकेन्डको भिडियो पोस्ट भएको थियो । उक्त भिडियोको क्याप्सनमा लेखिएको छ, 'धादिङमा पनि गोली हानियो । यो चुनाव रद्द भइसकेको छ । यो चुनाव कुनै पनि हालतमा मान्य हुँदैन ।' तर उक्त भिडियोमा दाबी गरिएजस्तो कुनै पनि घटना नभएको धादिङ प्रहरीले जनाएको छ ।

यसबारे नेपाल फ्याक्टचेकले गरेको तथ्यजाँचअनुसार उक्त भिडियो निर्वाचनको दिनको नभएर यही ९ फागुनको थियो । उक्त दिन बिहान ९ बजेर ३ मिनेटमा 'ओखलढुंगा खबर लाइभ' नामक फेसबुक पेजमा १ मिनेट ४४ सेकेन्डको यो भिडिओ पोस्ट भएको भेटियो । त्यसैले उक्त भिडियो पनि भ्रामक हो ।

> निर्वाचनको दिन 'मतदानस्थलमा गोली चल्यो, लफडा भयो' जस्ता मिथ्या र भ्रामक सूचना

बिहीबार 'मतदानस्थलमा लफडा' जस्ता खबरहरू पनि चर्चामा रहे । भीमराज बुढाथोकी नामक प्रयोगकर्ताले बिहीबार बिहान ९ बजेर २६ मिनेटमा 'सोलुखुम्बुमा लफडा भएछ' भन्दै एउटा भिडियो पोस्ट गरे । भिडियोमा सेनाले बन्दुक तेर्स्याउँदै गरेकोसमेत देखिन्छ । तर, सैनिक प्रवक्ता राजाराम बस्नेतका अनुसार, सामाजिक सञ्जालमा भाइरल भएको उक्त भिडियो पुरानो हो । 'मैले पनि त्यो भिडियो हेरें, पुरानो अभ्यासका बेलाको भिडियो सामाजिक सञ्जालमा हालिएको रहेछ,' उनले भने, 'अहिले सोलुखुम्बुमा त्यस्तो कुनै समस्या भएको छैन ।' कोशी प्रदेश प्रहरी प्रमुख विनोद घिमिरेले सोलुखुम्बुमा शान्तिपूर्वक निर्वाचन भएको बताए ।

बालेन्द्रको सवारी

निर्वाचनको दिन चौतर्फी चर्चामा रहेको अर्को विषय हो- रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहको हेलिकोप्टर सवारी । बालेन्द्र बिहीबार काठमाडौंको सिनामंगलबाट मतदान गरेर हेलिकोप्टरमा झापा उडेका थिए । तर उनी झापा अवतरण नगरी पुनः काठमाडौं फर्किए ।

उनी झापा जाँदा-जाँदै किन फर्किए भन्ने प्रश्नबीच कान्तिपुरले निर्वाचन आयोगका अधिकारीहरूलाई सम्पर्क गरेको थियो । कामु प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले नै बालेन्द्रले हेलिकोप्टर उडानका लागि अनुमति नलिएको प्रतिक्रिया दिएपछि 'ईकान्तिपुर डटकम' मा यो विषयमा समाचार प्रकाशित भएको थियो । तर, बालेन्द्रको सचिवालयले समाचारको खण्डन गरेको थियो । कान्तिपुरले फेरि कामु प्रमुख निर्वाचन आयुक्तलाई नै सम्पर्क गर्दा 'बालेन्द्रले अनुमति लिएको तर आफूलाई पहिले जानकारी नभएको' स्पष्ट पारेका थिए ।

कामु प्रमुख निर्वाचन आयुक्तको भनाइका आधारमा प्रकाशित समाचार उनकै प्रतिक्रियाका आधारमा ईकान्तिपुरले संशोधन गरेको थियो । यसअघि नेपाल फ्याक्टचेक र टेकपानाले पनि तथ्यजाँच गरेका थिए । तथ्यजाँचअनुसार बालेन्द्र चढेको हेलिकोप्टर अनुमति नलिएकाले नभई सुरक्षासम्बन्धी कारण देखाउँदै अवतरण नगराई फर्काइएको देखिएको छ ।

बालेन्द्रको हेलिकोप्टर यात्रालाई लिएर अर्को खबर पनि चर्चामा रह्यो । त्यो हो उनको सुरक्षाको विषय । बिहीबार 'ताजा खबर' नामक ३५ लाख फलोअर भएको फेसबुक पेजले दिउँसो ११ बजेर ५४ मिनेटमा पोस्ट गर्दै 'झापामा सार्प सुटर तयार रहेको सूचनापछि बालेन चढेको हेलिकोप्टर अवतरण नगरी काठमाडौं फर्किएको' खबर पोस्ट गरेको थियो ।

बालेन्द्र सुरक्षा चुनौतीकै कारण फर्किए पनि त्यस्तो 'सार्प सुटर' रहेको गलत हो । जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) खगेन्द्रबहादुर खड्काले 'सार्प सुटर' बारेका सबै खबर अफवाह रहेको बताए । 'सुरक्षा चुनौतीका कारण उहाँहरू फर्किएको होला तर सार्प सुटर तयार रहेको कुरा अफवाह हो,' खड्काले भने, 'अहिलेसम्म त्यस्तो जानकारी छैन ।'

नयाँ यात्रामा नेपाल...

२०६४ मा ६१.७ प्रतिशत, २०७० मा ७८.३४ प्रतिशत, २०७४ मा ६८.६७ प्रतिशत र २०७९ मा भएको निर्वाचनमा ६१ प्रतिशत मतदान भएको थियो ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले यसपालि कम मतदान हुनुको कुनै ठोस कारण नभएको बताए । 'यस पटक अन्योलबीच निर्वाचन भयो । असहज परिस्थिति पनि भएकाले मतदानमा कमी आएको हुन सक्छ,' उनले भने ।

गृहमन्त्री ओमप्रकाश अर्यालले भने यसपालि स्वच्छ रूपमा मतदान भएकाले प्रतिशत कम देखिएको बताए । 'पहिला बुथ क्याप्चर गरिन्थ्यो, मरेका तथा विदेशमा रहेका मान्छेका नाममा पनि भोट हालिन्थ्यो,' उनले भने, 'दोलखा र स्याङ्जाका कतिपय केन्द्रमा ९८-९९ प्रतिशतसम्म मत खस्थ्यो । अहिले हामीले अवाञ्छित गतिविधिलाई पूर्णतया रोक्यौं । स्याङ्जामा यस पटक ५२ प्रतिशत जति मत खसेको जानकारी छ । अहिलेको यथार्थ हो, पहिलेको होइन ।'

यस पटक कम मत खस्नुमा मुख्य रूपमा तीन कारण हुन सक्ने पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल बताउँछन् । 'निर्वाचनअघि निर्वाचन हुने वा नहुने अन्योल र सन्त्रास, विदेशमा रहेका नेपाली उल्लेख्य रूपमा सहभागी हुन नसक्नु र मतदानस्थलमा जान नागरिकको इच्छाशक्तिमा आएको कमीले मतदान घटेको हुन सक्छ,' उनी भन्छन्, 'अरू साना-साना कारणले पनि मतदान प्रभावित पारेको हुन सक्छ ।'

मतदाताको जति सहभागिता भयो, त्यसलाई उत्साहकै रूपमा लिनुपर्ने पूर्वप्रमुख आयुक्त पोखरेलको भनाइ छ । 'निर्वाचन घोषणादेखि उम्मेदवारी दर्तासम्म आइपुग्दासमेत निर्वाचन तोकिएकै मितिमा हुन्छ कि हुँदैन भन्ने दोधार थियो,' उनले भने । निर्वाचनबाट प्रजातन्त्र, बालिग मताधिकार र लोकतन्त्रको जित भएको जनाउँदै उनले अब संविधान 'लिक' मा आउने विश्वास पलाएको बताए ।

पूर्वप्रमुख निर्वाचन आयुक्त एवं केही वर्षदेखि निर्वाचन पर्यवेक्षण गर्दै आएका सूर्यप्रसाद श्रेष्ठले कम मत प्रतिशत खस्नुमा विदेशमा रहेका नेपाली आउन नसक्नु, असुरक्षाको सन्त्रास र लोकतन्त्रका साथै निर्वाचन प्रणालीप्रति पनि विश्वासमा कमी कारण देखिएको बताए । 'निर्वाचनको केही दिनअघिसम्म जनतामा सन्त्रासको वातावरण थियो । सुरुमा निर्वाचन नै हुँदैन भन्ने हल्ला भयो । दलहरू खुलेर बोलेनन् अनि संसद् पुनःस्थापनाका कुरा पनि हल्लाकै रूपमा आए । मतदाता कहिल्यै पनि निर्वाचनप्रति ढुक्क भएनन्,' उनले भने, 'लोकतन्त्रप्रति विश्वास कमजोर भएको अवस्थामा निर्वाचन भएको थियो । निर्वाचन प्रणालीप्रति धेरै विश्वास र उत्साह बढेको पाइएन ।'

जेन-जी आन्दोलनको जगमा गठन भएको सुशीला कार्की नेतृत्वको नागरिक सरकारले यसपालि निर्वाचन गराएको हो । जेन-जी आन्दोलनको दबाबमा परेर तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि कार्की ६ महिनाभित्र प्रतिनिधिसभा सदस्यको निर्वाचन गराउने 'म्यान्डेट' सहित गत २७ भदौमा प्रधानमन्त्री नियुक्त भएकी थिइन् । नियुक्ति भएकै दिन उनको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरेर निर्वाचन घोषणा गरेका थिए ।

प्रतिनिधिसभामा प्रत्यक्ष प्रणालीबाट १६५ र समानुपातिकबाट ११० सांसद चुन्न बिहीबार मतदान गराइएको छ । प्रत्यक्षतर्फ ३ हजार ४ सय ६ र समानुपातिकतर्फ ३ हजार १ सय ३५ उम्मेदवार छन् । १० हजार ९ सय ६७ मतदानस्थलमा २३ हजार १ सय १२ मतदान केन्द्र तोकिएका थिए । अस्थायी मतदानस्थल पनि १ सय ४३ वटा थिए ।

प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन गराउन चुनौती भए पनि आफूहरूले जिम्मेवारीअनुरूप काम गरेर सफल बनाएको बताइन् । 'हामीमाथि विभिन्न प्रकारले आक्रमण नभएको होइन, बाधा-अवरोध नआएको होइन । तर हामी विचलित भएनौं । निःस्वार्थ र निष्ठा राखेर काम गरे फत्ते हुन्छ भन्ने विश्वास थियो,' उनले भनिन् ।

गृहमन्त्री ओमप्रकाश अर्यालले राष्ट्रपति रामचन्द्र पौडेलको निर्देशन र प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा सम्बद्ध सबै पक्षको सहयोगका कारण मुलुकभर एकै चरणमा मतदान कार्य सम्पन्न भएको बताए । निर्वाचनको माध्यमबाट संविधान कार्यान्वयन एवं नेपाली जनताले प्राप्त गरेको हक अधिकार संस्थागत गर्नमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको उनले प्रतिक्रिया दिए ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बिहीबार देशभर उत्साहपूर्वक मतदान भएको प्रतिक्रिया दिँदै यसमा भूमिका निर्वाह गर्ने सरकार, राजनीतिक दलगायत सरोकारवाला सबै पक्षलाई धन्यवाद दिएका छन् । 'देशभर मतदाताले उत्साह देखाउनुभयो । तर केही केन्द्रमा मतदाताले अस्वीकार गरेको पाइयो तर त्यो निर्वाचन आयोगसँग सम्बन्धित छैन,' उनले भने, 'यो दलहरूको वाचाप्रतिको असन्तुष्टि हो ।'

भण्डारीले निर्वाचन अभियान २७ भदौमा सुरु भएर भन्ज्याङमा आइपुगेको बताए । निर्वाचन आयोग सुरुकै दिनदेखि निर्वाचन सम्भव छ र सम्पन्न हुन्छ भन्नेमा दृढ रहँदै काममा खटिएको र आज नतिजा देखिएको उनको भनाइ छ । 'यो निर्वाचन आयोगले मात्र गरेर सम्भव भएको होइन । यसमा सबैको उत्तिकै सहयोग छ । सरकारले सुरुदेखि नै आर्थिक र अन्य कुरामा कुनै कमी गराएन,' उनले भने, 'राजनीतिक दल, सार्वजनिक सञ्चारमाध्यम अनि मतदाताको अतुलनीय सहयोग रह्यो ।'

भण्डारीले निर्वाचनमा जेन-जीको उल्लेख्य उपस्थिति रहेको पनि दाबी गरे । यस पटक करिब १० लाख नयाँ मतदाता थिए । तीमध्ये अधिकांश युवा रहेको उनको भनाइ छ । 'हार-जित अलग कुरा हो तर निर्वाचनमा भाग लिएर लोकतन्त्रको पक्षमा सबै उभिएका छन्,' उनले भने, 'निर्वाचन भनेको जनताको अभिमत हो ।'

कहिले कति मतदान ?

२०४८ मा ६५.१५ प्रतिशत
कुल मतदाता १,११,९१,७७७
खसेको मत ७२,९१,०८४

२०५१ मा ६१.८६ प्रतिशत
कुल मतदाता १,२३,२७,३२९
खसेको ७६,२५,३४८

२०५६ मा ६५.७९ प्रतिशत
कुल मतदाता १,३५,१८,८३९
खसेको ८८,९४,५६६

२०६४ मा ६१.७ प्रतिशत
कुल मतदाता १,७६,११,८३२
खसेको १,०८,६६,१३१

२०७० संविधानसभामा ६१.७ प्रतिशत
कुल मतदाता १,२१,४७,८६५
खसेको ९५,१६,७३४

२०७४मा ६८.६७ प्रतिशत
कुल मतदाता १,५४,२७,०३८
खसेको १,०५,९३,७४६

२०७९ मा ६१ प्रतिशत
कुल मतदाता १,७९,८८,०७०
खसेको १,०९,७३,०२७

२०८२ मा ५८.०७ प्रतिशत
कुल १,८९,०३,६८९
खसेको १,०९,७७,७११

यथाशीघ्र सत्ता हस्तान्तरण...

समयमै चुनाव सम्पन्न गर्दा तपाईंले कहींकतै सम्झौता गर्नुभयो भन्ने पनि छ । जस्तो कि, कार्की आयोगको प्रतिवेदन चुनावअघि सार्वजनिक भएन । के भन्नुहुन्छ ?

आयोगले प्रतिवेदन बुझाउनासाथ कार्यान्वयनमा जान्छ । मैले भन्दै आएकी छु, मुलुकमा कुनै पनि प्रकारको दण्डहीनताले ठाउँ पाउनु हुँदैन । यो आयोगको मात्र होइन, अरू पनि त्यस्ता प्रतिवेदन छन् भने ती हेर्छौं र सार्वजनिक गरिदिन्छौं । ताकि जनताले थाहा पाऊन् ।

चुनावपछिको सरकारको प्राथमिकता के हुनुपर्छ ?

जेन-जी आन्दोलनमा उठेका एक-एक आवाजको सम्बोधन हुनुपर्छ । यहाँ भ्रष्टाचार, नातावाद, पक्षपात नहोस् । आफ्नो देशमा अन्याय र विभेदको महसुस गरेर कुनै पनि युवा विदेश जानु नपरोस् । गएकाहरू पनि विदेशबाट लास भएर आउनु नपरोस् । आफ्नै देशमा गरिखाने वातावरण होस् ।

नयाँ सरकारलाई सत्ता हस्तान्तरण गर्नुअघि तपाईंले सक्नुपर्ने केही काम छन् ?

हामी नयाँ जनादेशप्राप्त सरकारलाई यथाशीघ्र सत्ता हस्तान्तरण गर्न चाहन्छु ।

मतगणना बिहीबार रातिबाटै

कान्तिपुर संवाददाता (काठमाडौं)

काठमाडौं, बाँके, कास्की, रूपन्देहीलगायत जिल्लाका करिब एक दर्जन निर्वाचन क्षेत्रमा बिहीबार राति नै मतगणना सुरु भएको छ । अन्य क्षेत्रमा शुक्रबार बिहानै मत गन्न थाल्ने तयारी छ ।

काठमाडौं-१, ३, ४, ८ र १०, बाँकेका तीनवटै क्षेत्र, कास्की-२, रूपन्देही-२ लगायत क्षेत्रमा मत गणना सुरु भएको हो । काठमाडौं-३ मा उज्यालो नेपाल पार्टीका कुलमान घिसिङले सुरुवाती अग्रता लिएका छन् । निकटतम प्रतिद्वन्द्वीमा रास्वपाका राजु पाण्डे छन् ।

काठमाडौं-८ को प्रारम्भिक नतिजामा रास्वपाका विराजभक्त श्रेष्ठले अग्रता लिएका छन् । यस्तै, काठमाडौं-१० मा रास्वपाकै प्रदीप विष्टको सुरुवाती अग्रता छ । यस्तै, बाँके-१ मा कांग्रेसका नारायणप्रसाद गौडेलले सुरुवाती अग्रता लिएका छन् । बाँके-२ को प्रारम्भिक नतिजामा कांग्रेसकै सुधांशु कोइराला अगाडि छन् ।

प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीका लागि मतदान गरिएकाम पहिले प्रत्यक्षतर्फको मत गनिँदै छ । कुनै निर्वाचनमा क्षेत्रमा गणना थालेको २४ घण्टाभित्रै नतिजा दिने निर्वाचन आयोगको दाबी छ । एक साताभित्र समानुपातिकको समेत गरेर अन्तिम नतिजा सार्वजनिक गरिने आयोगले जनाएको छ ।

गणनास्थलमा मतपेटिका संकलन भइसकेपछि सर्वदलीय बैठक बसेर मतगणनादेखि बदर र सदर लगायतबारे नियम निर्धारण गरिन्छ । त्यसपछि गणना सुरु हुन्छ । आयोगका सहायक प्रवक्ता कुलबहादुर जीसीका अनुसार हिमाली र दुर्गम भेगका मतदानस्थलबाट हेलिकोप्टरमा मतपेटिका ढुवानी गरिएको छ । गणनामा अवरोध हुन नसकोस् भनेर मुलुकभरकै गणनास्थललाई तारजालीले घेराबारा गरिएको छ ।

> काठमाडौं-३ मा उज्यालो नेपाल पार्टीका कुलमान घिसिङ, काठमाडौं-८ मा रास्वपाका विराजभक्त श्रेष्ठ, काठमाडौं-१० मा रास्वपाकै प्रदीप विष्ट र बाँके-१ मा कांग्रेसका नारायणप्रसाद गौडेल, बाँके-२ मा कांग्रेसकै सुधांशु कोइरालाको सुरुवाती अग्रता

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले मतगणनाका क्रममा भएका विगतका घटनाबाट पाठ सिकेर आयोगले यसपालि गणनास्थललाई सुरक्षित पारिएको जानकारी दिए । 'सबै गणनास्थललाई तारजालीले बेरेर सुरक्षित बनाइएको छ,' उनले भने, 'गणक र उम्मेदवारका प्रतिनिधि बस्ने ठाउँ छुट्टै बनाइएको छ । उम्मेदवारका प्रतिनिधिले मतगणना हेर्न पाउँछन् तर गणकको छेउमा पुग्न, मतपत्र छुन पाउँदैनन् ।'

गणनाका क्रममा गणनास्थलबाटै मतपरिणामको विवरण वेबसाइटबाट अद्यावधिक गर्ने आयोगको तयारी छ । आयोगको वेबसाइटको 'निर्वाचन नतिजा' मा गएर मतपरिणाम हेर्न सकिने आयोगले जनाएको छ । परिणाम 'अपलोड' गर्न प्रत्येक गणनास्थलमा एक-एक अधिकृत परिचालन गरिएको छ । मतगणना जारी रहेको क्षेत्रमा पनि माइकिङ गरेर समय-समयमा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

KMG
KANTIPUR MEDIA GROUP

KANTIPUR जनादेश

प्रतिनिधिसभा निर्वाचन २०८२

आफ्नो मताधिकारको सही प्रयोग गरौं र लोकतन्त्रलाई बलियो बनाऔं।

मतदातालाई सुसूचित गर्न र निर्वाचनका हरेक पलको सत्य, तथ्य र दुरुस्त अपडेट प्रदान गर्न हामी पूर्ण रुपमा तयार छौं। छिटो, निष्पक्ष र निरन्तर निर्वाचन समाचारका लागि कान्तिपुर टेलिभिजन, इकान्तिपुर र रेडियो कान्तिपुरसँगै कान्तिपुरका सबै आधिकारिक प्लाटफर्महरुसँग जोडिनुहोस्।

election.ekantipur.com

२४ घण्टा प्रत्यक्ष प्रसारण

KANTIPUR HD | कान्तिपुर | THE KATHMANDU POST (WITHOUT FEAR OR FAVOUR)

Radio Kantipur (रेडियो राष्ट्रको) | Kantipur App | YouTube @KantipurTVHD @ekantipurofficial

MAIN SPONSOR: XTREME ENERGY DRINK (#XTREMEENERGY, XTREME ENERGY DRINK, VITALIZE BODY AND MIND, CLASSIC)

POWERED BY: BYD | Plumber PIPES | सर्वोत्तम सिमेन्ट

PARTNERS: LUX | FRONTLINE HOSPITAL Healthcare First | aecc Study abroad consultants | eSewa MONEY TRANSFER "मेरो पहिलो रोजाइ" | सगरमाथा सिमेन्ट | YETI CARPET कार्पेटको शहंशाह | Good Knight | जगदम्बा सिमेन्ट | HULAS Hulas Steel SINCE 1982 | Godrej expert

इंग्ल्यान्डलाई पन्छाउँदै भारत फाइनलमा

भारतले उपाधिका लागि आइतबार न्युजिल्यान्डसँग फाइनल खेल्ने

इंग्ल्यान्डका ज्याकोब बेथललाई अन्तिम ओभरमा रनआउट गरेपछि भारतीय खेलाडीको खुसी। तस्बिर : एएफपी

मुम्बई (एएफपी)- ज्याकोब बेथलको शतकलाई पन्छाउँदै भारतले इंग्ल्यान्डलाई ७ रनले पराजित गर्दै ट्वान्टी-२० विश्वकप क्रिकेटको फाइनलमा पुगेको छ। सञ्जु सामसनले अर्को आक्रमक इनिङ्स खेलेपछि घरेलु टोली भारतले लगातार दोस्रो पटक फाइनलमा पुग्ने क्रममा बिहीबार मुम्बईको वानखेडे रंगशालामा भएको दोस्रो सेमिफाइनलमा विजयको आधार तयार पारेको थियो।

वेस्ट इन्डिजविरुद्धको अघिल्लो निर्णायक खेलमा अविजित ९७ रन बनाएका सामसनले ४२ बलमा ८९ रन बनाएपछि टस हारेर ब्याटिङमा भारतले २५३-७ को विशाल स्कोर बनाएको थियो। बेथलले ४८ बलमा १ सय रन बनाए पनि जवाफमा आएको इंग्ल्यान्डले ७ विकेट गुमाई २ सय ४६ रन मात्र बनाउन सकेको थियो।

भारतले न्युजिल्यान्डसँग आइतबार अहमदाबादमा फाइनल खेल्ने छ। न्युजिल्यान्डले कोलकाताको इडेन गार्डेनमा बुधबार भएको पहिलो सेमिफाइनलमा दक्षिण अफ्रिकालाई सजिलै ९ विकेटले पराजित गरेको थियो। दुई वर्षअघि अमेरिका र वेस्ट इन्डिजमा भएको पछिल्लो संस्करण जितेको भारत उपाधि रक्षाको अभियानमा हुनेछ।

सामसनले ८ चौका र ७ छक्का प्रहार गरे। भारत इंग्ल्यान्डका बलरमाथि हाबी हुँदै १९ छक्का र १८ चौका प्रहार गरेको थियो। जोफ्रा आर्चरको पहिलो ओभरमै १-१ चौका र छक्का प्रहार गर्दै सामसनले आफ्नो उद्देश्य प्रस्ट पारेका थिए। दोस्रो ओभर लिएर बलिङमा आएका विल ज्याक्सले अभिषेक शर्मालाई ९ रनमा मिडविकेटमा फिल सल्टबाट क्याच गराई इंग्ल्यान्डलाई पहिलो सफलता दिलाए। खेलको निर्णायक क्षण त्यति बेला बन्यो, जब आर्चरको बलमा कप्तान ह्यारी ब्रुकले सामसन १५ रनमा हुँदा सामान्य अवसर गुमाउन पुगे।

इंग्ल्यान्डले यसको ठूलो मूल्य चुकाउन पुग्यो। सामसनले २६ बलमै अर्धशतक पूरा गरे। उनले लिएम डावसनलाई उनको पहिलो ओभरमा १९ रन प्रहार गरे। सामसन र ईशान सिनले दोस्रो विकेटमा ४८ बलमा ९७ रन जोडे। किसन आउट हुँदा भारतको १० औं ओभरमा ११७-२ को स्थिति रहेको थियो। आदिल रशिदको बलमा ज्याक्सबाट क्याच भएका किसनले १८ बल खेली ४ चौका र २ छक्का प्रहार गरी ३९ रन बनाए।

विकेटमा जमिरहेको अवस्थामा ज्याकले सामसनलाई सल्टबाट क्याच गराउँदा भारतको १४ औं ओभरमा १६०-३ को स्कोर थियो। त्यसपछि ब्याट घुमाउने पालो शिवम दुबेको थियो। उनले २५ बलमा ४३ रन बनाउने क्रममा ४ छक्का र १ चौका प्रहार गरे। उनलाई ब्रुकले सिधा थ्रोमा रनआउट गरे।

हार्दिक पाण्ड्याले १२ बलमा २७ र तिलक वर्माले ७ बलमा ३ छक्कासहित २१ रन बनाएपछि भारतले २ सय ५० रन पार गरेको थियो। ज्याक्सले ४० रन खर्चेर २ विकेट लिए। तर आर्चरले १ विकेट लिने क्रममा ४ ओभरमा ६१ रन खर्चन पुगेपछि इंग्ल्यान्डका सबैभन्दा महँगा बलर बने।

सल्ट ५, ब्रुक ७ रनमा आउट भए पनि इंग्ल्यान्डले पनि दमदार सुरुवात गर्‍यो। बेथलले ८ चौका र ७ छक्का प्रहार गरे। ओपनर जस बटलरले १७ बल खेली ४ चौका र १ छक्का प्रहार गरी २५ रन बनाए। टम बान्टनले ५ बलमा १७, ज्याक्सले २० बलमा ३५ रन बनाए। ४ चौका र २ छक्का प्रहार गरेका ज्याक्सले बेथलसँग पाँचौं विकेटमा ३९ बलमा ७७ रनको साझेदारी गरे।

साम करनले १४ बलमा २८ रन बनाए। इंग्ल्यान्डलाई अन्तिम ओभरमा विजयका लागि ३० रन आवश्यक भएको समयमा पहिलो बलमा २ रन लिने प्रयासमा बेथल रन आउट भए। अन्तिम ३ बलमा आर्चरले दुवैलाई छक्का प्रहार गरे पनि इंग्ल्यान्ड विजयको नजिक मात्र पुग्न सक्यो।

फाइनल अगाडि एलेन झन् आत्मविश्वासी

न्युजिल्यान्डका फिन एलेन र टिम सेइफर्ट बुधबार दक्षिण अफ्रिकाविरुद्धको सेमिफाइनल दौरानमा। तस्बिर : एएफपी

कोलकाता (एएफपी)- न्युजिल्यान्डले ट्वान्टी-२० विश्वकपको सेमिफाइनलमा दक्षिण अफ्रिकामाथि हात पारेको जितका नायक थिए, फिन एलेन। अब यिनै खेलाडीले आफ्नो टिम पहिलो विश्वकप उपाधि जित्न आत्मविश्वासी भएको दाबी गरेका छन्। ओपनरका रूपमा एलेनले ट्वान्टी-२० विश्वकपकै सबैभन्दा तीव्र गतिको शतक बनाए, जम्माजम्मी ३३ बलमा।

त्यसमै टिकेर न्युजिल्यान्डले नौ विकेटको एकोहोरो जित निकालेको थियो। न्युजिल्यान्डले आइतबार हुने फाइनलमा घरेलु टोली भारतको सामना गर्नेछ। एलेनको ब्याटबाट एकपछि अर्को १० चौका र आठ छक्का निस्केको थियो। इडेन गार्डेनमा भएको खेलमा न्युजिल्यान्ड विजयी हुँदा विश्वास नहुन सक्छ, ७.१ ओभरको खेल बाँकी थियो, त्यो पनि १ सय ७० रनको लक्ष्य पछ्याउने क्रममा।

फेरि यो जित त्यस्ता टिमविरुद्ध थियो, जुन २०२४ को उपविजेता मात्र थिएन, यसपल्टको प्रतियोगितामा त्यस अगाडि अपराजित एक्लो टिम थियो। उनी एडेन मारक्रमको दक्षिण अफ्रिकाबारे के भन्छन् त ? उनको भनाइ रहेको छ, 'दक्षिण अफ्रिका असाध्यै राम्रो टिम हो, उनीहरूसँग अग्ला-अग्ला फास्ट बलर छन्। त्यसले हामीलाई गाह्रै बनायो। तिनका ब्याटर कडा प्रहार गर्न पनि सिपालु छन्। दक्षिण अफ्रिका नै यसपल्टको विश्वकपमा सबैभन्दा लयमा देखिएको टिम हो। यस्तोमा यही टिमलाई हराएपछि हामी आत्मविश्वासी हुने भयौं नै।'

अकल्यान्डमा जन्मे हुर्केका एलेनको लिग चरणमा प्रदर्शन ठीकठाक मात्रै थियो, युएईविरुद्ध अविजित ८४ रनको प्रदर्शनलाई छाडेर। तर उनले नै नकआउट चरणको पहिलो खेल आफ्नो नाममा लेखाए। अब उनलाई के लाग्छ भने उनका आमाबुबा मात्र होइन, पूरा देशले आफ्नो निद्रा मारेर फाइनल खेल्नेछ। उनी भन्छन्, 'मेरा आमाबुबाले त फाइनल छाड्ने नै छैनन्। उहाँहरूलाई आफ्नो छोरामा गर्व होला। तर मलाई के लाग्छ भने आइतबारको खेलमा पूरा देश हाम्रो पक्षमा हुनेछ, समर्थन गर्दै।'

अहमदाबादमा आइतबार फाइनल सुरु हुँदा न्युजिल्यान्डमा सोमबार बिहानको साढे दुई बजिसक्नेछ। एलेन भन्छन्, 'त्यसैले यो खेल हेर्ने समय मिलाउन पनि गाह्रै हुनेछ। तर मलाई विश्वास छ, धेरैले फाइनल हेरिसकेपछि पनि सोमबार काममा मज्जाले निस्कनेछन्।' एलेनले आफ्ना ओपनर साथी टिम सेइफर्टसँग मिलेर १ सय १७ रनको साझेदारी गरेका थिए। सेइफर्टले ५८ रन बनाए। उनीहरूले कगिसो रबाडा र लुन्गी एनगिडी जस्ता उच्चस्तरको पेस आक्रमणलाई पनि मज्जाले खेले। सुरुमा सेइफर्ट आक्रामक देखिए, २१ बलमै ४१ रन ठोके।

त्यसपछि एलेनको पालो, उनले दुई चौका, दुई छक्का र फेरि एक छक्काको मद्दतले खेलमा पूर्णविराम लगाए। उनी मान्छन्, खेल सजिलो बनाउने काम गरेको भनेको सेइफर्टले नै हो। उनी भन्छन्, 'अहिले सेइफर्ट उच्च लयमा छन्। उनी गज्जबका खेलाडी हुन्। अहिले उनले आफू कस्तो खेलाडी हो भनेर प्रमाणित गरेका छन्। उनले स्थितिलाई आफू अनुकूल बनाउने गर्छन्। हो, त्यसैले उनीसँग ब्याटिङ गर्नु मज्जाले भरिएको हुन्छ।'

न्युजिल्यान्ड बल्लतल्ल सेमिफाइनल पुगेको भन्दा पनि हुन्छ किनभने समूह चरणमा दक्षिण अफ्रिकासँग हारेर न्युजिल्यान्डलाई त्यति बेला भाग्यले साथ दिएको थियो, जति बेला उसको नेट रन रेट पाकिस्तानको भन्दा उच्च रह्यो। एलेनको थप एउटा विश्लेषण पनि रहेको छ र त्यो हो, यस विश्वकप अगाडि न्युजिल्यान्डले भारतमा पाँच खेलका ट्वान्टी-२० शृंखला खेलेको थियो। त्यसमा भारत ४-१ ले पराजित रह्यो। तर त्यसैले न्युजिल्यान्डलाई भारतमा खेल्न अभ्यस्त बनायो।

आर्सनलको हातैमा फर्केको उपाधि होड

लन्डन (एएफपी)- आर्सनलले देखाएको छ, उसलाई जित्न सधैं सेट पिसको गोल मात्र चाहिन्न। बुकायो साकाले गरेको एक मात्र गोलको मद्दतले बुधबार इंग्लिस प्रिमियर लिगमा आर्सनलले ब्राइटनलाई हराएको छ र यससँगै उत्तरी लन्डन क्लब लिग उपाधिको नजिक पुगेको छ।

यो जितको विशेष अर्थ के रह्यो भने यसले आर्सनलको हातैमा उपाधि होड फर्केको छ। साकाका लागि पनि यो खेल विशेष रह्यो, किनभने उनले २४ वर्षकै उमेरमा आर्सनलका लागि तीन सय खेलको कीर्तिमान छोएका छन्। उनी यति धेरै खेल खेल्ने सबैभन्दा कान्छा खेलाडी बनेका छन्।

अब आर्सनल दोस्रो स्थानमा रहेको सिटीमाथि सात अंकको अग्रता खोल्न पनि सफल रह्यो। सिटी अर्को खेलमा पुछारतिर रहेको नटिंघम फरेस्टसँग बराबरीमा रोकिएपछि अब आर्सनलले उपाधिसम्मको यात्रामा अन्य टिमको नतिजा कुर्नुपर्ने छैन, उसलाई आफैंले जिते पुग्नेछ। आर्सनलको तुलनामा सिटीले एक खेल कम खेलेको छ र अप्रिलमा इतिहाडमा उसको आतिथ्य गर्दै छ।

लिगमा लगातार तीन खेल जितेर आर्सनलले आफ्नो टिम उपाधि होडमा मानसिक रूपमा कमजोर भएको आरोपको पनि उत्तर दिएको छ। सन् २०२३ र २०२४ मा आर्सनलले राम्रै अग्रता गुमाएर सिटीपछि दोस्रो स्थानमा रहेको थियो। तर यसपल्ट अनेक उतारचढावबीच २००४ यता आर्सनल पहिलो पटक उपाधि होड जित्ने संघारमा पुगेको छ। आर्सनलको ३० खेलबाट ६७ अंक भएको छ। सिटी भने २९ खेलमा ६० अंकमा रह्यो।

आर्सनलका प्रशिक्षक मिखेल आर्टेटाले पनि ब्राइटनमाथिको जितलाई ठूलो महत्त्व दिए। उनले भने, 'ब्राइटनमा आएर खेल्नु र जित्नु निकै कठिन काम हो, यसपल्ट हामीले यही काम गरेका छौं। नत्र धेरै टिमलाई यहाँ आएर गाह्रो भएको छ। त्यसैले पनि अहिलेको यो जितको ठूलो अर्थ हुनेछ। आखिरमा हामीले आफूले चिताएको नतिजा निकाल्न सफल रह्यौं।'

फरेस्टमाथि भने सिटी पूर्णतः हाबी रह्यो र टिम लिगमा लगातार पाँचौं जितको संघारमा थियो। तर खेलको अन्त्यमा सिटी दुई बहुमूल्य अंक गुमाउन बाध्य रह्यो र अब उसलाई लिगका सबै बाँकी खेल जितेर पनि पुग्ने छैन। तर सिटी प्रशिक्षक पेप ग्वार्डिओलाले अझै आस भने छाडेका छैनन् र सबैखाले सम्भावना बाँकी नै रहेको बताउँछन्। उनी भन्छन्, 'अझै धेरै खेल हुन बाँकी छ, अझ हामीले आर्सनलको तुलनामा एक खेल कम खेलेका छौं। अब हामीले एफए कपमा न्युकासल युनाइटेडको सामना गर्दै छौं, अहिलेका लागि त्यही खेलमा ध्यान केन्द्रित गर्नेछौं। फरेस्टविरुद्ध हाम्रो प्रदर्शन खासै खराब थिएन तर टिममा सुधारको अवसर जहिले पनि कायम रहन्छ।'

लिग तालिकाको शीर्ष पाँच स्थानको होड पनि आफैंमा रोमाञ्चक भएको छ र यसमा त्यति बेला अर्को मोड आएको छ, जति बेला म्यानचेस्टर युनाइटेड अर्को खेलमा न्युकासल युनाइटेडसँग पराजित रह्यो। अन्तरिम प्रशिक्षकका रूपमा माइकल क्यारिक आएयता युनाइटेडको यो पहिलो हार हो। युनाटेड अझै पनि ५१ अंकमा तेस्रो स्थानमा छ। एस्टन भिल्ला पनि ५१ अंकमै रह्यो किनभने उसले पनि चेल्सीको हातबाट हार बेहोरेको थियो। त्यसयता चेल्सी र लिभरपुल समान ४८ अंकमा छन्।

बुकायो साकालाई गोलका लागि पास उपलब्ध गराएपछि रमाउँदै आर्सनलका जुरेन टिम्बर।
तस्बिर : एपी

दक्षिण अफ्रिका फेरि एकपल्ट 'चोकर्स'

एएफपी

कोलकाता (एएफपी)- सेमिफाइनल अगाडि दक्षिण अफ्रिका मात्र एक्लो यस्तो टिम थियो, जसले हारको सामना गर्नुपरेको थिएन। त्यसैले ट्वान्टी-२० विश्वकपको अन्तिम चारमा न्युजिल्यान्डको सामना गर्दा उसको आत्मविश्वासले आकाश छोएको थियो। दक्षिण अफ्रिकालाई लागेको थियो, आफूमाथि लाग्दै आएको 'चोकर्स' को आरोप अब मेटिनेछ।

तर सेमिफाइनलको पटकथा फेरि एकपल्ट पुरानै रह्यो। न्युजिल्यान्डले इडेन गार्डेनमा भएको खेलमा दक्षिण अफ्रिकालाई उठ्नै नसक्ने प्रकारले हरायो। फाइनल प्रवेशका लागि न्युजिल्यान्डको नौ विकेटको जित लगभग एकपक्षीय जस्तै रह्यो। यस्तोमा दक्षिण अफ्रिकामाथि 'चोकर्स' को आरोप फेरि एकपल्ट ब्युँझिएको छ।

यस्तोमा दक्षिण अफ्रिकी टिमका मुख्य प्रशिक्षक सुकी कोनार्डले ख्यालठट्टामा उत्तर दिन साहस गरे। उनले खेलपछि भनेका थिए, 'आजको खेलमा हामीले फेरि चोक गर्‍यौं अथवा गरेनौं, थाहा छैन। तर हार भने एकोहोरो नै रह्यो। मलाई लाग्छ, प्रतियोगिताका अगाडि हामी सेमिफाइनल पुग्नेछौं भनेर कसैले अनुमान गरेका थिएनन्।'

तर उनी के पनि मान्छन् भने यस्तो भन्नु मनलाई शान्ति दिनु जस्तै मात्र हो। दक्षिण अफ्रिकामाथि 'चोकर्स' को उपनाम जोडिन थालेको अहिले होइन, तीन दशक भइसकेको छ। यस पछाडिका कारण पनि ठोस नै छन्। सन् १९९१ मा दक्षिण अफ्रिकाले अन्तर्राष्ट्रिय क्रिकेटमा पुनरागमन गरेको थियो, लामो समय एक्लिएपछि। त्यसयता दक्षिण अफ्रिकाले एकदिवसीय होस् अथवा टी-२० क्रिकेट, दुवैका प्रत्येक विश्वकप खेलेको छ। तर प्रत्येकपल्ट उपाधि जित्न चुकेको छ। १९९२ यता सीमित ओभरको क्रिकेटको विश्वकपमा दक्षिण अफ्रिका नकआउट चरण पुग्दा २१ मध्ये १५ खेलमा पराजित भइसकेको छ। दक्षिण अफ्रिकाले जितको असाध्यै नजिक रहेर पनि चुकेको सबैभन्दा राम्रो उदाहरण सन् १९९९ को विश्वकपमा बनेको थियो, जति बेला एजबास्टनमा भएको खेलमा उसले अस्ट्रेलियाको सामना गरेको थियो। जितका लागि २ सय १४ रनको लक्ष्य पछ्याउने क्रममा दक्षिण अफ्रिकालाई अन्तिम ओभरमा नौ रन चाहिएको थियो।

उसको एक विकेट बाँकी थियो। लान्स क्लुसनर लयमा थिए र उनले ड्यामिन मार्टिनको सुरुआती दुई बलमा लगातार चौका प्रहार गरे। यस्तोमा खेल टाई भएको थियो र दक्षिण अफ्रिकालाई बाँकी बलमा एक रन चाहिएको थियो। तेस्रो बल डट भएपछि चौथोमा क्लुसनले एक रन लिने प्रयास गरे। तर अर्को छेउ रहेका एलान डोनाल्ड पिचको मध्य भागमा पुगेर स्थिर भए। एडम गिलक्रिस्टले सजिलै रनआउटको प्रक्रिया पूरा गरे।

सुपर सिक्समा राम्रो प्रदर्शनका आधारमा अस्ट्रेलिया फाइनल पुगेको थियो। दक्षिण अफ्रिका निराश भएर घर फर्केको थियो र त्यही बेलादेखि टिममाथि 'चोकर्स' नाम जोडिएको थियो, जुन उसले अहिलेसम्म मेटाउन सकेको छैन। न्युजिल्यान्डविरुद्ध अहिलेको खेल समाप्त भएपछि दक्षिण अफ्रिकाको भाग्य फेरिन सकेको छैन। दक्षिण अफ्रिकाको अहिलेसम्मको एउटै सफलता भनेको २०२५ मा आईसीसीको विश्व टेस्ट च्याम्पियनसिप जित्नु हो, यस्तै चमत्कार सेतो बलका क्रिकेटमा हुन सकेको छैन।

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रबन्ध निर्देशक : सम्भव सिरोहिया, प्रधान सम्पादक : उमेश चौहान

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

कान्तिपुर

वर्ष ३४ अंक १६ काठमाडौं | २२ फागुन २०८२ शुक्रबार चैत्र कृष्णपक्ष तृतीया | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, March 6, 2026 | पृष्ठ १०+२ | १० रुपैयाँ

आमनिर्वाचन-२०८२

शान्तिपूर्ण तर न्यून मतदान



कुल मतदाता
१,८९,०३,६८९

खसेको मत
१,०९,७७,७११

३५ वर्षकै सबैभन्दा कम मतदान यसपालि



सबैभन्दा बढी र न्यून मतदान भएका जिल्ला

भक्तपुर : कुल निर्वाचन क्षेत्र २
मतदाता : **२,०५,४१०**
मतदान : **१,४६,७९४**
मतदान प्रतिशत : **७१.४६%**

अछाम : कुल निर्वाचन क्षेत्र २
मतदाता : **१,६५,३३७**
मतदान : **६४,७८०**
मतदान प्रतिशत : **३९.१८%**

सबैभन्दा बढी बागमतीमा र कम मतदान सुदूरपश्चिममा

कर्णाली
मतदाता : **१०,३७,२५०**
मतदान : **५,७७,२९२**
मतदान प्रतिशत : **५५.६%**
निर्वाचन क्षेत्र : **१२**

गण्डकी
मतदाता : **१८,७०,०६५**
मतदान : **१०,२७,०७३**
मतदान प्रतिशत : **५४.९%**
निर्वाचन क्षेत्र : **१८**

बागमती
मतदाता : **३६,८२,३१९**
मतदान : **२२,४३,५७४**
मतदान प्रतिशत : **६०.९%**
निर्वाचन क्षेत्र : **३३**



सुदूरपश्चिम
मतदाता : **१७,१६,६६०**
मतदान : **८,८२,४४०**
मतदान प्रतिशत : **५१.४%**
निर्वाचन क्षेत्र : **१६**

लुम्बिनी
मतदाता : **३३,८६,६८०**
मतदान : **२०,२८,८०६**
मतदान प्रतिशत : **५९.९%**
निर्वाचन क्षेत्र : **२६**

मधेश
मतदाता : **३६,३६,४१४**
मतदान : **२१,२३,१४१**
मतदान प्रतिशत : **५८.३%**
निर्वाचन क्षेत्र : **३२**

कोशी
मतदाता : **३५,७४,३१०**
मतदान : **२०,९५,३८५**
मतदान प्रतिशत : **५८.६%**
निर्वाचन क्षेत्र : **२८**

स्रोत : निर्वाचन आयोग

MAX TIGER
ENERGY DRINK
BIG CAN
+80 ML EXTRA
SEUXSUNGSUO
330
Max Tiger
ENERGY DRINK
SCAN HERE
I AM
असली
ENERGY!